# नेपालको सार्वजनिक प्रशासनका मामिलाहरु

## अङ्क ४

# CASES OF PUBLIC ADMINISTRATION OF NEPAL

## ISSUE 4

अनुसन्धान तथा परामर्श सेवा विभाग
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
२०७५

# नेपालको सार्वजनिक प्रशासनका मामिलाहरू

## अङ्क ४

अनुसन्धान तथा परामर्श सेवा विभाग

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

जावलाखेल, ललितपुर

२०७५

**सम्पादक**
नरायण गोपाल मलेगो
त्रिलोचन पोखेल
अनिल कुमार गुप्ता

**समीक्षक**
उत्तम आचार्य
शिवहरि अधिकार
गिताञ्जली उपाध्याय
कृष्ण सिग्देल
ज्ञान लक्ष्मी श्रेष्ठ
रामेश्वर भण्डारी
तारा प्रसाद खरेल
अनिता पौडेल
रोश्नी भुजेल

**भाषा सम्पादक**
उत्तम आचार्य

**प्रतिलिपि अधिकार**
अनुसन्धान तथा परामर्श सेवा विभाग, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

*info@nasc.org.np, rcsd@nasc.org.np*
*Available online http://www.nasc.org.np*
*© 2018 Nepal Administrative Staff College*
*ISSN 2467-9127 (print)*
*ISSN 2467-9135 (online)*

**प्रकाशन मिति**
आषाढ २०७५

*यो प्रकासनमा भएका लेखहरूमा व्यक्त गरिएका विचारहरू लेखकका व्यक्तिगत हुन्, तिनीहरूले प्रतिष्ठान वा लेखक आबद्ध संस्थाको प्रतिनिधित्व गर्दैनन् ।*

# मन्तब्य

३१ औं आधारभूत प्रशासनिक प्रशिक्षणको क्रममा नेपाल सरकारका नवनियुक्त प्रशिक्षार्थी शाखा अधिकृतहरुले लेख्नु भएको नेपालका सार्वजनिक प्रशासनका मामिलाहरु अङ्क ४ सार्वजनिक प्रशासन भित्रका विभिन्न पक्षहरुलाई समेटी तयार पारिएको मामिलाहरुको संगालो हो । यसमा प्रशिक्षार्थीहरुले नेपालको सार्वजनिक प्रशासनको वर्तमान अवस्थाको प्रतिनिधि घटनाहरुको मार्फत यथार्थ चित्रण गर्नुका साथै यसमा रहेका समस्या तथा समाधानका विकल्पहरु पनि प्रस्तुत गरेका छन् । सकेसम्म धेरै तथा स्तरीय कृतिहरुलाई स्थान दिने प्रयास गर्दा यो सङ्ग्रहमा १५ वटा मामिलाहरु समेटिएका छन् । यस सङ्ग्रहमा भएका लेखहरु सार्वजनिक प्रशासनमा रुची राख्ने पाठकहरुलाई नेपालको सार्वजनिक प्रशासनको यथाथलाई गहनतम रुपमा बुझ्नका निमित्त सहयोग प्रदान गर्नेछ भन्ने आशा गरिएको छ । आधारभूत प्रशासन प्रशिक्षणलाई गुणस्तरीय र यथार्थ परक बनाउन तथा प्रशिक्षार्थीलाई लगनशील रहन हौसला प्रदान गर्न यस प्रतिष्ठानले निरन्तर रुपमा मामिलाहरुको संगालो प्रकाशन गरिरेहेको छ ।

मामिलाहरु तयार गर्नु हुने ३१औं आधारभूत प्रशासनिक प्रशिक्षणका संपूर्ण प्रशिक्षार्थीहरुलाई धन्यवाद व्यक्त गर्दछौं । कृति छनौटमा भूमिका खेल्नु हुने समीक्षकहरु श्री शिवहरि अधिकारी, श्री गिताञ्जली उपाध्याय, श्री ज्ञान लक्ष्मी श्रेष्ठ, श्री कृष्ण सिग्देल, श्री रामेश्वर भण्डारी, श्री तारा प्रसाद खरेल र श्री अनिता पौडेल, श्री रोश्नी भुजेल तथा भाषा सम्पादन गर्नु हुने श्री उत्तम आचार्यलाई धन्यवाद दिन चाहन्छौं । यो प्रकाशनलाई आफ्ना अमूल्य सुझावहरु तथा उत्प्रेरणा प्रदान गर्नु हुने प्रतिष्ठानका कार्यकारी निर्देशक श्री पुण्यप्रसाद न्यौपाने, उपकार्यकारी निर्देशक खुमराज पुञ्जाली र निर्देशक श्री कमलनयन प्रधानलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

**सम्पादक**

# विषय सूचि


| | |
|---|---|
| दिप्रुङ गाउँपालिकाको कार्यालय स्थान चयनमा विवाद | १ |
| आगलागीमा ज्यान गुमाएका व्याक्तिको क्षतिपूर्ति माग गर्न गरिएको गैह्रकानूनी प्रयास | ३ |
| सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन संयुक्त वडा कार्यालय स्थापना | ६ |
| उपल्लो मुस्ताङमा मुखिया प्रथा | ९ |
| श्रीकृष्ण श्रेष्ठको मतदान अधिकार प्राप्तीको पहल | १२ |
| भक्त बहादुर पुन र लक्ष्मी घर्तीको अवैध हातहतियार | १५ |
| महिला हिंसा विरुद्ध सरिताको लडाई | १८ |
| सडक निर्माण गर्दा लघु जलविद्युतको कुलोमाभएको क्षतिबाट सृजित समस्या | २० |
| नेपाली नागरिकता र भारतीय नोकरी | २२ |
| बैंकिङ सुविधा अभावमा सामान खरिद, भुक्तानी तथा ढुवानीमा परेको समस्या | २५ |
| ग्वानी खानेपानी आयोजना मुहानको विवाद | २९ |
| सामाजिक सुरक्षा, संचालन र पुजिगत तर्फको रकम हिनामिनामा बेपत्ता भएका गाविस सचिव | ३३ |
| सरसफाई अभियानमा सुन्य सहभागिता | ३५ |
| राँस गाउँपालिकमा खुला दिशामूक्त क्षेत्रको सफलता | ३९ |
| अंशवण्डामा मालपोत कार्यालय, नापी कार्यालय र जिल्ला अदालतको सहकार्य | ४२ |

# दिप्रुङ गाउँपालिकाको कार्यालय स्थान चयनमा विवाद

**अशोक प्रसाद दाहाल**

## १. सन्दर्भ

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम कायम भएका गाउँपालिका, नगरपालिका र संविधान बमोजिमका जिल्लासभामा निर्वाचित जनप्रतिनिधि बहाल नभएसम्म तत् तत् स्थानीय तहबाट तत्काल सेवा प्रवाहलाई निरन्तरता दिनुपर्ने हुँदा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३ फागुन ९ गतेको निर्णय अनुसार स्थानीय तहको सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिका र नगरपालिकाको संख्या र सीमाना कायम भएको मितिदेखि लागू हुने गरी स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश, २०७३ को व्यवस्था गरिएको छ । उक्त आदेशमा नेपालको संविधान बमोजिम कायम भएका गाउँपालिका र नगरपालिकाको नाम वा केन्द्र परिवर्तन गर्नु परेमा सम्बन्धित गाउँपालिका वा नगरपालिकामा निर्वाचित जनप्रतिनिधि बहाल भएपछि ६ महिनाभित्र गाउँसभा वा नगरसभामा तत्काल कायम भएका सदस्य संख्याको सामान्य बहुमतको निर्णयबाट त्यस्तो नाम वा केन्द्र परिवर्तन गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने र त्यस्तो सिफारिश प्राप्त भएपछि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संशोधन गर्न सक्ने प्रावधान छ ।

दिप्रुङ गाउँपालिका साविकका सात गा.वि.स.हरु याम्खा, डाँडागाउँ, छोरम्बू, बतासे, स. छितापोखरी, छितापोखरी र टेम्मा गाभिएर बनेको खोटाङ जिल्लाको दक्षिणी भागमा अवस्थित गाउँपालिका हो । स्थानीय जनताको आकांक्षा बमोजिम सरल, सहज र प्रभावकारी ढंगले सेवा उपलब्ध गराउने सन्दर्भमा स्थापित स्थानीय तहको व्यवस्थापकीय, कार्यकारिणी र न्यायिक अधिकारहरु स्थानीय तहमा नै निहित रहन्छ । यस कुराको प्रत्याभूति जनताले स्थानीय तहको सीमाना, नाम तथा केन्द्र निर्धारणदेखि नै प्राप्त गर्नुपर्ने देखिन्छ । सकेसम्म आफ्नो नजिकको स्थानबाट सेवा प्राप्तिको चाहना सबैमा रहने भएकाले सर्वदलीय सहमति र स्थानीय तह निर्धारण आयोगबीचमा तालमेल नहुँदा विवादले विकराल समस्या निम्त्याउँछ ।

## २. समस्याको कथन

दिप्रुङ गाउँपालिकाको कार्यालय स. छितापोखरी गा.वि.स.को पञ्चमी बजारमा रहने गरी राजनैतिक दलको सहमतिमा स्थानीय क्षेत्र निर्धारण आयोगलाई प्रतिवेदन दिइएको थियो । तर राजपत्रमा उक्त गा.वि.स.को कार्यालयमा गाउँपालिकाको केन्द्र रहने उल्लेख भएपछि केन्द्रको विषयमा विवाद उत्पन्न भएको हो । स. छितापोखरी गा.वि.स.को भवन जीर्ण भई उक्त भवनबाट दैनिक कामकाज सञ्चालन गर्न नसकिने, भवन एकान्त स्थानमा रहेकाले सुरक्षा तथा व्यवस्थापनमा कठिनाई उत्पन्न हुने, सबै क्षेत्रका मानिसका लागि केन्द्रमा नरहेको जस्ता कारणहरु देखाई डाँडागाउँ गा.वि.स.को ओखेमा गाउँपालिकाको कार्यालय स्थापनाका लागि याम्खा, टेम्मा र डाँडागाउँबासीले माग गर्दै आएका छन् ।

गाउँपालिकाको कार्यालय ओखेमा तथा नाम चुइचुम्मा दिप्रुङ रहनुपर्ने माग डाँडागाउँ, याम्खा र टेम्मा बासीहरुको रहेको छ । यस विषयमा उनीहरुले उपप्रधानमन्त्री एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री कमल थापालाई ज्ञापनपत्र बुझाएका थिए । त्यसको उत्तरमा सर्वदलीय सहमति भएमा अस्थायी रुपमा कार्यकारी अधिकृतको सिफारिशमा कार्यालय स्थापना गर्न सकिने आशय व्यक्त गरेका थिए । कार्यालय एकदमै अपायक स्थानमा पर्ने तथा तत्कालै कार्यालय सारेर मात्रै काममा जान सकिने भएकाले सो सम्बन्धी विषयमा समन्वय समिति र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई पत्र लेख्न असन्तुष्ट समूहले मलाई ताकेता गर्दै आएका थिए । मैले कार्यालयको स्थान नहेरेको र आफूलाई केन्द्र परिवर्तन अधिकार नभएको कुरा बताएको थिएँ । अपनाईएको तरिका सफल हुन नसकेपछि असन्तुष्ट पक्ष जिल्ला समन्वय समितिमा डेलिगेसन सहित उपस्थित भएका थिए । स्थानीय विकास अधिकारीले प्रशासनिक क्षेत्रबाट केन्द्र परिवर्तनका लागि पहल गर्न नसक्ने तथा स्थानीय तह सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश, २०७३ ले उक्त अधिकार नदिएकाले सर्वदलीय सहमति मार्फत् अघि बढ्न सुझाव दिए ।

## ३. विश्लेषण

केन्द्रीय स्तरमा पहुँच भएका नेताहरुले आफू अनुकुल गाउँपालिका तथा नगरपालिकाको सिमाना र केन्द्र परिवर्तन गरेकाले स्थानीय जनताहरु असन्तुष्ट रहेको पाईयो । स्थानीय तह निर्धारण आयोगलाई दिएको प्रतिवेदन समेत परिवर्तन भएपछि केन्द्र अपायक पर्ने समूहले अहिले तोकिएको केन्द्र परिवर्तनका लागि पहल गर्नु स्वभाविक नै हो । स्थानीय तहको निर्वाचनपछि कायम भएको गाउँपालिकाको बहुमत सदस्यले गाउँपालिकाको केन्द्र परिवर्तन गर्न सक्ने प्रावधान रहेता पनि उनीहरु उक्त प्रकृयालाई सहज र परिणाममुखी हुन्छ भन्नेमा विश्वास गर्दैनन् । केन्द्रको विवादका कारण चुनावमा आफ्नो राजनैतिक दलको मतमा अन्तर पर्नसक्ने तथा भौगोलिक क्षेत्र र राजनैतिक आस्थावीच तालमेल गर्न अप्ठेरो पर्नेहुँदा उनीहरु केन्द्रको विवाद तत्काल टुंग्याउन चाहन्छन् ।

### ३.१ कारण

दिप्रुङ गाउँपालिका तथा यसको केन्द्र राजपत्रमा प्रकाशित भए पश्चात् सिर्जना भएका विभिन्न घटनाहरुलाईसमेत विश्लेषण गर्दा समस्या सिर्जना हुनाका कारणहरुलाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ :

- आफ्नो नजिक तथा पायक पर्ने स्थानमा कार्यालय स्थापनाका लागि सबैले पहल गर्नु,
- तत्कालका लागि एउटा मात्र कार्यालयको रुपमा गाउँ कार्यपालिकाको कार्यालय देखिनु,
- पञ्चायतकालमा दिप्रुङ र चुइचुम्मा दुई ओटा पञ्चायत रहेको र त्यसको असर पहिचानको रुपमा अहिले पनि देखिएको,
- राजनैतिक दल तथा आम जनमानसमा एक अर्काप्रति अविश्वास रहनु ।

### ३.२ असर

गाउँपालिकाको नाम तथा केन्द्र सम्बन्धी विवादले सिर्जना गरेका परिस्थितिहरुबाट निम्न असरहरु देखिन्छ :

- दुई भौगोलिक क्षेत्रबीच तिक्तता बढेको,
- सहमतिको राजनैतिक संस्कार कमजोर बन्दै गएको,
- स्थानीय तहमा स्थापना हुने अन्य कार्यालयहरुमा पनि विवाद बढ्न सक्ने देखिएको,
- विवाद र द्वन्द्वले गर्दा जनताको चेतनास्तरमा परिवर्तन हुन सक्ने जसबाट आगामी आयोजनामा विरोधका खातिर विरोध गर्ने परम्परामा न्यूनिकरण हुन सक्ने ।

## ४. समस्या समाधानका लागि पहल

गाउँपालिकाको केन्द्र तथा नाम सम्बन्धमा रहेको विवाद समाधानका लागि निम्न बमोजिम पहलहरु भएको देखिन्छ :

- जिल्ला समन्वय समितिले असन्तुष्ट पक्षको ज्ञापनपत्र बुझी उक्त विवाद समाधानका लागि सर्वदलीय छलफल गरेको ।
- गाउँकार्यपालिकाले तत्कालका लागि असहज भएपनि केन्द्र परिवर्तन नगरी कार्यसञ्चालन गर्न सकिने भएकाले यस विषयमा विवाद नगर्न र चुनावी परिणाम पछि आवश्यक कार्य गर्नका लागि सर्वपक्षीय छलफलमा आग्रह गरेको ।

## ५. निष्कर्ष

नेपालमा धेरै समयदेखि प्रतिक्षा गरिएको संघीयता अहिले कार्यान्वयनको चरणमा आएको छ । सिंहदरवारको अधिकार गाउँ-गाउँमा प्राप्त हुने आशा र विश्वासका साथ नागरिकहरु आफ्नो पायक पर्ने स्थानमा कार्यालय स्थापनाका लागि लागिपरेका छन् । यसै सन्दर्भमा कार्यालयको नाम तथा केन्द्र परिवर्तनका लागि आफूले सक्दो प्रयत्न गर्नु स्वाभविक मान्न सकिन्छ । दिप्रुङ गाउँपालिकाको नाम तथा केन्द्र परिवर्तनका लागि डाँडागाउँ, याम्खा तथा टेम्माबासीहरुले विभिन्न क्षेत्रबाट पहलकदमी गरे तापनि यो विषयको निर्णय गर्ने अधिकार जनप्रतिनिधिहरुलाई नै सुम्पिदिएका छन् । सुरुका केही समय असामान्य जस्तो देखिएको परिस्थिति अहिले सामान्य बनेको छ । गाउँकार्यपालिकाको कार्यालय साविककै स्थानमा रहेता पनि स्थानीय तहमा रहने अन्य कार्यालयहरु पनि आफ्नो पायक पर्ने स्थानमा राख्नका लागि पहलकदमीहरु हुने देखिन्छ ।

# आगलागीमा ज्यान गुमाएका व्याक्तिको क्षतिपूर्ति माग गर्न गरिएको गैह्रकानूनी प्रयास

**गणेश न्यौपाने**

## १. सन्दर्भ

साविक रोल्पा जिल्ला तालावाङ गाउँ विकास समिति वाडा नं १ भई हाल माडी गाउँपालिका वाडा नं ४ स्थाई बसोवास भएका जीत बहादुर घर्तीको नाति, रतिलाल घर्तीको छोरा वर्ष ३७ को डम्बर बहादुर घर्तीको मिति २०७३ साल फागुन २० गते साविक दाङ जिल्ला घोराई नगरपालिका वाडा नं १० स्वर्गद्धवारी टोल भई हाल दाङ जिल्ला घोराई उपमहानगरपालिका वडा नं १४ स्वर्गद्धवारी टोलमा पार्किङ गरिरहेको  ना ३ ख ९०२२ नं को बस भित्र भएको अवस्थामा सो बसमा अज्ञात समूहले गरेको आगलागीमा परी ज्यान गएको थियो ।

मिति २०७३ साल चैत ६ गते मृतकका बाबु श्री रतिलाल घर्ती माडी गाउँपालिका को ४ नं वडा कार्यालय आई निज मृतक व्यक्ति आफ्नो अविबाहित छोरो भएको र लामो समयदेखि हराईरहेको थियो । निजलाई खोज्नसमेत धेरै रकम खर्च भईसकेको र अन्त्यमा छोरोसमेत जिवित फेला पार्न नसकेकोले आफू अत्यन्तै चिन्तित बनेको जानकारी गराए । निजको मृत्युपस्चात् आफैँले लास बुझी दाहसंस्कार र काजकृयासमेत गरेको हुँदा बीमा कम्पनी, विभिन्न संघ संस्था तथा नेपाल सरकारको तर्फबाट पाउने क्षतिपूर्ति समेत मृतकको बाबु भएकोले आफ्नो नाममा राहत सहयोग प्राप्त हुने गरी आवश्यक कागजपत्र उपलब्ध गराईपाउँ भनी  कार्यालयमा आएका थिए । छोराको स्वास्थ्य अवस्था समेत ठीक नभएको तथा ३७ बर्षकै अल्पायुमा मृत्यु भएको कारण देखाउँदै कार्यालय परिसरमै रोइकराई समेत गरे । आफ्नो आर्थिक अवस्था समेत अत्यन्तै कमजोर रहेको र घरमा श्रीमति र आफू मात्र बस्ने हुँदा दैनिक गुजारा गर्न अत्यन्त कठिन परेको हुँदा मृतकको नाममा प्राप्त हुने सम्पूर्ण सहयोग तथा क्षतिपूर्ति आफ्नो नाममा आउने ब्यवस्था मिलाईदिन आग्रह गरेका थिए । घर्तीगाउँ बजार आसपासका अन्य दुईजना व्यात्तिहरुसमेत आएको र मृतकका बावुले भनेको सम्पूर्ण कुरा साँचो भएको तथा ३५ दिनभित्र सम्पूर्ण कागजपत्रसमेत पेश गर्नुपर्ने भएकोले तत्काल उपर्युक्त ब्यहोरा खुलाई आवश्यक कागजात बनाइदिन आग्रह गरेका थिए ।

## २. समस्याको कथन

माडी गाउँपालिका वडा नं ४ का सचिव श्री जयबहादुर घर्तीसमेत भर्खरै लामो समयसम्मको प्राविधिक सेवाबाट आउनभएको हँदा  कार्यालयबाटै प्रदान गर्न मिल्ने सिफरिस भएपनि प्रकृयागत अस्पस्टता भएको भनी सोही भवनमा रहेको गाउँपालिकामा आएर कार्यकारी अधिकृतलाई जानकारी गराएपछि कार्यकारी प्रमुख को नाताले म आफै उक्त समस्या बुझ्नतर्फ लागेँ । कार्यालयसमेत नयाँ भएको तथा सिफरिस बनाइमाग्न आउने व्यात्तिले पहिले आफू निरक्षर भएको जानकारी गरएको तर  सिफरिसको ब्यहोरा आफूले भनेजस्तै हुनुपर्ने भनी  दावी गरेको , कुनै पनि कागजपत्र साथमा नल्याएको , कार्यालय परिसरमै डाको छाडेर रोएको जस्ता ब्यबहारले के गर्ने भनी निर्णय गर्न कठिन भयो । साथमा आएका २ जना  स्थानीयबासीलेसमेत अनावश्यक दवाब दिएको कारण विनाकुनै प्रमाण सिफरिस दिएर पठाउन नसकिने ठहर गरियो ।

## ३. मामिलाको विश्लेषण

मृतक डम्बर बहादुर घर्ति मगर लामो समयदेखि रोजगारीको लागि भारतमा स–परिवार बस्दै आएका र घरको काममा खासै सहयोगसमेत नगर्ने कारण आमाबुवा, दाजुभाई सँगको पारिवारिक सम्बन्ध समेत राम्रो नभएको साथै हैकलीको डम्बर बहादुरसँगको दोस्रो विबाह भएका कारण धार्मिक, जातीय र साँस्कृतिक कारण देखाउँदै हालसम्म परिवारले निज हैकलीलाई बुहारी नस्वीकारेकोले पनि परिवारबाट पूरै वेवास्ता हुँदै आएको देखियो । रतीलाल घर्तीका छोराहरुमध्ये दुई छोरा बैदेशिक रोजगारीमा गएका र उनीहरुले नै आवश्यक खर्चसमेत पठाउने हुँदा रतीलाल र निजकी श्रीमती डम्बर बहादुरको परिवारलाई पूर्ण रुपमा वेवास्ता गरेको पाइयो । नेपालमा आएको अवस्थामा डम्बर बहादुर को मृत्यु

भएको हुँदा सम्पूर्ण खर्च समेत आफैले बेहोरेको हँदा मृतकले पाउने सम्पूर्ण सहयोग र क्षतिपूर्ति आफूले पाउनुपर्ने माग मृतकका बावुको रहेको कुरा जानकारी हुन आयो ।

अत्याधिक मादक पदार्थ सेवन गर्ने गरेको कारण रतिलालका साथीहरु तथा सहयोगीहरुले समेत वारम्वार एउटै विषयमा कार्यालयका कर्मचारीहरुलाई अनावश्यक दवाब दिने गरेको पाईयो । यातायातका साधनमा अज्ञात समूहले आगलागी गरेको र उक्त आगलागीमा परी बसभित्र सुतिरहेका डम्बर बहादुरको मृत्यु भएको हुँदा नेपाल सरकार , नारायणी बस ब्यवसायी संघ तथा इन्सुरेन्स कम्पनीले समेत निश्चित क्षतिपूर्ति रकम प्रदान गर्ने जानकारी पाएलगत्तै भारतबाट बुहारी आउनु अघिनै मृतकका बुवाले वडा कार्यालयमा आई मृतकको विवाह समेत नभएको र सबैभन्दा नजिकको आफन्त आफू भएकोले तत्काल नाता प्रमाणित गरी पाउने क्षतिपूर्ति र सहयोग रकम आफ्नो नाममा पार्ने प्रयास गरेका रहेछन् । मृतककी आमासमेत अनपढ भएकी हँदा उनलाईसमेत कुनै जानकारी नगराई बाबुले उक्त कार्य गरेका रहेछन् ।

गैह्रकानूनी कार्य भएको हुँदा विना कागजपत्र कार्यालय परिसरमा रोईकराई गरी साथमा आएका व्यात्तिले समेत त्यस्तो अवस्थामा एउटा कागज पुगेन भनेर नअड्काउन कर्मचारीलाई आग्रह गरे तापनि आवश्यक कागजपत्र नपुगेसम्म नदिने र कागजपत्र पुर्याए जसरी पनि ३५ दिनभित्र सिफरिस उपलब्ध गराउने प्रतिबद्धता गरेपछि उनीहरु केही आक्रोशित समेत भएका थिए । तर कार्यालका कर्मचारीहरुले आफ्नो अडान नछाडेपछि कार्यालय परिसरबाट बाहिरिएका थिए । कार्यालयमा कार्यकारी अधिकृत पनि नयाँ भएको हँदा स्थानीय समाजसेवी तथा राजनीतिक दलका प्रतिनिधिहरुलाई सम्पर्क गर्दा समेत उक्त घटनाको बारेमा स्पस्ट जानकारी नभएको वताएपछि तत्काललाई उक्त सिफरिस र अन्य कागजपत्र समेत नदिने निर्णय गरियो ।

### ४. समस्या समाधानको लागि लिएको अग्रसरता

विना कुनै प्रमाण मौखिक रुपमा मात्र जानकारी गराएको र ३५ दिने बाध्यता देखाएर कुनै गलत मनसायले कार्य गर्न खोजेको आशंका गरी केही प्रकृयागत जटिलता देखाएर अर्को दिन सिफरिश तथा निवेदन प्रदान गर्ने भन्दा सेवाग्राहीले असहमति जनाएपछि साथमा आएमा दुई व्यक्तिलाई तपाईहरुको नागरिकताको प्रतिलिपि लिएर आउनसहोस् र साक्षी बस्नुहोस भन्दा निजहरु समेत आफ्नो नागरिकता लिवाङमा रहेको बहाना पारी नागरिकताको प्रतिलिपि दिन राजी नभएपछि निज मृतकका पितालाई विनाप्रमाण सिफरिस बनाउन नसकिने र अर्को दिन आउँदा घटनास्थल लासजाँच मुचुल्का र पोर्स्टमार्टम रिपोर्टको प्रतिलिपि तथा मृतकको बावु बाहेक अरु कोही नजिकको नातेदार छैन भनी सम्बन्धित वडाका कम्तिमा ५ जना नेपाली नागरिकता बाहक व्यात्तिलाई समेत कार्यालयमा उपस्थित गराई निज मृतकले पाउने सम्पूर्ण राहत सहयोग तथा क्षतिपूर्ति निजको वुवालाई प्रदान गर्नु उपयुक्त हुन्छ भनी साक्षी राखेर सिफारिस बनाइदिने शर्तमा घर पठाइयो । त्यसको ६ दिन पछि सम्म कोही पनि कार्यालयमा उपस्थित नभएको र मिति २०७३ साल चैत्र १० गते हैकली घर्ति स्वयम् कार्यालयमा अवश्यक कागजात लिई मृतक डम्बर बहादुर घर्तिकी श्रीमती आफू भएको र डम्बर बहादुर र उनका तीन छोरा वर्ष १६ का विशाल घर्तिमगर , वर्ष १४ का विक्की घर्तिमगर तथा कान्छा छोरा वर्ष ६ का करण धर्तिमगर रहेको तथा आफू लामो समयदेखि भारतमा बस्ने गरेको र अत्याधिक मादक पदार्थ सेवन गर्ने हुँदा सासु ससुरासँग समेत राम्रो सम्बन्ध नभएको ले ससुराले आफूले पाउनुपर्ने क्षतिपूर्ति समेत लिन खोजेको गुनासोसहित कार्यालयमा आएपछि निजलाई समेत आवश्यक कागजात (घटनास्थल लास जाँच मुचुल्का, पोर्स्टमार्टम रिपोर्ट तथा हैकली ले पतिको नामबाट बनाएको नागरिकता) र सर्जिमिन गरिदिने व्यक्तिहरु समेत ल्याउन पठाईयो ।

मिति २०७३ साल चैत्र ११ गते मृतकका वाबु रतिलाल धर्तीमगर, श्रीमती हैकली धर्ती मगर र साक्षी सर्जिमिन गर्न ५ जना नेपाली नागरिकता बाहक सम्बन्धित वडाका व्यक्तिसमेत आएको तथा रतिलाल घर्तिले आफूले मादक पदार्थ सेवन गरेको र बुहारी सँगको सम्बन्ध पनि राम्रो नरहेकोले बुहारीले पाउने क्षतिपूर्ति आफूले लिन खोजेको स्वीकार गरे । तत्पश्चात् माडी गाउँपालिकाको वा नं ४ का वाडा सचिव जयबहादुर घर्तिले जिल्ला प्रहरी कार्यालय घोराई दाङले दिएको घटनास्थल लास जाँच मुचुल्का र राप्ती उपक्षेत्रीय अस्पतालको पोर्स्टमार्टम रिपोर्टको आधारमा सर्जमिन मुचुल्का तयार गरी निम्न ब्यहोरा खुलाई साक्षी सर्जमिन गराइयो ।

जित बहादुर घर्तिको नाति, रतिलाल घर्तिको छोरा साविकको तालावाङ गाउँ विकास समिति वाडा नं १ र हालको माडी गाउँपालिका वाडा नं ४ बस्ने डम्बर बहादुर घर्तीको ३७ वर्षको उमेरमा मिति २०७३

साल फागुन २० मा साविक दाङ जिल्ला घोराई नगरपालिका वाडा नं १० स्वर्गद्वारी टोलमा भई हाल दाङ जिल्ला धोराई उपमहानगरपालिका वाडा नं १४ स्वर्गद्वारी टोलमा पार्किङ गरिरहेको बस भित्र भएको अवस्थामा सो बसमा आगोलागी भई जलेर मृत्यु भएको हो । निज मृतक र निजकी पत्नी हैकली धर्तीका तीन छोराहरु रहेको हुँदा निज हैकली घर्तीले निजका मृतक पति डम्बर बहादुर धर्तिको नाममा पाउने राहत सहयोय सम्बन्धित निकाय /संस्था बाट उपलबध गराई पाउनको लागि निजलाई आवश्यक परेका कागजातहरु यहा कार्यालय बाट उपलब्ध गराएमा हामीहरुले जानेबुझेसम्म पछिसम्म पनि कुनै फरक पर्दैन भनी यो सर्जिमिन मुचुल्का लेखी-लेखाई पढी, बाँची, सुनी हाम्रो चित्त बुझी कोही कसैको करकापले नभई आ-आफ्नो मनोमानी राजीखुसी साथ सही छाप गरी माडी गाउँपालिकाको कार्यालय मार्फत् नेपाल सरकारमा चढायौ । माथिको ब्यहोराको सर्जिमिन मुचुल्का तयार गर्नुका साथै पाँच जनालाई सही छाप गराई नाता प्रमाणितको प्रतिलिपि तथा राहात सहयोग को लागि आवश्यक कागजात पठाएको जानकारीसमेत गराई पठाइयो ।

## ५. निष्कर्ष

आफ्नो पतिको मृत्युपस्चात् शोकमा रहेकी हैकली घर्तिमगरलाई आफ्ना ससुराको अकल्पनीय ब्यबहारले अत्यन्तै दुखित बनाएको भनी कार्यालय परिसरमै रुँदा उक्त समयमा आफूले निजका ससुरालाई मृतकको नजिकको मान्छे उसको बाबुमात्र भएकोले ले पाउने सहयोग तथा क्षतिपूर्ति बुवाकै नाममा गरीदिनुहोला भनेर सिफरिस नदिएकोमा सही काम गरेको महशुस भयो । यसका साथै, प्रशासकले भावनामा डुबेर नभई कानूनको पालना गरी आवश्यक प्रकृया अवलम्बन गरेरमात्र काम गर्नुपर्ने शिक्षा हासिल भयो । यसरी कार्य गर्दा प्रकृयामुखी भएता पनि कार्यसम्पादनमा प्रभावकारिता, एकरुपता र स्पस्टता आउने शिक्षा प्राप्त भयो।

# सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन संयुक्त वडा कार्यालय स्थापना

**गीतादेवी ढकाल लामिछाने**

## १. पृष्ठभूमि

आजको विश्वमा सरकारको लोकपिय्रता सेवा प्रवाहको आधारमा मापन गर्न सकिन्छ । सार्वजनिक सेवा प्रवाहको सार विभेद रहित तवरले सार्वजनिक वस्तु वा सुविधा सेवाग्राहीहरुको घरघरमा पुऱ्याई सर्वत्र सरकारको उपस्थिति बोध गराउनु हो । यसलाई सुलभ, सुरक्षित, भरपर्दो, नियमित र नागरिकमैत्री बनाउन सकेको खण्डमा राज्यको आधारभूत जिम्मेवारी पूरा हनु सक्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ को भावना अनुसार सार्वजनिक सेवा सेवाग्राहीको नजिक रहेर र जनताको घरदैलोमा गएर प्रदान गर्नपर्छ भन्ने हो । सार्वजनिक सेवालाई सरल, सहज, भरपर्दो र मितव्ययी बनाउनका लागि नै स्थानीय शासन, सरकारको अवधारणा आएको मानिन्छ । यसै अनुरुप नेपालको संविधान, २०७२ ले गाउँपालिका र नगरपालिकाको काम, कर्तव्य, तथा अधिकारलाई अझ प्रष्ट गर्दै स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीमा गरिएका व्यवस्थालाई थप मजबुत पार्ने प्रयास गरेको छ । सार्वजनिक सेवा प्रवाहलाई चुस्त, छिटो, छरितो तथा सहज बनाउका लागि एकद्वार प्रणालीद्वारा सेवा प्रवाह, घुम्ती टोलीद्वारा सेवा प्रवाह, अनलाइन सेवा जस्ता पद्दतिहरु अपनाइएको छ । यति हुँदाहुँदै पनि सार्वजनिक सेवा प्रक्रियामूखी तथा झन्झटिलो नै छ भन्ने जनगुनासो व्याप्त छ । गाउँ विकास समितिको कार्यालय तथा नगरपालिका कार्यालयले सम्पादन गर्ने सेवाहरु व्यक्तिगत घटना दर्ता(जन्म, मृत्यु, बसाईसराई, सम्बन्ध विच्छेद दर्ता), नागरिकता सिफारिस, जग्गा धनी नामसरीका लागि गरिने सर्जमिन मुचुल्का र जग्गा धनी नामसारि सिफारिस घरबाटो प्रमाणितका लागि गरिने सिफारिस जस्ता सेवाहरुलाई सामान्य प्रकृतिका सेवा तथा निरन्तर र धेरै सम्पादन गरिने सेवाका रुपमा लिइन्छ ।

## २. समस्याको कथन

हेटौंडा उपमहानगरपालिका कार्यालयले सम्पादन गर्ने सेवा सुविधाका प्रकारमध्ये नागरिकता प्रमाणपत्रका लागि सिफारिस, नाता प्रमाणित, नाबालिग परिचयपत्रका लागि सिफारिस, अविवाहिता प्रमाणित, जग्गा नामसारि सिफारिस, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, बसाईसराई तथा सम्बन्ध विच्छेद दर्ता), साँध सीमाना प्रमाणित जस्ता सेवाहरु निरन्तर प्रवाह गरिरहने सेवाहरु हुन् । जनताका लागि आवश्यक नियमित र विभिन्न प्रयोजनका लागि आधार राख्ने यस्ता सेवाहरु सहज सरल र मितव्ययी हुनुपर्छ भन्ने नीति नेपाल सरकारको रहेको छ । नेपाल सरकारको मिति २०७१।८।१८ गतेको निर्णय अनुसार साविक पदमपोखरी, चुरीयामाई, हटिया, हर्नामणी र वसामगढीगरी ५ वटा गाउँ विकास समिति हेटौंडा उपमहानगरपालिकामा गाभिएपछि उल्लेखित सेवाहरु लिनका लागि सेवाग्राहीहरु हेटौंडा उपमहानगरपालीकाको कार्यालयमा आउनुपर्ने भयो । साविक गा.वि.स. को कार्यालयाबाट प्रदान हुने सेवाहरुका लागि नगरपालिका कार्यालयमा आउनुपर्ने भएकाले जनताले जति समय तथा लागतमा उक्त सेवा प्राप्त गर्न सक्थे त्यो अवश्य हुन सकेन । फलस्वरुप जनताको चाहना तथा आवश्यकता महशुस गरी नगरपरिषद्को निर्णय अनुसार साविक पदमपोखरी गा.वि.स. हाल हेटौंडा उपमहानगरपालिका वार्ड नं. १२, १३, १४ साविक चुरीयामाइ गा.वि.स. हाल हेटौंडा उपमहानगरपालिका वार्ड नं. १५, १६, १७ साविक हटिया गा.वि.स. हाल हेटौंडा उपमहानगरपालीका वार्ड नं. १८, १९, २०, २१ साविक हर्नामणी गा.वि.स. हाल हेटौंडा उपमहानगरपालीका वार्ड नं. २२, २३, २४, २५ साविक बसाममडी २६, २७, २८, २९ संयुक्त वडा कार्यालयको स्थापना गरिएको छ । उक्त वडाहरुमा संयुक्त वडा कार्यालय स्थापना गर्नु पर्ने आवश्यकता, समस्या तथा चुनौति समावेश गरि यस मामिला अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## ३. मामिला विश्लेषण

नेपाल सरकारको २०७१।८।१८ को निर्णय अनुशार चुरीया, पदमपोखरी, हटिया, हर्नामाडी र बसाममडी गा.वि.स.हरु गाभिई २०७१।८।२२ बाट उपमहानगरपालिकाको हैसियतमा कार्यहरु थालनी हुनगयो । सार्वजनिक सेवा प्रवाहलाई सहज, सरल एवं छिटो छरितो बनाउनका लागि सेवा प्रकृयालाई जनताको नजिक पुर्‍याई सेवा प्रदान गर्नुपर्ने हुन्छ । नजिकको गाउँ विकास समितिको कार्यालयबाट प्रदान गरिने सेवा लिनका लागि नगरपालिकाको कार्यालय जानुपर्ने हुँदा समय तथा लागत अवश्य बढी लाग्छ ।

आफ्नो गाउँ, क्षेत्र गा.वि.स क्षेत्रभित्र रहनु भन्दा नगरपालिकामा रहदा राज्यबाट प्रदान हुने सेवामा बढोत्तरी र सहज हुन्छ भन्ने आमजनताको अपेक्षा हुन्छ र जनताको त्यस्तो अपेक्षा स्वभाविक पनि हो। किनकी त्यस्तो अवस्थामा जनताले राज्यलाई अनिवार्य बुझाउनुपर्ने करको दायरामा पनि बढोत्तरी भएको हुन्छ। पहिले नै घोषणा गरिएका नगरपालिकामा न्यूनतम सेवा सुविधा पुर्‍याउन नसकिएको अवस्थामा नयाँ घोषणा गरिएका नगरपालिका र नगरपालिकामा गाभिएका क्षेत्रमा आधारभूत सेवा सुविधा साधन-स्रोतको अभावमा पुर्‍याउन नसकिएको अवस्थालाई नकार्न सकिदैन। तर त्यसो भन्दैमा जनतले सहज रुपमा प्राप्त गरिरहेका सेवा सुविधालाई बढि समय र लागत लाग्नुहुन्न भन्ने मान्यता तथा जनताको चाहना अनुरुप साविक पदमपोखरी गा.वि.स. हाल हेटौंडा उपमहानगरपालीका वार्ड नं. १२, १३, १४ साविक चुरीयामाइ गा.वि.स. हाल हेटौंडा उपमहानगरपालीका वार्ड नं. १५, १६, १७ साविक हटिया गा.वि.स. हाल हेटौंडा उपमहानगरपालीका वार्ड नं. १८, १९, २०, २१ साविक हर्नामणी गा.वि.स. हाल हेटौंडा उपमहानगरपालीका वार्ड नं. २२, २३, २४, २५ साविक बासममडी २६, २७, २८, २९ गरी पाँच वटा संयुक्त वडा कार्यालय स्थापना गर्ने निर्णय भएको हो। सयुक्त वडा कार्यालयले सम्पादन गर्ने सार्वजनिक सेवा यसप्रकार रहेका छन्:

- व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्य(जन्म दर्ता, मृत्यु दर्ता, बसाइसराई दर्ता तथा सम्बन्ध विच्छेद दर्ता)
- नागरिकता प्रमाण पत्र सिफारिस
- नाता प्रमाणित गर्नका लागि नगरपालिका कार्यालयमा सिफारिस
- जग्गाको नामसारी सिफारिसका लागि का लागि आवश्यक सर्जमिन गर्ने र सिफारिस गर्ने
- जग्गाको साँध सिमाना प्रमाणित गर्ने
- विद्युत तथा धारा जडानका लागि सिफारिस गर्ने
- व्यवसाय दर्ता तथा इजाजतका लागि सिफारिस गर्ने
- सामाजिक सुरक्षा भत्ताका लागि अभिलेख अद्यावधिक गर्न सूचना नगरपालिकामा पठाउने,
- अन्य(आवश्यकता अनुसार वार्ड सर्जमिन, नाबालिग परिचयपत्रका लागि सिफारिस, अविवाहिता प्रमाणित गर्ने आदि।

उल्लेखित सेवाहरु संयुक्त वडा कार्यालयले सम्पादन गरिदा सेवाग्राहीलाई सहज र मितव्ययी तवरले सेवा प्रदान हुने देखिन्छ। संयुक्त वडा कार्यालय स्थापना गर्ने निर्णय गरिदा साविक गा.वि.स को कार्यालय भएकै ठाउँमा गरिदा त्यसले कुनै विवाद सिर्जना गरेन।

### ३.१ समस्याका कारण/संयुक्त वडा कार्यालय स्थापनाको आवश्यकता

साविक पदमपोखरी, चुरीयामाई, हटिया, हर्नामणी र बसाममडी गा.वि.स. नगरपालिका क्षेत्रभित्र समावेश हुनुभन्दा अगाडि हेटौंडा उपमहानगरपालिकाको कूल क्षेत्रफल ४७.५ वर्ग किलोमिटर रहेको थियो। उक्त क्षेत्रहरु नगरपालिकामा समावेश गरिएपछि उक्त उपमहानगरपालिका २६१.५९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। भौगोलिक हिसाबले हेटौंडा उपमहानगरपालिकाको पूर्वमा रहेको हटिया र हर्नामडी पश्चिमतर्फ पदमपोखरी र बसाममडी दक्षिणतर्फ चुरियामाई रहेको उक्त क्षेत्रमा निम्न कारणहरुले गर्दा संयुक्त वडा कार्यालय स्थापना गर्नुपर्ने आवश्यकता देखिएको हो:

- २६१.५९ वर्ग कि.मि. क्षेत्रफलमा फैलावट भएको नगर क्षेत्र केन्द्रसम्मको पहुँच टाढा( नगरपालिका आइपुग्न ३ देखि ५ घण्टा पैदल हिड्नुपर्ने क्षेत्र समेत) भएकाले,
- ग्रामिण सडकहरुमा यातायात साधनको असुविधा भएकाले सेवाग्राहीले बढि समय खर्चनु पर्ने बाध्यता,
- सेवाग्राहीको यातायात खर्च अत्यधिक धेरै हुने गरेको,
- विभिन्न प्रकृतिका वडा सर्जमिनमा पनि सम्बन्धित वडा सचिवको उत्प्रेरणा हुन नसक्ने, कर्मचारी वडा काजमा जाँदा अन्य सेवाग्राहीहरुलाई सेवा प्रदान गर्न समस्या
- सम्बन्धित वडाका जनता तथा राजनीतिक दलहरुको चाहना।

### ३.२ परिणाम

नगरपालिकाले प्रदान गर्ने कतिपय सेवा सम्बन्धमा सेवाग्राहीहरुको वास्तविक अवस्था तथा त्यहाको वस्तुस्थिती बुझ्नुपर्ने हुन्छ। जस्तै : नाता प्रमाणित, नागरिकता सिफारिस, जग्गाको साध सिमाना प्रमाणित, जग्गा नामसरी सिफारिस जस्ता सेवाहरु प्रायः सर्जमिनका आधारमा प्रदान हुने गर्दछन।

यसका लागि यस्ता वडा कार्यालयको भूमिका महत्वपूर्ण हुनेछ । साथै यस्ता कार्यालयको स्थापनाबाट अपेक्षित उपलब्धीलाइ यसप्रकार उल्लेख गर्न सकिन्छ :

- सेवाग्राहीले आफ्नो नजिकको वडा कार्यालयबाट विभिन्न सेवाहरु पाउनेछन,
- वडा कार्यालयबाट प्रदान हुन नसक्ने सेवा बारेमा पनि जानकारी हासिल हुनाले नगरपालिका कार्यालयबाट प्रवाह हुने सेवा सहज र सरल बन्नेछ,
- सर्जमिन गर्नुपर्ने विषय शिर्षकमा कर्मचारीबाट हुनसक्ने आर्थिक अनियमितताको अन्त्य गर्नमा यि कार्यालयको भूमिका महत्वपूर्ण रहनेछ,
- नगरपालिकामा कार्यबोझ कम भई सेवा सहज र सरल हुन जानेछ,
- ज्येष्ठ नागरिक, अपाङ्ग, तथा एकल व्यक्तिलाई सेवा प्राप्त गर्न सहज हुनेछ ।

### ३.३ समस्या

- कार्यालय स्थापना हुदैछ भन्ने प्रभावकारी संचार हुन नसक्दा सुरुका केही दिनसम्म सेवाग्राहीहरु सिधै नगरपालिका कार्यालय आउनुले सेवा प्रवाह गर्ने विषयमा अन्योलता देखिएको थियो,
- भौतिक संरचना (भवन, कम्प्युटर, खानेपानी आदि) को राम्रो प्रवन्ध नहुनुले सेवा प्रवाहमा समस्या
- सबै अभिलेख :बललगर्बाथि राख्नुपर्ने हुँदा अभिलेख व्यवस्थापनमा समस्या
- सेवाग्राहीलाई एक झ्याल पद्दतिबाट सेवा प्रवाह हुन नसक्ने
- एउटै प्रकृतिको सेवा (जस्तैः नाता प्रमाणित) लिनका लागि संयुक्त वडा कार्यालय र नगरपालिका कार्यालय पुग्नु पर्ने भएकाले जनगुनासो एकै दिन हुने कामलाई दुई दिन लाग्ने गर्दा जनगुनासो बढ्न सक्ने ।

## ४. समस्या समाधानका लागि गरिएका पहल

साविक पदमपोखरी, चुरीयामाई, हटिया, हर्नामणी र बासामाडी गा.वि.स. नगरपालिकामा समावेश भएपछि त्यस क्षेत्रका जनतालाई स्थानीय निकायबाट प्रदान गरिने सार्वजनिक सेवा प्राप्त गर्नमा बढि समय र लागत लाग्ने भयो । यस अवस्थालाई मध्यनजर राख्दै उक्त गा.वि.स मा संयुक्त वडा कार्यालय स्थापनार्थ भौतिक संरचना (भवन) साविक गा.वि.स. भवन तथा संरचना प्रयोग गर्ने तथा कर्मचारी व्यवस्थापनका लागि नयाँ दरवन्दी सृजना गरि वडा सचिवको खुल्ला परीक्षा प्रतियोगिता मार्फत् नियुक्ति गरियो । करिब १५ दिन नयाँ वडा सचिवले नगरपालिकामा नै आधारभूत तालिम लिएपछि पदमपोखरी, चुरीयामाई, हटिया, हर्नामणी र बासाममडीमा सेवा संचालन हुनेगरी संयुक्त वडा कार्यालय स्थापना गरियो । नयाँ वडा सचिवद्वारा सेवा प्रदान गर्ने काममा अप्ठ्यारो स्थिति सृजना नहोस् भनेर स्थानीय अगुवा, राजनीतिक दलका नेताहरु, सामाजिक परिचालकहरु तथा कार्यालयका सहयोगी र स्थानीय जनताहरुको सहकार्यलाई जोड दिइएको छ । प्रभावकारी संचारको अभावमा कार्यालय स्थापना भैसकेको सेवाग्राहीलाई जानकारी नहुँदा सिधै नगरपालिका आउने सेवाग्राहीलाई पनि केही दिनसम्म सेवा प्रदान गरिएको थियो । व्यवस्थित कार्यालयका लागि आवश्यक भौतिक संरचनाको व्यवस्था गर्दै कार्यालयबाट सम्पादन गरिने सेवालाई प्रभावकारी बनाउनका लागि कम्प्युटराइज्ड प्रणालीको विकास गर्ने प्रयास भइरहेको छ ।

## ५. निष्कर्ष

सार्वजनिक सेवा प्रवाहमा स्थानीय निकायको भूमिका अग्रणी स्थानमा रहन्छ । जनताको नजिक रहेर राज्यको उपस्थिति बोध गराउने कार्य यस्ता निकायहरुको रहन्छ । स्थानीय स्तरमा प्रवाह हुने वस्तु तथा सेवालाई सहज र सरल तरिकाले कम लागत तथा समयमा एकै थलोबाट एकिकृत तवरले उपलब्ध गराउन, सेवा प्रवाहमा भौगोलिक विकटताले पारेको असरलाई न्यून पार्न, नगरपालिका अन्तर्गतका ग्रामीण क्षेत्रमा सेवा प्रदायक तथा सेवाग्राही जनताबीचको दूरीलाई कम गर्ने उद्देश्यले हेटौंडा उपमहानगरपालिकाले लिएको संयुक्त वडा कार्यालय सम्बन्धी निर्णयलाई महत्वपूर्ण निर्णयको रुपमा लिन सकिन्छ । एकीकृत सेवा प्रवाह प्रणालीको स्थापना गरी संयुक्त वडा कार्यालयबाट प्रदान गरिने सेवा प्रभावकारी हुन सकेमा हेटौंडा उपमहानगरपालिकाले लिएको स्वच्छ, समृद्ध,सृजनशील औद्योगिक नगर हेटौंडा भन्ने मुल नाराको भावना पूरा गर्नका लागि टेवा पुग्नेछ ।

# उपल्लो मुस्ताङमा मुखिया प्रथा

**जनक रेग्मी**

## १. पृष्ठभूमि

१७ औं शताव्दीमा पृथ्वीनारायण शाहले नेपाल एकिकरण थालनी गरेसँगै विभिन्न राज्य रजौटामा छरिएर रहेका राज्यहरु विशाल नेपालमा एकिकरण भएका थिए । वाइसे चौविसे राज्यहरुसँगै नेपालको सीमाना पूर्वमा टिस्टादेखि पश्चिममा कागडासम्म नेपालको झण्डा फरफराएको इतिहास हाम्रा सामु छ । नेपाल एकिकरणकै क्रममा पश्चिममा वझाङ जाजरकोट सँगै हिमालपारीको राज्य मुस्ताङमा पनि त्यहाँका राजाले नेपालमै गाभिने निर्णय गरेपछि राजौटाहरु पछिसम्म राजाको रुपमै थिए । नेपालमा गणतन्त्रको वहाली नहुँदासम्म यी राज्यहरुमा राजाहरु आफ्नो क्षेत्रमा प्रभावशाली मानिन्थे भनिन्छ राजाहरुको लागि तत्कालिन श्री ५ को सरकारले उच्च पदस्थ कर्मचारी को व्यवस्था गर्ने गर्दथ्यो । जनआन्दोलन पश्चात् गणतन्त्र आएपछि पनि यहाँ राजाहरुको प्रभुत्व कायमै थियो र मुस्ताङी राजा जिग्मे परवल विष्टको नाम प्रख्यात नै थियो । यिनै राजाहरु को प्रभुत्व  कायम भएदेखि नै उपल्लो मुस्ताङमा मुखिया प्रथा प्रचलनमा थियो। उपल्लो मुस्ताङका करिव एक दर्जन भन्दा वढी गाउहरुमा मुखियाले गाउको न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका को सम्पूर्ण अधिकार प्रयोग गर्ने गरेका छन् । नेपालको संविधानले नेपाल राज्यको पुनसंरचना गर्ने परिकल्पना अनुसार नेपालको राज्य व्यवस्थालाई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजित गरिएको छ। सोही अनुरुप स्थानीय तह पुनसंरचना आयोग गठन गरी सो आयोगको प्रतिवेदनलाई आधार मानी २०७३ फाल्गुन २७ गते नेपालमा ७४४ स्थानीय तह रहने गरी संख्या र सिमाना तोकी राजपत्रमा प्रकाशन गरियो । संविधानमै तीनै तहका अधिकारको बारेमा उल्लेख गरिएता पनि  नेपालको ७४४ स्थानीय तहहरु मध्ये उपल्लो मुस्ताङ्मा पर्ने दालोमे र लोमन्थााङ गाउँपालिकामा राज्यका सबै निकाय भन्दा मुखिया शक्तिशाली रहेको पाइन्छ । गाउँका जनताले मुखियालाई सर्वोपरी माान्ने गर्दछन भने मुखियाले पनि जनताको पीरमर्कालाई बुझेको पाइन्छ । मुखियाहरु आर्थिक रुपमा सवल सक्षम हुने हुनाले गाउमा पर्ने आर्थिक समस्या गाउँ गाउँ बीचका झगडालाई मिलाउने कार्य गर्दछन । उपल्लो मुस्ताङमा रहेका लोमन्थाङ र दालोमे गाउँपालिकाका गाउँहरुमा रहेको मुखिया प्रथाका सकरात्मक तथा नकरात्मक पाटाहरु रहेका छन जसलाई यसमा चिरफार गर्ने प्रयास गरेको छु ।

## २. समस्या कथन

मुस्ताङ जिल्लाको उपल्लो भेगमा विभिन्न कारणहरुबाट राज्यको उपस्थिति कमजोर रहनुको साथै जनचेतनाको कमिका  कारणले गर्दा राज्यले गर्ने करिब करिब सबै काम मुखियाले गर्ने अवस्था रहेको छ । दालोमो गाउापालिकाको केन्द्र चराङ, वाड नं २ घमी, वाड नं ३ घिलिङ, यारा घारा, सुर्खाङ लगायतका गाउँहरुमा मुखिया प्रथा हालसम्म कायमै छ । पूर्व मुस्ताङी राजा जिग्मे परवल विष्टका नातेदार तथा अन्य सभ्रान्त वर्गहरुमध्येवाट यहाँ मुखिया चुनिने प्रचलन रहेको छ । छनोट प्रकृयामा प्रजातन्त्रिक प्रक्रिया अवलम्बन गरिने भएता पनी निर्वाचन नहुने र हालसम्म सबै मुखियाहरु निर्विरोध भएको हालका चराङगाउँका  गाउँमुखिया ले बताउनुभयो । मुखिया प्रथा आफैमा नराम्रोचाहि पक्कै होइन किनकी यसवाट यहाँका गाउहरुमा प्रजातान्त्रिक अभ्यास कायमै छ तथापि राज्यको वदलिदो परिवेश र राज्य पुनसंरचना सँगै स्थापना हुने गाउपालिका र यस मातहतका कार्यालयबाट आधिकारीक सम्पादन हुने कार्यमा मुखिया प्रथा चुनौतीको रुपमा रहेको देखिन्छ । नवनिर्वाचित पदाधिकारी आइसकेपछि मुखिया प्रथा विस्तारै ओझलमा पर्ने भएतापनि वर्तमान समयसम्मको अभ्यासमा राज्यको उपस्थिति शुन्य नै रहेको छ ।

## ३. मामिला विश्लेषण

मुखिया प्रथा आफैमा समस्या त होइन तर देशको वदलिदो परिस्थितिमा मुखिया प्रथा राज्यको समानान्तर निकायको रुपामा विकास भएकोमा यसवाट राज्यको उपस्थितिमा नै प्रश्न चिन्ह खडा भएको हो । मुखिया प्रथा हामीलाई सुन्दा अचम्म लागेतापनि तँहाका आम जनता यो व्यवस्थाको बारेमा वकालत गर्छन । मुस्ताङ जिल्ला अदालतमा हाल जम्मा १३ मुद्दा रहेका छन जसमा अधिकाँश सम्वन्ध विच्छेदका मुद्दा रहेको जिल्ला अदालतका श्रेस्तेदार श्री सरोजराज रेग्मीले बताउनुभयो । यस बारेमा

कुरा गर्दा वँहाले भन्नुभयो अधिकाशं मुद्दाहरु गाउँ मुखियाको रोहवरमा मिल्ने हुँदा अदालतमा खासै मुद्दा पर्दैनन् । त्यस्तै इलाका प्रहरी कार्यालय लोमन्थाङका असइ श्री खिमानन्द गौतमका अनुसार वहाँ आएको १५ महिना सम्म प्रहरीमा कुनै उजुरी परेको छैन ।

२०७३ साल चैत्र २९ गते प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, सशस्त्र प्रहरी वलका डि. एस. पी., जनपथ प्रहरीका इनिस्पेक्टर, लोमन्थाङ गाउँपालिकाका कार्यकारी अधिकृत र म सम्मिलित टोली छोसेरको भ्फोङ गुफा अवलोकनका लागि गएका थियौ । साविक गा.वि.स., जि.वि.स. कसैले पनि ठेक्का नलगाएको उक्त गुफा प्रवेश गर्नका लागि शुल्क उठाउने व्यवस्था देखेर हामी छक्क परियो । कुरा बुझ्दा उक्त गुफा मुखियाले वार्षिक रु १५ लाखमा ठेक्का लगाएको बुझियो । जिल्लाका उच्चपदस्थ कर्मचारी अवलोकनमा जादा शुल्क उठाउने व्यक्तिले शुल्क नलिइ गुफामा प्रवेश दिएनन । शुल्क तिरेर गुफा प्रवेश गर्दा अवैधानिक संस्थाको कानून विपरित कामलाई कानूनी मान्यता दिएको अर्थ लाग्ने हुँदा हामीले शुल्क तिर्न अस्विकार गर्यौ । तत्पश्चात गाउँमुखिया सँगको टेलिफोन सम्पर्क पश्चात मात्रै हामीलाई उक्त गुफामा प्रवेश दिइयो । उक्त गुफाबाट आएको राजश्व गाउँमुखियाले व्यक्तिगत काममा खर्च गर्ने नभई गाउँकोषमा जम्मा गरी त्यहाँको विद्यालय, गुम्वा र युवा समुहलाई समानान्तर रुपमा वितरण गर्ने स्थानीय वासि छेवाङ गुरुङले बताउनुभयो । यस्ता उदाहरण उपल्लो मुस्ताङमा धेरै रहेको छन । गुम्वाको आम्दानी होस वा सरकारी स्थानमा रोपिएको स्याउवारीको आम्दानी राज्यकोषमा नआई गाउँकोषमा जाने गरेको छ । यसबाट राज्यको उपस्थीति शुन्य जस्तो भएको देखिन्छ ।

### ३.१ कारणहरु

मुखिया प्रथा हालसम्म कायम हुनका कारणहरु निम्न छन ।

- स्थानीय जनताको चेतनाको कमी,
- राज्यको वलियो संस्थाको उपस्थिति नहुनु,
- राज्यसंयन्त्रका जिल्लास्थित कार्यालयको पहलले समस्या समााधान नहुनु,
- विगत दुई दशकदेखि स्थानीय निकायको निर्वाचन नहुनु,
- गैरसरकारी संस्थाका चेतनामूलक कामपनि प्रभावकारी नहुनु,
- मुखिया प्रथा स्थानीयको सदियौंदेखिको प्रचलन हो जुन उपल्लो मुस्ताङका जनताको मन मस्तिष्कमा रहेको छ जसलाई परिर्वतन गर्न कठिन छ ।

### ३.२ असरहरु

हालसम्म पनि मुखिया प्रथा कायम रहँदा त्यसवाट पर्न गएका असरहरु निम्न छन ।

- राज्यको उपस्थीति शुन्यतातर्फ ओरालो लागेको।
- राज्यको समानान्तर निकायको रुपमा रहेकोले सरकारी कार्यालयहरु ओझेलमा ।
- सरकारको संयन्त्रले संकलन गर्ने राजस्वमा स्थानीय गाँउमुखियाको प्रभुत्व कायम रहेको ।
- लामो समयदेखि जनप्रतिनिधि विहिन रहेको स्थानिय तहको विकास बजेटको सदुपयोग हुन सकेको छैन ।
- गाउमा प्रजातान्त्रिक अभ्यास नहुनु ।
- स्थानीय स्रोत साधनमा मुखियाको प्रभुत्व कायम रहनु ।
- स्थानीय कार्यपालिका, न्यायपालिका र कार्यपालिकाको रुपमा मुखिया प्रथा रहनु ।

## ४. समस्या समाधानका लागि गरिएका प्रयासहरु

मानिस सामाजिक प्राणी हो र उ समूहमा वा समाजमा वसोवास गर्दा नेतृत्वविहिन हुन चाहान्न र सक्दैन पनि यसैको प्रतिविम्व हो उपल्लो मुस्ताङको मुखिया प्रथा जसले त्यहाँ सदियौदेखि आफ्नो कार्यसम्पादन गर्दै आएको छ । यो प्रथामा केही नकारात्मक पाटाहरु भएतापनि विगत दुई दशकदेखि जनप्रतिनिधि विहिन रहेको स्थानीय तहमा अन्य स्थानमा केहि राजनीतिक दलका प्रतिनिधिको भरमा स्थानीय विकास कार्यहरु सम्पादन गरिने गरेको थियो भने यहाँ मुखियाले ती कार्यहरु सम्पादन गरेको थिए । वर्तमान समयमा देशको परिस्थीति वदलिएको छ उपल्लो मुस्ताङमा दुई गाउपालिकाको स्थापना भएको छ र जनप्रतिनिधिहरुपनि आइसकेको अवस्थामा मुखिया प्रथा परम्परागत रुपमा रहे तापनि कानुनी रुपमा मान्यता गाँउकार्यपालिका मै रहन्छ । अवका दिनमा स्थानीय तहका १५ अधिकारहरुको सूची संविधानमै लिपिवद्ध भएकाले राजस्व संकलन देखि न्यायसम्पादन गाउँपालिकाले गर्ने गर्दछ ।

मुखिया प्रथाका सकरात्मक कार्यलाई कायमै राख्दै नकरात्मक कार्यलाई परिर्वतन गर्नु जनप्रतिनिधि र कार्यकारी अधिकृतको रुपमा आफ्नो म आफैको जिम्मेवरी हुन आएको छ । यसैक्रममा मुखिया प्रथालाई कानूनी मान्यता छैन र अवका दिनमा गाउकार्यपालिका नै यहाँका जनताको आधिकारीक संस्था हो भनि जानकारी गराउनुका साथै देहायवमोजिका कार्यहरु गरेको थिए ।

- मुखिया प्रथाका नकरात्मक पाटाहरुको वारेमा जानकारी लिई त्यसलाई परिर्वतन गर्न मुखियाहरु सँग छलफल गरियो ।
- गाँउपालिका गठन भएपश्चात् यसअर्न्तगत भएका राजस्व तथा स्थानीय स्रोतहरु गाँउपालिकामा आउने जानकारी गराइयो ।
- नवनिर्वाचित अध्यक्षलाई मुखिया प्रथाको कानूनी मान्यताका वारेमा छलफल गरी मुखिया प्रथाका नकरात्मक पक्षलाई हटाउने प्रतिवद्धता कायम गरियो ।
- साँस्कृतिक रुपमा मुखिया प्रथा कायम रहे तापनि सरकारको समानान्तर निकाय नहुने जानकारी गाँउमुखियालाई भनि त्यसमा सहमत गराइयो ।
- नवनिर्वाचित गाउपालिकामा अधिकांश मुखिया निर्वाचित भइसकेकोले यो समस्या लाई समाधान गर्न सरल हुने भएको छ ।

## ४. निष्कर्ष

समाजका विभिन्न समस्याहरुको समाधान तथा विकास कार्यहरु सम्पादन गर्ना र समाजको उन्नती प्रगती गर्नको लागि सामाजिक नेतृत्वको आवश्यकता पर्दछ जसको लागि उपल्लो मुस्ताङमा मुखिया प्रथा कायम थियो । नेतृत्व कुनैपनि समाजको विकास र प्रगतिको लागि आवश्यक पनि छ तर त्यो नेतृत्व राज्य वा सरकारको कानुनी मान्यता प्राप्त र स्थानीय जनतावाट प्रजातान्त्रिका प्रक्रियाबाट चुनिनु पर्दछ । उपल्लो मुस्ताङमा कायम रहेको मुखिया प्रथाका आफैमा समम्या नभएतापनि यसका केही कार्यपद्धति कानुनी मान्यता प्राप्त थिएनन । वर्तमान समयमा स्थानीय जनप्रतिनिधी आइसकेको अवस्थामा मुखिया प्रथा विस्तारै परम्परागत संस्थाको रुपमा रहेतापनि साविकमा जस्तो कार्यकारीणी न्यायपालिकीय अधिकारबाट टाढा रहने छ र सम्पूर्ण अधिकारहरु जननिर्वाचित गाउपालिका आउने छन । स्थानीय तह संचालन सम्वन्धी कानून आइनसकेको वर्तमान अवस्थामा गाउपालिकाको काम कारवाहीमा केही अन्योलता रहेपनि आवश्यक ऐन कानुन आएपश्चात सम्पूर्ण अधिकार गाउपालिका मा जाने निश्चित छ ।

# श्रीकृष्ण श्रेष्ठको मतदान अधिकार प्राप्तीको पहल

**नरेश पुडासैनी**

**१. सन्दर्भ**

२०७४/१/२४ गते पञ्चकन्या गाउँपालिका वडा नं ३ मा स्थायी घर भएका श्रीकृष्ण श्रेष्ठ यसै गाउँपालिकामा रहेको निर्वाचन अधिकृतको कार्यालय लाकुरीभञ्ज्याङ आएर स्थानीय तह निर्वाचन २०७४ को मतदाता नामावलीमा आफ्नो नाम हेरिदिन अनुरोध गरे । तत्कालै निर्वाचन अधिकृतको कार्यालयमा खटिएका सहायक स्तरका कर्मचारी सुजन श्रेष्ठले पञ्चकन्या गाउँपालिका वडा नं ३ को फोटोसहितको मतदाता नामावली पल्टाएर हेर्दा उहाँको नाम मतदाता नामावलीमा फेला परेन । त्यसपछि श्रीकृष्ण श्रेष्ठले आफूले दोस्रो संविधानसभा निर्वाचन २०७० मा मतदान गरेको प्रमाणस्वरुप फोटोसहितको मतदाता परिचय पत्र देखाए । अन्य वडाको मतदाता नामावलीमा नाम परेको छ कि भनेर खोज्दा समेत उनको नाम नभेटिएपछि उनले आफूमाथि अन्याय भएको भन्दै आफ्नो मतदान गर्ने अधिकार स्थाति गराउन पहल गरीदिन पञ्चकन्या गाउँपालिकाका निर्वाचन अधिकृत दुर्गाप्रसाद चालिसे सामु अनुरोध गरे । तत्काल मतदाता नामावलीमा नाम नभएको व्यक्तिलाई पुरानो मतदाता परिचयपत्रको आधारमा मात्र मतदानमा सरिक गराउने कुनै कानुनी प्रावधान नभएको तर यस सम्बन्धी कुनै थप परिपत्र निर्वाचन आयोगबाट जारी भएमा मतदानमा सरिक गराउन सकिने कुरा निर्वाचन अधिकृतबाट जानकारी गराइयो ।

**२. समस्या पहिचानः**

माथि उल्लिखित घटनामा मुख्य समस्या भनेको विगतको निर्वाचनमा मतदाता परिचयपत्र पाई मतदान गरिसकेको व्यक्तिको स्थानीय तह निर्वाचन २०७४ को मतदाता नामावलीमा नाम छुट्नु हो । सचेत नागरिकको हैसियतमा श्रीकृष्ण श्रेष्ठले उठाएको माग आफैंमा नाजायज पनि होइन तथापि पर्याप्त कानुनी आधार विना निर्वाचन अधिकृतको कार्यालयले मात्र यस विषयमा निर्णय गरी उनलाई मतदानमा सहभागी गराउन सक्ने अवस्था भने देखिदैन । नाम छुटको कानुनी उपचार नभएको पनि होइन । निर्वाचन आयोगले वेबसाइटमा मतदाता नामावली राखी नाम छुटेका व्यक्तिहरुलाई निवेदन दिन आव्हान समेत गरेकै हो तर निर्वाचनको प्रक्रिया अघि बढी सकेकाले अव उक्त अवसरसमेत श्रीकृष्ण श्रेष्ठसँग नभएकाले मतदानबाट बञ्चित हुने अवस्था देखापरेको छ । कसरी उहाँको नाम छुट्न पुग्यो भन्ने विषयमा गम्भिर देखिए तापनि अब यो समस्या समाधान गर्न सकिन्छ वा सकिन्न भन्ने विषयमा निर्वाचन अधिकृतको कार्यालयले चाल्न सक्ने कदम के कस्ता रहने भन्ने जस्ता समस्याहरु देखा परे ।

३. **मामिला विश्लेषण**

राज्य पुनसंरचना गर्ने क्रममा संघीय स्वरुपमा राज्य रुपान्तरित हुँदै जाँदा साविकका स्थानीय निकायहरु संयोजन हुँदै नयाँ स्वरुपका स्थानीय तहमा परिणत हुदा निर्वाचन आयोगले स्थानीय तह निर्वाचनको लागि नयाँ स्वरुपको मतदाता नामावली अद्यावधिक गर्ने क्रममा यो समस्या देखापरेको हुनसक्ने देखिन्छ । अर्कोतर्फ दोहोरो नाम टिपाईएको व्यक्ति भएमा एक स्थानमा मात्र नाम समावेश गर्ने क्रममा यस स्थानमा श्रीकृष्ण श्रेष्ठको नाम छुट हुन पुगेको पनि हुन सक्छ । तर उहाँसँग सोधपुछ गर्दा उहाँले आफ्नो नाम साविकको पञ्चकन्या गाविसमा मात्र टिपाएको भन्ने जानकारी दिएपछि उनको नाम अन्यत्र समेत नभई छुट्न पुगको निष्कर्षमा निर्वाचन अधिकृतको कार्यालय पुग्यो । उहाँ पटकपटक निर्वाचन अधिकृत सँग सम्पर्कमा रही निर्वाचन आयोगसँग समन्वय गरी आफ्नो मतदान गर्ने अधिकार हनन हुनबाट रोकिदिन आग्रह गर्दै रहे । बेलैमा मतदाता नामावली नहेर्नु आफ्नो कमजोरी रहेको स्वीकार्दै आफ्नो सानो भुलको कारण नागरिक हक हनन नहोस् भन्ने  अनुरोध गर्दै रहे । निर्वाचन अधिकृतले नागरिक हक रक्षाको लागि आफ्नो कार्यालयले सक्दो प्रयास गर्ने आश्वासन दिई उहाँलाई निर्वाचन आयोगको निर्णय पर्खन अनुरोध गऱ्यो ।

**३.१ समस्याको कारण**

माथि उल्लिखित घटनामा मुख्य समस्या भनेको एउटा नागरिक आफ्नो मतदान गर्ने अधिकारबाट बञ्चित हुने अवस्था सिर्जना हुन हो । २०७० मा सम्पन्न दोस्रो संविधान सभाको निर्वाचनमा मतदाता

परिचयपत्र पाएका व्यक्तिको नाम २०७४ मा हुन गईरहेको स्थानीय तहको निर्वाचनमा छुट हुनु पुग्नु सफ्टवेयरमा गल्ती हुन सक्छ भने अर्कोतर्फ नाम छ वा छैन भनेर नाम चेक गरेर बेलैमा सच्याउन निवेदन नदिनु अर्को कारण हुन सक्छ । कारण जे सुकै भएपनि अबको समस्या भनेको कानुनी रुपमा नाम समावेश गराउन निवेदन दिने समय समेत सकिएको तर नागरिकहरुले आफ्नो मताधिकार खोसिनु नहुने भन्ने माग राखिरहेको अवस्था हो । आफ्नो हकहितको लागि बेलैमा नागरिक सचेत नरहनु, हतारमा पुरानो मतदाता नामावली अद्यावधिक गरिनु, देशका सबै भागमा इन्टरनेटको पहुँच नहुनु जस्ता कारणहरुले यस्तो समस्या आइपरेको अनुभूति गराउँछ । ढिलै भएपनि एउटा सचेत नागरिकले आफ्नो अधिकार प्राप्त गर्न खोज्नु सही माग भएतापनि तत्काल कानुनी रुपमा सो अधिकार स्थापित गराउन सक्ने प्रावधानको अभावमा माथिको समस्या देखा परेको हो ।

### ३.२ परिणाम

यसरी माथिको समस्यालाई केलाउँदा यो घटना श्रीकृष्ण श्रेष्ठसँग मात्र सम्बन्धित रहेको जस्तो देखिएतापनि यस पञ्चकन्या गाउँपालिकाका वडा नं १ देखि ५ सम्म क्रमशः ९ जना, ११ जना, ७ जना, ८ जना, २३ जना गरी जम्मा ५८ जना व्यक्तिहरुसँग दोस्रो संविधानसभा निर्वाचन २०७० मा मतदान गरेको परिचयपत्र रहेको तर स्थानीय तह निर्वाचन २०७४ को मतदाता नामावलीमा नाम समावेश नभएको जानकारी मतदाता परिचयपत्र वितरणको क्रममा अवगत भयो । हतारमा मतदाता नामावली अद्यावधिक गर्दा समयमै नागरिक सचेत हुन नसक्दा तथा मतदाता नामावलीको हार्ड कपी समयमै टोलटोलमा पुऱ्याउन नसक्न नसक्दा नागरिकले आफ्नो मतदान गर्ने अधिकार गुमाउने अवस्था देखा पर्न पुग्यो । तथापि निर्वाचन अधिकृतको कार्यालयमा यस विषयमा गम्भिर हुँदै निर्वाचन आयोगसम्म यो समस्याको जानकारी पुऱ्याउन सफल भयो । तर निर्वाचन आयोगले मतदाता नामावलीमा नाम समावेश भएका तर मतदाता परिचयपत्र नभएका व्यक्तिहरुलाई अन्य कागजातका आधारमा मतदान गर्न दिने तर मतदाता परिचयपत्र हुँदैमा मतदानमा सरिक गराउन नसकिने परिपत्र जारी गरे पश्चात्त श्रीकृष्ण श्रेष्ठसहित यस पञ्चकन्या गाउँपालिकाका ५८ जना व्यक्तिहरु स्थानीय तहको निर्वाचनमा मतदान गर्नबाट बञ्चित हुने निश्चित भयो ।

### ३.३ समस्या समाधानको लागि पहल

एउटा नागरिक स्थानीय तह निर्वाचनमा मतदानबाट बञ्चित हुन पुगेको कुरा पञ्चकन्या गाउँपालिकाका निर्वाचन अधिकृत दुर्गा चालिसेबाट जिल्ला निर्वाचन अधिकारी हुँदै प्रमुख निर्वाचन आयुक्तसम्म पुग्यो । यस कमजोरीलाई निर्वाचन आयोगले समेत गंभिरतापूर्वक हेऱ्यो तर पटकपटक मतदाता नामावलीमा आफ्नो नाम भएनभएको वेवसाइट हेर्नु र नाम छुट भएमा निवेदन मार्फत् नाम समावेश गराउन अनुरोध गरिएको हुँदा तत्कालको निर्वाचनको लागि उहाँहरुले मतदान गर्न नपाउने निर्णय निर्वाचन आयोगबाट आयो । तत्कालै श्रीकृष्ण श्रेष्ठलाई आयोगको निर्णयको बारेमा जानकारी गराइयो र निजले आफ्नो समेत कमजोरी रहेको स्वीकार गर्दै अब आफूसहित अन्य नागरिकहरुलाई समेत यस विषयमा सचेत रहन अनुरोध गर्ने जानकारी गराउनु भयो । उक्त भूमिकालाई स्वीकार गर्दै निर्वाचन अधिकृतको कार्यालयलाई सहयोग गर्नुभयो । त्यसपछि यस गाउँपालिकाको वडा नं ३ स्थित देवकीधरम मतदान केन्द्रका मतदान अधिकृतमार्फत् श्रेष्ठलाई स्वयंसेवकको परिचयपत्र प्रदान गरियो ।

यस्ता समस्याहरु भविष्यमा दोहोरिन नदिन निर्वाचन आयोगले समयमै मतदाता नामावलीको हार्डकपी टोलटोलमा पुऱ्याउनुपर्ने, अभिमुखिकरण कार्यक्रम राख्नका लागि निर्वाचन आयोगलाई आग्रह गर्ने निर्वाचन अधिकृतले जानकारी गराउनुभयो । विभिन्न कारणवश आफ्नो मताधिकारबाट बञ्चित हुन पुगेका नागरिकहरुको अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हो । यसका लागि राज्यले हदैसम्मको पाइला चाल्नुपर्ने आवश्यकता देखियो । अन्यायमा परेका नागरिकलाई निर्वाचन अधिकृतको पहलमा कानूनलाई नाघेर माथि जान नसक्ने बाध्यताका कारण यस्ता गल्ती नदोहोरिन प्रयास गर्ने प्रतिबद्धता पछि समस्याको समधान भएको थियो ।

### ४. निष्कर्ष

१९ वर्षपछि हुँदै गरेको स्थानीय निर्वाचनमा राज्यकोतर्फबाट भएको हतारमा नामावली प्रकाशन, इन्टरनेटमा नामावली हालेपछि सबैको पहुँचमा पुग्छ भन्ने अनुमानका कारण माथिका घटना हुन गएको भन्न सकिन्छ । निर्वाचनमा मताधिकार प्रयोग गर्न नपाए पनि स्वयंसेवकको रुपमा खटिन श्रीकृष्ण श्रेष्ठको महानता हो भन्न सकिन्छ । यो वा त्यो बहानामा नागरिकले आफ्नो मताधिकार प्रयोग

गर्न नपाउन घोर अन्याय हो । तथापी राज्य र नागरिकका तर्फबाट गल्ती कमजोरी सच्याउँदै अगाडि बढ्नुको कुनै विकल्प छैन ।

# भक्त बहादुर पुन र लक्ष्मी घर्तीको अवैध हातहतियार

**प्रलव कायस्थ**

## १. सन्दर्भ

सार्वजनिक शान्ति सुरक्षाका लागि जिल्लाभित्र अवैध हातहतियारको नियन्त्रण तथा लाइसेन्स प्राप्त हतियारको नियमन गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीको रहन्छ । आवश्यक देखिएको खण्डमा प्रमुख जिल्ला अधिकारीले कारण सहितको पर्चा खडा गरी आफ्नो अधिकार क्षेत्र भित्रको लाइसेन्स रद्द वा स्थगित गर्न सक्नेछ । अवैध रुपमा हातहतियार राख्ने र प्रयोग गर्ने काम कानुनी रुपमा दण्डनीय छ । हातहतियार तथा खरखजाना ऐन, २०१९ ले यस्ता प्रकृतिका कार्यलाई कानुनी रुपमा व्यवस्थित गरेको छ । अझैपनि देशमा विभिन्न प्रकारका हातहतियार अवैध रुपमा राखी वन्यजन्तु चोरी निकासी र व्यापारिक प्रयोजनका लागि उपयोग हुँदै आएको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय सल्यानले पनि केही समय अगाडि देखि नै यस्ता अवैध हातहतियार जिल्ला प्रहरी कार्यालय वा सम्बन्धित प्रशासन कार्यालयमा बुझाउन सूचना एवम् निर्देशन गरिसकेको पृष्ठभूमि पाइन्छ । यसै क्रममा जिल्ला प्रहरी कार्यालय अन्तर्गतको लुहाम इलाका प्रहरी कार्यालयको गस्ती टोलीले मिति २०७३/११/०८ गते गोप्य सूचनाका आधारमा सल्यान जिल्ला लक्ष्मीपुर गा.वि.स. वडा नं ८ मा खानतलासी गर्दा तहाँ निवासी भक्त बहादुर पुन र लक्ष्मी घर्तीको घरबाट थान १ भरुवा बन्दूक प्राप्त भएको सन्दर्भ देखिन्छ । इलाका प्रहरी कार्यालय, लुहामले जिल्ला प्रहरी कार्यालय खलंगा हुँदै जिल्ला सरकारी वकिल कार्यालय, सल्यान मार्फत जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराई मुद्दाको थप कानुनी प्रक्रिया अगाडि बढाएको सन्दर्भ देखिन्छ ।

## २. समस्या कथन

अभियुक्त भक्त बहादुर पुन र लक्ष्मी घर्तीको घरबाट प्रहरी गस्ती टोलीले खानतलासीका क्रममा भरुवा बन्दुक प्राप्त भएकोले कानुनबमोजिम कारबाही गर्नुपर्ने देखिएको छ । अभियुक्तको बयान एवम् उसको आर्थिक स्थिति र उक्त हतियार र शिकार सम्बन्धमा जोडिएका लुप्त कुराहरुको समेत ध्यान दिई उसको शारीरिक अस्वस्थता तथा अन्य कठिनाइलाई समेत मध्यनजर राखी कानुनबमोजिम न्यायिक मनले मुद्दा फैसला गर्नुपर्ने अवस्था रहेको छ ।

## ३. मामिला विश्लेषण

उक्त मुद्दाका अभियुक्त भक्त बहादुर पुन र लक्ष्मी घर्ती निम्न वर्गीय परिवारका पेशाले कृषक हुन् । मिति २०७३/११/०८ गते सल्यान जिल्ला लक्ष्मीपुर गा.वि.स. वडा नं ८ बस्ने भक्त बहादुर पुन र लक्ष्मी घर्तीको घरमा गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय, लुहाम सल्यानको गस्ती टोलीले खान तलासी गर्दा अवैध हतियार भरुवा बन्दुक थान १ फेला परेको पाइन्छ । सोही दिन प्रहरी नायब निरीक्षक लक्ष्मण डाँगीको जाहेरीले नेपाल सरकार वादी रहेको मुद्दा सरकारी वकिल कार्यालय मार्फत जिल्ला प्रशासन कार्यालय सल्यानमा प्रस्तुत भएको देखिन्छ । उनले आफ्नो प्रहरी बयानका क्रममा मिति २०७३/१२/०८ गते प्रहरी टोलीले बरामद गरी लगेको भरुवा बन्दुक आफ्नो बाबुबाजेको पालादेखि नै रहेको र कसले ल्याएको थाहा नभएको, बाबु बाजेको मृत्यु भैसकेकोले आफूसँग लाइसेन्स पनि नभएको, लाइसेन्स विना घरमा राख्नु हुँदैन भन्ने कुरा समेत थाहा नभएको तर बाबुबाजेको पालादेखि रही आएकोले आफूसँगै रहेको कुरा व्यक्त गरेको देखिन्छ । यसैगरी जिल्ला प्रशासन कार्यालयमा इजलासका क्रममा प्रत्यक्ष उपस्थितिमा भने अभियुक्तले उक्त बन्दुक माओवादी कार्यकर्ताहरुले जनयुद्धका क्रममा आफ्नो घरमा बसेको बेला छाडेर गएको र आफ्नो नभएको कुरा व्यक्त गरेको देखिन्छ । प्रस्तुत उजुरीलाई फैसला समक्ष पुऱ्याउन प्रहरी जाहेरी प्रतिवेदन, खानतलासी बरामदी मुचुल्का, घटना मुचुल्का विवरण, सरकारी वकिल कार्यालय मार्फत पेश गरिएको अभियोग पत्र, अभियुक्तको प्रहरी बयान र इजलास समक्ष दिएको बयान एवम् अन्य अनुसन्धान एवम् कागज प्रमाणका आधारमा निज अभियुक्तलाई जिल्ला प्रशासन कार्यालय सल्यानका प्रमुख जिल्ला अधिकारीको इजलासले हातहतियार तथा खरखजाना ऐन, २०१९ बमोजिम रु.६१,००० जरिवाना गराई उक्त बन्दुक

जफत गरी जरिवाना रकम नबुझाए सो बमोजिम पर्ने गरी कैद दण्ड गर्ने गरी मिति २०७३/१२/१५ गते फैसला भएको देखिन्छ ।

**३.१ कारण**

- नेपाल सरकार गृह मन्त्रालयले समय समयमा जारी गरेको सूचना तथा परिपत्रका आधारमा अवैध हतियार बुझाउन दिएको समयभित्र हतियार नबुझाउनेकोमा गोप्य सूचनाका आधारमा खानतलासी गर्नु परेको,
- अवैध हातहतियारले समाजमा द्वन्द्व र हिंसा फैलन सक्ने तथा जंगली जनावरको अवैध तस्करी र चोरी निकासी हुनसक्ने भएकाले समाजमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न त्यस्ता हतियार खानतलासी गरी बरामद गर्नु परेको,
- माओवादी जनयुद्धका क्रममा गाउँघरमा अझैपनि बेवारिसे र लुकाइराखेको अवस्थाका हात हतियार कानुनबमोजिम बरामद गर्नु परेको,
- प्रहरी संगठन भित्र अपराध र अपराधीलाई पक्राउ गरेपछि प्रोत्साहन, वृत्ति विकास र पुरस्कार पाइने भएकाले ।

**३.२ प्रभाव**

- नेपाल सरकार गृह मन्त्रालयले अवैध हात हतियार स्वेच्छिक रुपमा बुझाउन जारी गरेको सूचना, निर्देशन तथा त्यस्ता हात हतियारको खाजी गर्न जारी गरेको परिपत्र तथा अन्य कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा यस मुद्दाको प्रभाव सकारात्मक देखिएको,
- अवैध हात हतियारले समाजमा हुनसक्ने द्वन्द्व, अशान्ति, भय, हिंसाको वातावरणमा कमी ल्याई सामाजिक चेतना अभिवृद्धि गर्ने सवालमा यसको प्रभाव सकारात्मक रहेको,
- अभियुक्त स्वयम् नै अवैध शिकारमा समय समयमा संलग्न रहेको निजले नै स्वीकार गरेको पृष्ठभूमिमा त्यस्ता प्रकृतिका घटना दोहोरिन नदिन तथा न्यूनीकरणमा पनि उल्लेख्य प्रभाव परेको,
- जिल्ला प्रहरी कार्यालयले गरेको समय समयको रिपोर्टिङ्का आधारमा जिल्लामा अवैध हात हतियारका कारण हुने गरेको अपराधमा उल्लेख्य कमी आएको तथा सम्भावित अवैध हतियारको खानतलासी भैरहेको जानकारीले यसको प्रभाव सकारात्मक अवस्था रहेको,
- अभियुक्तले पाएको सजाय, जरिवानाले अन्य यस्ता कार्यमा संलग्नलाई पनि हतोत्साहन मिली जिल्लामा अवैध हतियारका कारण हुने गतिविधि यस घटनापछि न्यून भएको छ ।

**४. समस्या समाधानका लागि गरिएका पहल**

सल्यान जिल्ला अन्तर्गत पहिलो महिनामा कार्यालय आबद्धताका क्रममा यस जिल्ला प्रशासन कार्यालयमा रही काम गर्दा यस्ता प्रकृतिका मुद्दाहरुमा के कसरी फैसला हुँदा रहेछन् तथा कानुनमा त्यस्ता प्रकृतिका मुद्दामा हुने सजाय सम्बन्धी व्यवस्था के रहेछ सोको अध्ययन तथा सम्बन्धित शाखाका नायब सुब्बा लोक बहादुर के. सी. समक्ष सोधपुछ गरी उक्त मुद्दाको सुरुवातदेखि फैसलासम्मका प्रक्रियाहरुका बारेमा जानकारी हासिल गर्ने कार्य भयो । त्यसैगरी सो मुद्दाको फाइल अध्ययन गरी सम्पूर्ण प्रतिवेदन, कागज प्रमाणका आधारमा फैसला कसरी गरिँदो रहेछ सोको अध्ययन गर्ने कार्य समेत गरियो । उक्त मुद्दा फैसला गर्नुहुने प्रमुख जिल्ला अधिकारी श्री भरत कुमार बुढाथोकी समक्ष मामिला अध्ययनका क्रममा जानकारी लिने क्रममा ऐन कानून, प्राकृतिक न्याय, न्यायिक मनको प्रयोग गरी मुद्दाको फैसला गरिएको हो भन्ने कुरा प्राप्त भएको र जसका कारण अभियुक्तलाई प्रमाणका आधारमा न्यूनतम सजाय फैसला गरिएको हो भन्ने जानकारी प्राप्त भएको थियो । त्यस क्रममा मैले मुद्दासँग सम्बन्धित प्रहरी, सरकारी वकिल कार्यालयसँगसमेत जानकारी लिने क्रममा मुद्दाको फैसला कानुन बमोजिम तथा प्राप्त क्षेत्राधिकारभित्र रही गरिएको कुरा प्राप्त भएको थियो ।

यस मुद्दाका अभियुक्त भक्त बहादुर पुन र लक्ष्मी घर्तीको घरै गई उनीसँग समेत मुद्दाको फैसलाका सम्बन्धमा तथा हिरासतका समयमा कुनै हिंसाजन्य कार्य भएको थियो कि थिएन भन्ने सम्बन्धमा गरिएको प्रश्नमा निजले आफूलाई हिरासतका समयमा कुनै त्यस्तो घटना नभएको साथै आफूले जानी नजानी गरेको कुकर्मका कारण आफूलाई भएको सजायमा आफ्नो कुनै गुनासो नरहेको तथा आफूले जरिवाना समेत बुझाई कानुनलाई सहयोग गरेको बताई यसै मुद्दालाई लिएर पुनरावेदन नगर्ने बताएका थिए । मैले निजसँग कानुनको बारेमा थाहा नभएकै आधारमा कानूनले माफी नदिने भएको कुरा जानकारी गराउँदै निजसँग मैले कानूनलाई सहयोग गरेको कार्यप्रति धन्यवाद दिँदै गाउँघरमा त्यस्ता

अवैध हतियार रहेको जानकारी भए प्रहरीलाई जानकारी गराउने तथा सम्बन्धित व्यक्तिलाई बुझाउनका लागि पहल गर्नुपर्छ भन्ने कुरा व्यक्त गरियो ।

## ५. निष्कर्ष

प्रस्तुत मामला अध्ययनका क्रममा भक्त बहादुर पुन र लक्ष्मी घर्तीसँग सम्बन्धित यस हतियार सम्बन्धी मुद्दा केही दिन भित्रमा फैसला भएको देखिन्छ । प्रहरीको अनुसन्धान, जिल्ला प्रशासन कार्यालयको म्याद थप, अभियुक्तको बयान, थप अनुसन्धान जस्ता कार्यहरुबाट मुद्दा यति समय लम्बिएको देखिन्छ । सम्पूर्ण कागज प्रमाणहरुका आधारमा निज अभियुक्त भक्त बहादुर पुन र लक्ष्मी घर्तीको हतियार निज बस्ने घरबाटै बरामद भएको पुष्टि भएकोले निजले बयानका क्रममा विभिन्न दाबी गरेपनि कानुनको नजरमा निज दोषी ठहर हुने भएकाले सोही बमोजिम सजाय पाएको देखिन्छ । निजको घरमा रहेको सो हतियार माओवादी जनयुद्धका क्रमका छाडिएको भएपनि निजले स्वेच्छिक रुपमा सो हतियार नबुझाई खानतलासीका क्रममा भेटिन आएकाले निज विरुद्ध मुद्दा लागेको देखिन्छ । उक्त मुद्दा आकर्षित हुने हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा २० को खण्ड २ (ङ) बमोजिम ६१,००० जरिवाना हुने ठहर भएको देखिन्छ । यस मुद्दाको अध्ययनबाट गाउँघरमा अझै पनि अवैध रुपमा रहेका हतियारहरु हुनसक्ने सम्भावना देखाउनुका साथै हतियार बुझाउने सम्बन्धी जानकारी पनि नभएको तथा बाबु बाजेको पालादेखि रहिआएका हतियारहरु राख्न हुन्छ भन्ने मान्यताबाट पनि यस्तो अवस्था रहन गएको देखिन्छ ।

# महिला हिंसा विरुद्ध सरिताको लडाई

**भानुभक्त भट्ट**

## १. पृष्ठभूमि

वि. सं. २०७३ साल चैत्र २९ गते  दोगडा केदार गाउँपालिका वडा नं ४, बिन्सेरी, बैतडी निवासी ४५ वर्षीया सरीता(नाम परिवर्तन)न्याय पाउनका लागि दोगडा केदार गाउँपालिकाको कार्यालय , देउलेकमा रुँदै आइपुगिन् । वहाँसँग के समस्या पर्‍यो भनेर बुझ्दा खेरी वहाँकै छिमेकी ४६ वर्षीया प्रमोद( नाम परिवर्तन) ले बारम्बार करणी गर्न खोज्ने, जर्बजस्ती गर्ने, हातपात गर्न खोज्ने, मार्ने धम्कीदिने कार्य विगत १३ वर्ष देखी गर्दै आएको कुरा बताइन्  र निज प्रमोदले पछिल्लो पटक २०७३ चैत्र २५ गते र चैत्र २८ गते जघन्य रुपमा कुटपिट गरेको बताइन् । निज पीडित महिलाको परिवारमा श्रीमान् र ३ छोराछोरी रहेको बताइन । साथै पीडक प्रमोदको परिवारमा भने पीडक एक्लै बस्ने गरेको र परिवार विहीन रहेको र निजको मानसिक स्थिति असामान्य रहेको बताइन् । निजले न्याय पाउनका लागि पटक पटक प्रहरी चौकीमा उजुरी गरे पनि पीडक प्रमोदलाई प्रहरीले पक्राउ गरेर चौकीमा १।२ दिन थुने पनि पछि छोडी दिने गरेको र घर फर्केपछि प्रमोदले फेरि कुटपीटका अलावा पुरानै गतिविधिमा फर्किने गरेकोले आफूले न्याय नपाएकोले गाउँपालिकामा आएको बताइन् । तर गाउँपालिका आफैले हाल उक्त प्रकृतिका घट्नाको समाधान गरी तुरुन्त न्याय दिलाउन असमर्थ भएकोले निज पीडित महिलाको समस्याको संवेदनशीलता बुझ्दै निजलाई सान्त्वना दिई समस्या समाधान गर्न र न्याय दिलाउन जिल्ला प्रशासन कार्यालय बैतडीमा पुर्‍याइयो ।

## २. समस्या पहिचान

सरितालाई आफ्नो घरमा सामान्य रुपमा जीविका चलाउन र भयमुक्त वातावरणमा बाँच्न कठीन रहेको पाइयो । निज पीडित महिलाको ज्यानको सुरक्षा राज्यले गर्न नसकेको अवस्था निजको पीडाको गाम्भीर्यताबाट बुझिन्छ । प्रमोदको एउटै अडान जसरी भएपनि सरितालाई मार्ने भनेर डराउँदै आएकोले सरिताको मनमा भय र त्रास बढी मानसकि रुपमा विचलित भएको अवस्था पाइयो । सार्वजनिक सेवा प्रवाह गर्ने क्रममा यस्ता दु:ख लाग्दा मुद्दाहरु लाई आवश्यक पहल गरी समाधान गर्न सके सरिताले न्याय पाएर सामान्य र शान्तपूर्ण जिन्दगी बिताउन सक्थिन् ।

## ३. मामिला विश्लेषण

यस मामिलाको शुरुवात वि.सं. २०६० बाट भएको थियो जव प्रमोदले सरितालाई करणी गर्न खोजेको थियो । उक्त घटना पश्चात् ती महिला भाग्दै प्रहरी चौकीमा जान खोज्दा बीच बाटोमै माओबादीहरुसंग भेट भएर माओबादीले कारवाहीगर्ने भनेर प्रमोदलाई भौतिक कारवाही (मरणासन्न रुपमा कुटपीट गरेको) गर्दा निज प्रमोदको मानसिक स्थिति बिग्रेको भन्ने जानकारी स्थानीय जनताहरुले गराए । प्रमोदको मानसिक सन्तुलन बिग्रेपछि उसकी श्रीमती भागेर बेपत्ता भएकी र छोराछोरीहरु  प्रमोदको दाजुले हेरचाह गर्दै आएको कुरा घटना विश्लेषणबाट पुष्टि हुन्छ । प्रमोदले त्यसपछि उक्त महिलाकै कारण आफ्नो घर परिवारविहीन भएको महशुस गरी उक्त महिलामाथि पटक पटक आक्रमण, जबर्जस्ती गालीगलौज मार्ने धम्की दिंदै आएको कुरा स्थानीयहरुले बताए । उक्त अवाञ्छनीय गतिविधिको प्रतिकारमा सरिताले पनि निज प्रमोदलाई गालीगलौज एवम पिट्ने गरेको कुरा स्थानीयहरुले जानकारी गराए ।

सरिता र प्रमोदको करीब दशक लामो द्वन्द्व र बिवाद कै क्रममा पछिल्लो पटक २०७३ चैत्र २५ गते प्रमोदले सरितालाई ढुंगाले हानेर आक्रमण गर्दा सरिताको जीउमा नीलडाम बसेको देखियो । फेरि अर्को पटक २०७३ चैत्र २८ गते प्रमोदले सरितामाथि आक्रमण गरी ढुगाले हानी घाईते वनाएपछि सरिताले पनि परिवारको सहायता लिएर प्रमोद लाई सिस्नुपानी लगाई कुटपिट गर्दा प्रमोद पनि घाईते भएको कुरा स्थानीयहरुसंग सोधपुछ गर्दा जानकारी पाइयो । उक्त घटनाले गर्दा सरिताको परिवार र छोराछोरी भयभीत र विचल्लीमा परेका देखिए । प्रमोदको एउटै लक्ष्य सरितालाई मार्ने भनेर उ आफैं गाउँमा लठ्ठी तथा हतियार समाउँदै घुम्दै हिंडेको कुरा पीडित महिलाको बयानबाट जानकारी भयो । प्रमोदको घरमागएर बुझ्दा उसको दैनिक जीवन र स्वास्थ्य स्थिति नाजुक र दयनीय देखिन्छ । उनीहरुको झगडाले कोही मरेमा आफूहरुलाई अफठ्यारो पर्ला भनी छिमेकीहरु पनि भयभित रहेका देखिन्थे ।

सरिताको घर र प्रमोदको घर जंगलको र खोलाको छेउमा रहेको र त्यहाँ एउटा अन्य घर मात्र थियो र अरु छिमेकीहरु अलि पर टाढा बस्दै आएका थिए ।

### ४. समस्या समाधानका लागि पहल

देशमा संघीयताको आगमनपछि स्थानीय सरकारको कार्यान्वयन भईरहेको संक्रमणकालीन अवस्थाका अलावा कार्यालय व्यवस्थापन र कार्यविधिको कार्यान्वयन गर्दै गर्दाको कठीन घडीमा स्वःस्फूर्त रुपमा निज पीडित सरिताको समस्या समाधान गरी न्याय दिलाउन उच्च मनोवलका साथ निज पीडित महिलालाई जिल्ला प्रशासन कार्यालय, बैतडीमा लगी प्रमुख जिल्ला अधिकारी श्री तुलसी राम पौडेललाई भेट गराएको र घटनाको जानकारी गराउन सहयोग गरियो । निज महिलालाई जीउ ज्यानको सुरक्षा पाउँ भन्ने व्यहोराको निवेदन जिल्ला प्रशासन कार्यालयमा पेश गर्न सहयोग गरीयो । प्रमुख जिल्ला अधिकारीज्यूले जिल्ला प्रहरी कार्यालयमा लेखी पठाउने भनी तोक आदेश लगाएकोले सो को चिठीपत्र तयार गर्न कर्मचारीहरुसंग अनुरोध गरियो । जिल्ला प्रशासन कार्यालयको चिठी को साथै निज पीडित महिलालाई जिल्ला प्रहरी कार्यालयमा लगी चिठी दर्ता गराई घाउ जाँचगर्न जिल्ला अस्पत्ताल बैतडीमा पु¥याउन सहयोग गरीयो । निज महिलाको घाउ जाँचपछि जिल्ला प्रहरी कार्यालयले निज प्रमोदलाई प्रक्राउ गर्न खोचलेक प्रहरी कार्यालयलाई आदेश दिएको थियो । उक्त आदेश बमोजिम प्रहरीहरु प्रमोदलाई प्रक्राउगर्न गएका तर घर ठेगाना नपाएकाले वहाँहरुलाई घर ठेगाना बताउन सहयोग गरियो । प्रहरीहरुले पनि प्रमोदलाई प्रक्राउ गरेर चौकीमा ल्याएर बयान गराई  थुनेको थियो । प्रहरी चौकीमा पीडित महिला सरिता र प्रमोदको दाजुलाई समेत बोलाई प्रमोदलाई केरकार एवम् सोधपुछ गरी  अब उप्रान्त त्यस्ता कुटपिट तथा जर्वजस्तीका घट्नाहरु नदोहोऱ्याउने शर्तमा छोडियो र निज प्रमोदलाई मानसिक अस्पताल अथवा पुनर्स्थापना केन्द्रमा पुऱ्याउने प्रतिबद्धता प्रमोदका दाजुले गर्नुभयो । निज प्रमोदलाई मानसिक अस्पताल वा पुनर्स्थापना केन्द्रमा पुऱ्याउने कार्यमा सक्दो सहयोग गर्ने प्रतिबद्धता जाहेर गरियो ।

### ५. निष्कर्ष

संबिधानको प्राण लोकतन्त्रमा हुन्छ भनेझै समानताको प्राण न्यायमाथि अड्किएको हुन्छ ।त्यसकारण सरिताको न्यायप्राप्तिको संघर्ष केवल उनकै लागि मात्र नभई  महिला हिंसा  पीडित कैयन निर्दोष महिलाहरुको हो । यो समस्या एकपक्षीय नभई बहुपक्षीय देखिन्छ । प्रमोदको मानसिक स्थिति पनि सामान्य नभएको तर पूर्ण पागल नभएकोले निज प्रमोदलाई पुनर्स्थापना केन्द्रमा लगी आवश्यक औषधी उपचार गराएमा पुनः सामान्य व्यक्तिमा फर्किने धेरै सम्भावना रहेकोले तत्काल उसका आफन्त तथा महिला हिंसा वा मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थाहरु ( महिलाअधिकारकर्मी संस्थाहरु, महिला विकास कार्यालय,माइती नेपाल, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय आदि)ले यस विषयमा आवश्यक पहल गर्नुपर्ने वाञ्छनीय देखिन्छ । जसले गर्दा हिसाको शिकारमा  जकडिएकी सरितालाई शान्तिको आभाष भई न्याय प्राप्तिको आशा गर्न सकिन्छ ।

# सडक निर्माण गर्दा लघु जलविद्युतको कुलोमाभएको क्षतिबाट सृजित समस्या

**माधब सुबेदी**

## १. सन्दर्भ

शासन प्रक्रियामा जनतालाई अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर प्रदान गरी लोकतन्त्रका लाभहरुको उपभोग गर्न सक्ने तुल्याउने र समावेशी एवं सहभागितामूलक योजना प्रकृयाको अबलम्बनद्वारा विकासका अवसरहरुलाई टोल, गाँउ र बस्ती स्तरसम्म पुर्‍याउने कार्यबाट शासन र विकास दुबै आयाममा जनताको सहभागिता स्वामित्व बोध र लाभको उपयोग गर्न सक्ने अवसर सुनिश्चित गर्दै जाने स्थानीय स्वायत्त शासनको मर्मअनुरुप स्थानीय जनताको प्रत्यक्ष सहभागितामा विकास कार्यक्रमहरुको छनौट र सञ्चालन गरी तीनको लाभबाट जनताले आर्थिक, सामाजिक रुपान्तरणको अनुभूति गर्न सक्ने अवस्थाको सृजना गर्न स्थानीय तहहरुको गठन भएको पाईन्छ ।

वर्तमान समयमा नेपाल सरकारले प्रत्येक जिल्लाको प्रत्येक वडा.को वडा भवनसम्म मोटर बाटो पुर्‍याउने भनी निर्णय गरेको छ । यसै सन्दर्भमा ताप्लेजुङ्ग जिल्लाको सिदिङ्वा गाउँपालिका अर्न्तगत वडा नं. २ सादेवामा सडक निर्माण गर्ने कार्य भएको हो । जि.स.स. ताप्लेजुङको २५औं  जिल्ला परिषद्द्वारा स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम अन्तर्गत फलैचा ५ सादेवा ८ सिदिङवाघाम, तिम्बुङ पोखरी सिक्किम जोडने पर्यटकीय मोटर बाटो सडक निर्माण योजना स्वीकृत भयो । यो योजना कुल बजेट रु५०००००। (जसमध्ये साविकको गाउँ विकास समितिबाट विनियोजित ४००००० र उपभोक्ता समितिबाट १०००००) विनियोजन भएको र प्रेम कुमार राईको अध्यक्षतामा गठित उपभोक्ता समितिसंग योजना सम्झौता भएको थियो ।

## २. समस्याको कथन

सिदिङ्वा गाउँपालिका अन्तर्गत साविकको सादेवा गा.वि.स. र उपभोक्ता समितिवीच पलैंचा ५ सादेवा ८ सिदङवाधाम, तिम्बुङ पोखिरी सिक्कीम जोडने सडक निर्माण योजना सम्झौता भैसकेको र यो योजना कार्यान्वयन भई यस अर्न्तगत काम पनि भईसकेको छ । तर सडक निर्माण गर्ने क्रममा सादेवाको इवाखोलाको पुलमाथि ओडारे भन्ने स्थानमा इवाखोला लघु जलविद्युत को कुलोमा क्षति पुर्‍याएको भन्नेकुरा जि.स.स ताप्लेजुङ्ग र यस गाँउकार्यपालिकाको संयुक्त आयोजना निरिक्षणको क्रममा देखिएकोले जि.स.स को कार्यालयले यस गाँउकार्यपालिकामा ध्यानआर्कषण गराएको र यसको विस्तृत जानकारी माग गरेको थियो । यसरी बिकास निर्माण कार्य गर्दा अर्को विकासको काममा प्रत्यक्ष असर पुर्‍याईएकोले त्यस ठाउँका जनताले सास्ति भोग्नुपरेको र विकासका नाममा विनाश भएको थियो ।

## ३. मामिला विश्लेषण

सिदिङ्वा गाउँपालिका अन्तर्गत सादेवा साविकको गा.वि.स र र उपभोक्ता समितिबीच सम्झौता गरेको प्राविधिक मूल्याकन गरिसकेको, यस सडक निमार्ण गर्दा निम्न सर्तहरु राखिएर सम्झैता गरिएको थियो ।

- प्राप्त रकम तथा निर्माण सामाग्री आयोजनाको उद्येश्यका लागि मात्र पूरा गर्ने गराउने ।
- आयोजना सम्पन्न भएपछि स्थानीय निकायबाट जाँसपास गरी फरफारक लिनुपर्नेछ ।
- आम्दानी खर्चको विवरण र कार्य प्रगति उपभोक्ता समूहमा जानकारी गरी अर्को किस्ता माग गर्ने ।
- नगदी/जिन्सी सामान प्राप्ति, खर्च र आयोजनाको प्रगति विवरण अभिलेख आदि तयार राख्ने ।
- आयोजनाको कूल लागत अनुमान भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविकनै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनदिन सहमत भएको थियो ।

तर सडक निर्माण गर्दा अर्को विकास निर्माणमा कुनै असर पुर्‍याउनु नपाईने, यदि असर पुगेमा असर पुर्‍याउने पक्षबाटै त्यसको क्षतिपूर्ति गरिनुपर्ने सम्झौतामा नसमेटिएकोले जिल्ला समन्वय समिति ताप्लेजुङ्गको क्रमागत रुपमा सञ्चालित लघु जलविद्युत आयोजनाको कुलो भत्काएको र त्यसको जिम्बेवारी सडक निर्माण गर्ने उपभोक्ता समितिले लिएको थिएन । साविकको सादेवा गा.वि.स का वडा सचिब र प्रेम कुमार राई उपभोक्ता समितिका अध्यक्ष विचमा सम्झौता भएको थियो । उक्त

सम्झौतामा गत आव.२०७३/७४ को साविक सादेवा गा.वि.स अन्तगर्तकको पूँजीगत खर्च बाट छुटिएको रकम रु ४००००० रुपैया साविक गा.वि.स कार्यालय सादेवामा गई यस उपभोक्ता समितिको अध्यक्ष श्री प्रेम कुमार राई लाई सर्वसम्मति बाट पारितगरि सम्झौता गर्ने भनि निर्णय भएको थियो । जुन सडक निमार्ण गर्दा लघु जलविद्युतको कुलो भत्किएकाले उक्त आयोजनाबाट लाभान्वित जनता समस्यामा परेका छन् ।

## ४. समस्या समाधानको पहल

उक्त बाटो निर्माण कार्यगर्दा एकातर्फ फलैचा सिदिङ्गवाधाम,हुदै सिक्किम जाने पर्यटकीय मार्ग निर्माण भई नेपाल र भारत बीच सामाजिक, आर्थिक लाभ लिन सकिने जसले स्थानीय जनताको दैनिकीमा समेत प्रत्यक्षा प्रभाव परी सामाजिक आर्थिक रुपान्तरणमा टेवा पुऱ्याउने देखिन्छ भने जलविद्युतको कुलो भत्किनाले जनताको दैनिकि कस्टकर हुने लगानीमा आर्थीक क्षति हुने भएकाले उक्त योजनाको अनुगमन गरी सम्बन्धित सरोकारवाला लाई जानकारी गराई उक्त सडक योजनामा संलग्न सम्पूर्णलाई थप भुक्तनी दिनुभन्दा पहिले सो कुलोको मर्मत् गर्नुपर्ने निर्देशन पत्रमार्फत् यस गाउँ कार्यापालिकाको कार्यलयले दिएको थियो ।

उक्त निर्देशन अनुरुप सोही वडाका वडा सचिब श्री रंगलाल पोखरेललाई सो घटनाको यर्थाथ सत्यतथ्य पत्ता लगाई सम्पूर्ण विवरण माग गरिएको, जवाफमा वडा सचिबले योजना सम्झौता गरेको विवरण योजना सम्झौताको छायाँप्रति सहित पठाएको जसमा जुन समूहले कुलोमा क्षति पुऱ्याएको हो उसैले मर्मत गर्ने , त्यसपछि मात्र बाकि रहेको भुक्तानी गर्ने, मौखिक सहमति भएको जानकारी दिईएको थियो । यसै अनुरुप मिति २०७४।०१।१६ का दिन स्थानीय विकास अधिकारी, इन्जिनियर, योजना अधिकृत समेत गई त्यस क्षेत्रको स्थलगत निरीक्षण गरियो । त्यस बखत, जनताको राय सुझाव संकलन गरियो, प्राविधिक मूल्याकंन गरियो, भौगोलिक सम्भाव्यता अध्ययनसमेतको विश्लेषण गरी निम्न बमोजिम निर्णय गरियो ।

- प्राविधिक मुल्याङ्कन अनुरुप सडक निर्माण गर्नुपर्ने अन्यथा त्यस्तो निमार्णमा कुनै प्रकारको सम्झौता गर्न नहुने ।
- इवाखोला लघुजलविद्युतबाट लाभ लिईरहेका जनताले संकट झेल्नुपरेकाले तक्काल उक्त कुलो मर्मत सडक निर्माण समितिले नै गर्नुपर्ने ।
- आगामी दिनमा यसरी उपभोक्ता समिति गठन गर्दा प्रत्यक्ष प्रभाव पर्ने सवै स्थानीयलाई समावेश गरी भेलाको आयोजना गर्ने र योजना सम्झौतमा पनि स्थानीय सवैलाई जानकारी दिने भन्ने निर्णय गरियो ।
- बिकासका नाममा विनास गर्न नहुने नजिर ।

## ५. निष्कर्ष

दुई फरक फरक Interest भएका कारण आफ्नो हैसियत देखाउन अदुरदर्शी ढंगले सडक निर्माण भएकाले त्यसको प्रत्यक्ष असर हाइड्रोको कुलोमा परेकोले समस्या उत्पन्न भएको थियो । यस्ता विवाद सामान्यतया शक्ति, स्रोत, अधिकार र अवसरको प्रयोग र वितरण प्रकृयामा सबैको पहुँच एवं समानता नहुदा त्यसबाट उत्पन्न हुने मनमुटाव र असन्तुष्टिका कारण उत्पन्न हुन्छ । समाजमा उत्पन्न हुने यस्ता विवादलाई समयमै पहिचान गरी व्यवस्थापन गरिनु पर्छ । अन्यथा यसले द्वन्द्वको रुप लिन्छ । प्रस्तुत मामिलामा पनि उपभोक्ता समिति गठन गर्दा प्रत्यक्ष रुपमा प्रभावित हुने सबै क्षेत्रका मानिसलाई समावेश नगरी नै समिति गठन भयो तथा योजना सम्झौता हुदा पनि जोखिममा पर्ने इवाखोला जलविद्युतका उपभोग गर्ने स्थानीयहरुलाई जानकारी नै नदिई सम्झौता गरियो । जसका कारण ती स्थानीयले त्यस विकास निर्माण कार्यमा आफ्नो सहभागिता गर्ने मौका पाएनन् । यहाँ विवादको कारण लाभ र जोखिमको असमान वितरण रहेको छ । समाजमा उल्पन्न हुने यस्ता बिकास कार्यमा देखिएका समस्यालाई समयमै व्यवस्थापन गर्न उपयुक्त विधि छनौट गर्नुपर्छ । जि.स.स ताप्लेजुङ्गले पनि विवाद समाधान गर्न सबैको प्रतिनिधित्व हुने गरी भेलाको आयोजना गऱ्यो र सबैको राय सुझाव सुनी स्थलगत अवलोकन गर्ने निर्णय गरियो । स्थलगत अवलोकनमा सम्बन्धित सबै क्षेत्रका प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, जिसस ताप्लेजुङ्गका स्थानीय विकास अधिकारी, जिल्ला ईन्जिनियर, योजना अधिकृत, सम्बन्धित गाँउपालिकाका कर्मचारी तथा आम स्थानीय भेला भई छलफल र अन्तर्क्रियाबाट समाधान गर्ने निर्णय गरियो । अन्तमा सडक निर्माण गर्ने उपभोक्ता समितिबाट नै उक्त कुलोको मर्मत गर्ने सहमति भई विवाद तथा समस्याको समाधान गरियो ।

# नेपाली नागरिकता र भारतीय नोकरी

**रविन्द्र बुढा क्षेत्री**

## १. पृष्ठभुमि

आफनो देशको नागरिकताको प्रमाणपत्र पाउनु कुनै पनि नागरिकको जन्मसिद्ध अधिकार हो । नागरिकताको प्रमाणपत्र वितरण गरी राज्यले वितरण गर्ने सेवा सुविधाको भोग गर्ने व्यवस्थाको सृजना गर्नु राज्यको दायित्व अन्तर्गत पर्दछ । व्यक्तिले नागरिकताको प्रमाणपत्र प्राप्त गरेपछि कानूनी रुपमा उसको अधिकार, कर्तब्य र दायित्व सृजना हुन्छ । नेपालमा अनेकौं राजनीतिक परिवर्तनहरु पश्चात् नागरिकहरुको हक तथा अधिकारको पक्षमा अनेकौ कार्यहरु भएको भएता पनि गास, बास र कपासको ग्यारेन्टी राज्यले नगरिदिँदा नेपाली नागरिकहरु भारतमा गई ज्याला मजदूरी गर्नुपर्ने बाध्यतासमेत रहेको छ । नेपाली नागरिक भएकै कारण भारतमा ज्याला मजदूरी गर्न जाने नेपाली नागरिकहरुले अनेक प्रकारमा दुखहरु झेल्नुपर्ने बाध्यता रहेको छ । नेपाली नामप्रति भारतीय दृष्टिकोणका कारण भारतमा मजदूरी गर्न जाने धेरै नेपालीले आफ्नो नाम बदल्नु पर्ने र नेपालमा फर्केर आइसकेपछि आफैं तथा परिवारका सदस्यले अनेकौं समस्या झेल्नु पर्ने हुन्छ ।

यसै परिप्रेक्षमा भारतमा चार दशकदेखि रोजगारी गरिरहेका नेपाली नागरिक रुकुम जिल्लाको गाउँपालिका वडा नं. ७ (साविकको मग्मा गाविस वडा नं. १ मग्मा) का हर्क बहादुर खत्री छोरीको नागरिकता सिफारिसका लागि बाँफिकोट गाउँपालिका वडा नं. ६ मग्मा आएका थिए। उनले भारतीय कम्पनीमा जागिर पाउनका लागि भारतीय नाम राखेको र छोरीको शैक्षिक प्रमाणपत्रमा सोही नाम कायम भएकोले नागरिकतामा उल्लेखित नामको साटोमा नोकरी विवरणमा उल्लेखित नाम राखी नागरिकता बनाइदिन सिफारिस माग गरेका थिए। उनी २०३२ सालमा भारतमा मजदूरीको खोजीमा पसेको र २०३४ सालमा भारतीय सरकारी कन्सट्रक्सन कम्पनीमा स्थायी नोकरी प्राप्त गरेका थिए। उनले नेपाली नाम थरमा सो नोकरी पाउन नसक्ने भएको हुँदा उनका हाकिमको सल्लाहमा भारतीय नाम गोपाल दत्ता राखेका थिए । उनका छोराले त राम्रो अध्ययन गर्न सकेनन् तर उनकी छोरी सरस्वती केसीले भने त्यहीको विश्वविद्यालयबाट राम्रो स्थानसहित MBA उत्तीर्ण गरिन् । उनले अध्ययन गर्दा शैक्षिक प्रमाणपत्रमा बाबुको नाम राकेश दत्ता नै उल्लेख गरिन् तर नागरिकता बनाउनुपर्ने बेलामा उनलाई बाबुको नाम फरक पर्नगएको हुँदा समस्या पर्न गयो।

## २. समस्या कथन

नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३ अनुसार वंशजको नाताले, जन्मको आधारमा, अङ्गीकृत नेपाली नागरिकता, वैवाहिक अङ्गीकृत नेपाली नागरिकता, सम्मानार्थ नेपालको नागरिकता र क्षेत्र गाभिदाको नागरिकताको आधारमा नागरिकताको प्रमाणपत्र बितरण गरिन्छ। नागरिकता ऐन, २०६३ अनुसार लाल बहादुर खत्रीले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेकाले उनकी छोरीले नेपाली नागरिकताको प्रमाणपत्र पाउने कुरामा कुनै शंका रहेन। नागरिकता ऐन २०६३ अनुसार नेपालको नागरिकता प्रदान गर्दा नागरिकताको प्रमाणपत्रमा बाबुको नाम उल्लेख गर्नुपर्ने भएको हुँदा निज लाल बहादुर खत्रीको छोरी सरस्वती केसीले प्राप्त गर्ने नागरिकतो प्रमाणपत्रमा बाबुको नाम नभई लाल बहादुर खत्री उल्लेख गर्नु पर्ने भयो। जसले गर्दा सरस्वतीको वृत्ति विकासमा असर पर्न जाने भयो।

## ३. विश्लेषण

रुकुम जिल्लाको बाँफिकोट गाउँपालिका वडा नं. ७ जन्म भई हाल भारतको हिमाञ्चल प्रदेशमा भारतीय सरकारी कम्पनी भेल (Bharat Heavy Electrical Limited) मा स्थायी कर्मचारीको रुपमा कार्य गर्ने लाल बहादुर खत्रीकी छोरी वर्ष २५ को सरस्वती केसीले नेपाली नागरिकताको प्रमाणपत्र पाउँनका लागि बाँफिकाट गाउँपालिका वडा नं. ७ को कार्यालयमा नेपाल नागरिकता ऐन, २०६३ को अनुसूचि ३ बमोजिमको फाराम भरी बाबुको नागरकिताको प्रमाणपत्रको प्रतिलिपि र शैक्षिक प्रमाणपत्रको प्रतिलिपि सहित २०७३।१२।२५ मा सिफारिसका लागि निवेदन दिएको । उक्त निवेदनमाथि कारवाही हुँदा निज लालबहादुर को सरकारी नोकरीको नियुक्ति पत्र र परिचय पत्र को प्रतिलिपि माग गरी सरस्वती केसीको बाबु लालबहादुर खत्री भएको र निजको शैक्षिक प्रमाणपत्रमा बाबुको नाम गोपाल दत्त उल्लेख भएकाले

लाल बहादुर खत्री र गोपाल दत्त एकै व्यक्ति हुन् भनी वडा मुचुल्कासहित जिल्ला प्रशासन कार्यालयमा सिफारिस गरिएको । जिल्ला प्रशासन कार्यालयबाट सरस्वती केसीको नाम लालबहादुर खत्री उल्लेख हुने तर गोपाल दत्त कायम गर्न नसकिने भनी फिर्ता पठाइएको ।

### ४. कारण तथा असर

निज लालबहादुर खत्री ४२ वर्ष अघि भारतमा छिरेको भए तापनि निजकी छोरी सरस्वती केसीले नेपाली भाषा बोल्न नजान्ने हुँदा निजलाई नेपालमा वृत्ति विकास गर्न समस्या रहेको उनले राम्रो अंकसहित व्यवस्थापनमा स्नातकोत्तरसमेत उत्तीर्ण गरेकाले उनलाई भारतमा राम्रो रोजगारीको अवसर रहेको छ । लालबहादुर खत्री र गोपाल दत्त फरक फरक व्यक्ति नभई एउटा व्यक्ति हो भनी सिफारिस गरिदिँदा भारतमा त्यसलाई मान्यता नदिइने समस्या एकातिर छ भने शैक्षिक प्रमाणपत्र भारतमा सच्याउन नसकिने भएकाले उनको प्रमाणपत्रमा बाबुको नाम फरक पर्ने देखिन्छ जसले उनलाई विभिन्न ठाउँमा समस्या पर्न सक्ने देखिन्छ । नागरिकता प्रमाणपत्र दिँदा बाबुको नाम फरक पर्ने र नदिँदा उनी नेपाली नागरिक भएकाले निजको मानव अधिकारको उल्लंघन हुने अवस्था सिर्जना भएको । बाध्यताका कारण विदेशिनु परेका लालबहादुर खत्रीकी छोरीले १६ वर्षको उमेरमा पाउन सक्ने नागरिकताको प्रमाणपत्र लिनका लागि २९ वर्ष पुग्नु पर्ने देखिएको छ ।

### ५.समस्या समाधान

लाल बहादुर खत्री नेपाली नागरिक हुन र सरस्वती केसी लालबहादुर खत्रीकै छोरी हुन् भनी बाँफिकोट गाउँपालिका वडा नं. ७ का पाँच जनाले सनाखत मुचुल्कासमेत बनाएको छ । लाल बहादुर खत्रीले गोपाल दत्त नामबाट भारतीय सरकारी कम्पनीमा स्थायी नोकरी प्राप्त गरेकोकाले निजको नियुक्ति र कर्मचारी परिचयपत्र तथा नागरिकताको प्रमाणपत्रको आधारमासमेत लाल बहादुर खत्री र गोपाल दत्त फरकफरक नभई एउटै व्यक्ति हुन् भनी वडा कार्यालयले गरेको सिफारिस प्रमाणित छ । जिल्ला प्रशासन कार्यालय, रुकुमबाट उपर्युक्त प्रमाणको आधारमा निज सरस्वती केसीको बाबुको नाम गोपाल दत्त कायम गर्न नसकिने भनी फिर्ता आएको कागजात छ । निज सरस्वती केसीसमेतलाई साथ लिई मिति २०७३।१२।२९ गते जिल्ला प्रशासन कार्यालय रुकुममा वडा नं. ६ का वडा सचिव सहित जाँदा निम्न बमोजिम हुने गरी समस्या समाधान भएको:

- निज गोपाल दत्त २०७७ सालको असार महिनामा कम्पनीबाट अवकाश लिई निवृत्तभरण(पेन्सन) पाउने
- नेपाल सरकार(मन्त्रीस्तर) को २०७१।०१।०३ को निर्णयानुसार "भारतीय र बृटिश सेना प्रहरीमा नोकरी गरी सेवा निवृत्त भएका व्यक्तिहरुको नागरिकताको प्रमाणपत्र र नोकरीको पारिवारिक विवरणमा नामगर जन्ममिति लगायतको विवरण फरक परी निवृत्तिभरण लगायतका सुविधा प्राप्त गर्न कठिनाइ परेमा त्यस्ता पेन्सनरहरु र निजका श्रीमतीको हकमा मात्र निजहरुको पेन्सन पट्टामा भएको विवरण अनुसार नागरिकताको प्रमाणपत्रमा फलानो भन्ने फलानो भनी संशोधन गरिदिई रेकर्डमा कारण जनाई पुरानो नागरिकताको प्रमाणपत्र खिची प्रतिलिपि जारी गर्ने" व्यवस्था भएकोले निज लालबहादुर खत्रीले पहिले आफ्नो नाम संशोधनसहित नागरिकताको प्रमाणपत्रको प्रतिलिपि लिने र छोरीको नाम सोही अनुसार कायम गर्ने ।

### ६. प्राप्त तथ्यहरु

- नेपाली नागरिकहरुले भारतमा रोजगारीको सिलसिलामा भोल्नुपर्ने विभिन्न समस्याहरु मध्ये नागरिकता र कार्यालयको विवरणमा नाम थर जस्ता कुरामा फरक पर्नु पनि एक हो ।
- वडा मुचुल्का, सनाखत, जन्मदर्ता, गाविसको सिफारिस पत्र, बावु वा आमाको नागरिकता, जग्गाधनी दर्ता पुर्जा जस्ता प्रमाण कागजातहरु नेपाल नागरिकता ऐन, २०६३ ले व्यवस्था गरेका केहि न्युनतम आधारहरु हुन् जसमाथि टेकेर वंशज र जन्मस्थानको आधारमा नागरिकताको प्रमाणपत्र प्रदान गरीन्छ ।
- यस्ता समस्यालाई समाधान गर्न नागरिकता सम्बन्धी ऐन कानूनहरुमा समयानुकूल परिमार्जन गर्नु जरुरी रहेको छ ।
- नागरिकताको दुरुपयोग हुनसक्नेतर्फ समेत ध्यान दिँदै विवरण सच्याउनका लागि सबूत प्रमाणका आधारमा गर्न सकिने हुँदाहुँदै पनि कतिपय अवस्थामा यसले समस्या सिर्जना गरेको पाइन्छ ।

- गैर नेपालीले नागरिकता पाउन सक्ने जोखिमलाई कम गर्न नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३ र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को प्रावधानहरुलाई कडारुपमा पालना गर्ने साथै ती व्यवस्थाहरुमा पनि अपर्याप्त लागेमा माथि उल्लेखित प्रक्रियाहरु पुरा गर्ने
- भारतमा रोजगारीको सिलसिलामा जाने नेपाली नागरिकहरुले पारिवारिक विवरणमा पछि फरक नपर्ने गरी विवरण भर्नका लागि जनचेतना फैलाउनु जरुरी छ ।

## ७. निष्कर्ष

भारतमा रोजगारीको सिलसिलामा जाने नेपालीहरुले आफ्नो विवरणलाई फरक तरिकाले प्रस्तुत गर्दा नागरिकताको प्रमाणपत्र लिनलाई समस्या मात्र पर्न होइन कि रोजगारी पश्चात पेन्सन प्रक्रियामा समेत समस्या पर्ने गरेको छ । यसै गरी सन्तानको नागरिकता लिनसमेत कठिनाइ पर्ने र उनीहरुको शैक्षिक प्रमाणपत्र र नागरिकतामा विवरण फरक परी वृत्तिविकासमा समेत नकारत्मक प्रभाव पर्न जाने देखिन्छ । निज लाल बहादुर खत्री नेपालको नागरिकता हुँदा हुँदै पनि गोपाल दत्त नाम राखेर भारतीय स्थायी नोकरी प्राप्त गर्ने उनको बाध्यता एकतिर छ भने विद्यमान नागरिकता सम्बन्धी ऐन तथा नियमका आधारमा गोपाल दत्त राखी उनकी छोरीलाई नागरिकता दिन नसकिने अर्को समस्या रहेको छ । जेहोस् नेपाल सरकारले पेन्सन प्रयोजनका लागि भए पनि नाममा संशोधन गर्ने निर्णय गरेकाले भने यसले लालबहादुर खत्रीकी छोरीलाई केही राहत दिएको छ । नेपालमा यस्ता धेरै समस्या होलान् तर यो रोजगारीका लागि भारतमा जानुपर्ने बाध्यताको परिणामको ज्वलन्त उदाहरण हो । यसलाई बेलैमा समाधान गर्न तर्फ सबैको ध्यान जानु जरुरी छ । भारतमा कामका लागि जाँदा देखा पर्न सक्ने समस्याका बारेमा जनचेतना फैलाउने र नेपालमै रोजगारीका अवसर सिर्जना गर्न सक्ने हो भने यी समस्या धेरै हदसम्म समाधान हुने अवस्था भने विद्यमान रहेको छ ।

# बैंकिङ सुविधा अभावमा सामान खरिद, भुक्तानी तथा ढुवानीमा परेको समस्या

**रामकुमार पुडासैनी**

## १. सन्दर्भ

नेपाल सरकारको मिति २०७३।११।२७ को निर्णय बमोजिम नवस्थापित गाँउपालिका तथा नगरपालिका जस्ता स्थानिय तहमा संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको मिति २०७३।१२।०३ को निर्णय बमोजिम मलाई साविक रुपमा मालपोत कार्यालयमा कार्यालय आवद्धतामा रहेको भएपनि यस हतुवागढी गाँउपालिकाको गाँउ कार्यपालिकाको कार्यालयमा कार्यकारी अधिकृतको रुपमा कार्यालय आवद्धताकै रुपमा कामकाज गर्ने गरी तोकिएपछि मिति २०७३।१२।०७ मा यस गाँउपालिकामा मालपोत कार्यालयबाट रमाना भएर कार्यभार सम्हाल्न आएको अवस्था छ । हाल यस गाँउपालिकामा नौ वटा वडाहरु रहेका छन् जुन वडाहरु साविकका छ वटा गाँउ विकास समितिहरुका ५४ वटा साविक वडाहरु गाभिएर बनाइएका हुन् । नेपाल सरकारले नवस्थापित गाँउपालिकाको कार्यालयमा कार्यालय व्यवस्थापनका लागि यस गाँउपालिका लगाएत ७४४ वटा स्थानिय तहहरुमा ३१ औं आधारभूत प्रशासनिक प्रशिक्षणमा रहेका प्रशिक्षार्थी अधिकृतहरु, ३० औं समूहका शाखा अधिकृतहरु तथा अन्य शाखा अधिकृतहरुलाई खटाएको थियो ।

संविधानको कार्यान्वयन र राज्य पुनः संरचनालाई मूर्त रुप दिने क्रममा नयाँ संरचना अनुसार गाँउपालिका तथा नगरपालिकाहरुको गठन भए पश्चात वर्तमान अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ निष्क्रिय हुन पुगेकोले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।४ गते जारी भएको स्थानीय तहको शासन सञ्चालनका लागि जारी गरेका आदेश, २०७३ बमोजिम स्थानीय तहहरु सञ्चालित भैरहेको अवस्था छ । नेपाल सरकारको घोषणा बमोजिम सघिंयताको कार्यान्वयनको शिलसिलामा अब जति स्थानिय तह त्यति नै सिंहदरबार हुने उद्घोषले नयाँ गठन भएका स्थानीय तहहरु नगरपालिका तथा गाँउपालिकामा सघिंय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तरगतका उपसचिव तथा शाखा अधिकृतहरुको दरवन्दी कायम गरी स्थानिय तह सञ्चालन गर्नुपर्ने अवस्थाले साविक गाँउ विकास समितिहरुमा जस्तो खरिदार तथा नायब सुब्बाहरुले स्थानीय निकायको नेतृत्व लिने अवस्थाको अन्त्य भै अब निजहरुले गाँउ तथा नगरपालिका अन्तरगतका वडाहरुबाट आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्ने अवस्था सिर्जना भएकोले हाल स्थानिय तहमा शाखा अधिकृत र सोभन्दा माथिका निजामति कर्मचारीको आवश्यक परेको हो । त्यसैगरी स्थानीय तहमा गठित गाँउपालिका तथा नगरपालिकामा कार्यकारी अधिकृत आँफै उपस्थित भै कार्यजिम्मेवारी पुरा गर्नुपर्ने भएकोले साविकमा जस्तो गा.वि.स.का सचिवहरु सदरमुकाम कार्यथलो बनाएर सेवाग्राहीहरुलाई सेवा लिन असहज बनाउने वातावरणको अन्त्य हुँदै गएको छ । अवका दिनमा वडासचिवहरु आफ्ना वडामै उपस्थित भएर जनतालाई सेवा दिनु पर्ने हुन्छ । तर जटिल भौगोलिक संरचना, आवश्यक सेवा सुविधाको कमी, स्रोतको कमी, बजारसँगको कमजोर पँहुचले बैकिङ लगायत हरेक कामकारवाहीको लागि सदरमुकामनै धाउनु पर्ने अवस्था रहिरहेमा स्थानीय तहहरुको सहज सञ्चालन तथा सेवाप्रवाहमा अवरोध सृजना भई नै रहनेछ ।

## २. समस्याको कथन

भोजपुर सदरमुकामबाट करिब ५० किलोमिटर दक्षिणमा पर्ने यस गाँउपालिका साविक स्वास्थ्य केन्द्रको भवन रहेको स्थानमा तोकिएको साथै यस कार्यालय घोषणा भएको स्थान हालसम्म पनि साविक स्वास्थ्य केन्द्रबाट यस गाँउपालिकाको नाममा हस्तान्तरण भैनसकेको अवस्था छ । भोजपुर सदरमुकामबाट यस ठाउँसम्म आइपुग्ने सडक कच्ची रहेको, दुई वटा खोलाहरु कावा खोला र पिखुवा खोलामा पक्की पुल नभएकाले पिखुवा खोलामा झोलुगें पुलबाट मोटरसाइकल तार्नुपर्ने साथै कावा खोलामा झोलुगें पुलसमेत नरहेकाले खोलाबाटै तार्नुपर्ने अवस्था रहेको, सडक पूर्ण रुपमा निर्माण भैसकेको भएतापनि बस व्यवसायीहरु तथा ट्याक्सी व्यवसायीहरुबीचको विवादले रुटको बस नचल्नाले सवारीसाधनहरु नियमित रुपमा घोडेटार आवतजावत गर्ने नगरेको, बस, ट्रक नचल्नाले ट्रयाक्टरहरुबाट फर्निचर तथा इलेक्ट्रोनिक्स सामानहरु ल्याउनुपर्ने बाध्यताले सामानहरु टुटफुट हुने, विग्रने भत्कने

गरेको छ साथै भाडा पनि ज्यादै महगों हुने गरेको अवस्था छ । भोजपुर जिल्लाको प्रायः सबै भूभागमा सडक पुगिसकेको भएता पनि कच्ची सडकहरु हालसम्म पनि पिच नभएकाले, खोलाहरुमा पक्की पूल निर्माण नभएको साथै चारैतिर महाभारत पर्वत शृङ्खलाले घेरेको हुनाले बढी उकाला, ओराला बाटोहरु पार गर्दै कम्तिमा ४ घण्टाको मोटरसाइकल यात्राबाट मात्र सदरमुकाम पुग्न पर्ने बाध्यता छ । त्यसैगरी यस गाँउपालिकाको पश्चिममा आमचोक गाँउपालिका हुँदै तल उदयपुर जिल्लाको रानीटार पुग्ने कच्ची, जटिल एवं खतरनाक सडक रहेको, गाँउपालिकाको दक्षिणपट्टि यस गाँउपालिकाको वडा नं. ९ मा पर्ने हसनपुर हुँदै तल धनकुटा जिल्लामा पर्ने शहिदभूमि गाँउपालिका हुँदै भेडेटार तथा धरान निस्कने सडक रहेको साथै यसै गाँउपालिकाको वडा नं. ५ र ६ मा पर्ने होमताङबाटसमेत धनकुटाको पाखिबास निस्कने सडकको विकास भएको भएता पनि सडक तथा भौगोलिक धरातल खतरनाक रहेकोले यात्रा जोखिमपूर्ण हुने गरेको छ ।

नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त बैंक राष्ट्रिय वाणिज्य बैकको शाखा कार्यालय भोजपुर सदरमुकाममै सिमित रहेको, गाँउपालिका तथा वडाकार्यालयको बैंक खाता खोल्न तथा आर्थिक क्रियाकलाप सञ्चालन गर्न सदरमुकामनै धाउनुपर्ने बाध्यता रहेकोले गाँउपालिका सञ्चालनमा धेरै नै अवरोध सृजना हुने गरेको छ । त्यसैगरी फर्निचर उद्योग, इलेक्ट्रोनिक्स पसलहरु, कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने स्टेशनरी तथा मसलन्दका सामानहरुको यस गाँउपालिका क्षेत्रमा कुनै त्यस्तो फर्म तथा उद्योग तथा कम्पनी नरहेकाले सो सामानहरु आपूर्तिका लागि सदरमुकाम लगायत धरान, धनकुटा, इटहरी तथा विराटनगरसम्म नै धाउनुपर्ने अवस्था छ । त्यसैगरी दूधकोशी नदीमाथि पक्की पुलको अभाव, हसनपुर र धनकुटाको शहिदभूमि गाँउपालिका क्षेत्र जोड्ने पक्की पुलको अभाव, र होमताङ पाखिबास जोड्ने पक्की पुलको अभावले सो क्षेत्रबाट सवारीसाधन आवतजावत नहुने, झोलुगें पुलपारीसम्म सामान आइपुगेपछि पल्टि गरेर वारीबाट पुनः अर्को गाडीमा सामान लोड गरेर ल्याउनुपर्ने अवस्थाले सामान ढुवानी अत्यन्त जटिल एवं जोखिमपूर्ण रहने गरेको छ । ट्रक, बस चल्न अनुकूल बाटो नभएकाले ढुवानी ट्र्याक्टरमा गर्नुपर्दा सामानहरुको भौतिक अवस्थानै विग्रने झत्कने झै ढुवानीको अत्यन्त मार्मिक अवस्था सृजना हुने गरेको छ ।

## ३. विश्लेषण

अर्थ मन्त्रालयको मिति २०७३।१२।२५ मा प्रत्येक स्थानीय तहहरुलाई रु. ५२ लाख (चालु २०लाख र पुँजिगत ३२ लाख) को खर्च गर्ने अख्तियारी प्राप्त भएपछि यस नवस्थापित गाँउपालिकाको नयाँ खाता खोल्न भोजपुर सदरमुकाममा जाने भइयो । जसको लागि आवश्यक कागजात तयार गरी म चैत्र २८ गते सदरमुकाममा ५० कि.मि.को कच्ची जोखिमयुक्त बाटोबाट लड्दैपड्दै पुगियो । नजिक बैंकको अभाव भएकाले टाढाको बाटो तय गरियो । आवश्यक कागजातहरु अपुग हुने तथा नयाँ संरचनाका कारण पक्रियाका विषयमा जानकारी कम भएकाले साथमा गाँउपालिकाको लेटरप्याड, स्टाम्प बोकेर सो ठाँउमा पुगियो । कोष तथा लेखा नियन्त्रक कार्यालयका कोष प्रमुख ईश्वरी प्रसाद देवकोटा, स्थानीय विकास अधिकारी श्री सीतादेवी परियार तथा अन्य गाँउ एवं नगरपालिकाका कार्यकारी अधिकृतहरुसँगको समन्वय र सहकार्यमा, सल्लाह र परामर्शमा चैत्र ३० गते खाताहरु खोलेपछि को.ले.नि.का. मार्फत् पैसा ट्रान्स्फर गरी यस गाँउपालिकाको चालु र पुँजिगत खातामा रकम जम्मा गरियो । यस प्रकार भौगोलिक जटिलता एवं लामो दूरीमा गएर कार्यसम्पादन गर्नुपर्दा अख्तियारी आएपछि जम्मा २ दिन लाग्ने कामलाई एक हप्ता लाग्यो । भोजपुरमा पहिलो प्राथमिकता भनेकै पत्येक गाँउपालिका भएको स्थलमा बैंकको शाखा विस्तार गुर्नपर्ने टड्कारो आवश्यकता छ । जसको समस्याले भुक्तान हनेु सम्पूर्ण रकम बैकमार्फत् मात्र हुने हुँदा रकम भुक्तानीलाई यसले ब्यापक असर गर्ने गरेको पाइन्छ । घोडेटारमा राष्ट्रिय वाणिज्य बैकको शाखारहित बैकिङ सेवाको सुरुवात भएको भएता पनि सरकारी कारोबार त्यस्ता बैकिङ सेवामार्फत् गर्न नसकिने भएकाले शाखासहितको बैकिङ सेवाको यस ठाँउमा आवश्यक रहेको हो ।

फर्निचर उद्योगको अभावमा यस गाँउपालिकामा फर्निचरको आवश्यक व्यवस्था गर्न मिति २०७४।१।५ गते टेबल, कुर्सि, सोफा, दराज, कार्पेट लगायतका सामानहरुको खरिद गर्न भोजपुर सदरमुकामबाट आवश्यक दरभाउपत्र माग गर्ने निर्णय भएपछि उक्त सामानहरुको प्रतिइकाई दररेटसहितको दरभाउपत्र उपलब्ध गराउने सम्बन्धी पत्र रोज फर्निचर, सान्साबुङ फर्निचर र अन्जान फर्निचरलाई पठाइयो । त्यसपछि प्राप्त दरभाउपत्रउपर आवश्यक निर्णय गर्दा रोज फर्निचर सामान आपूर्ति गर्न सारभूतरुपमा प्रभावग्राही घोषित भएपछि सोही उद्योगबाट फर्निचर ल्याउने निर्णय यस गाँउपालिकाको सार्वजनिक

खरिद इकाईले गरेपश्चात रोज फर्निचरलाई सामान पठाउने आदेश दिइयो । ट्याक्सीमा ल्याउन नमिल्ने र बस तथा ट्रकको लागि उचित खालको सडकको अभावले ट्र्याक्टर ल्याउन पर्ने भएपछि १२ घण्टा लगाएर २ वटा ट्र्याक्टरले सामान ल्याइपुऱ्यायो । सामान आइपुगेपश्चात् माग गरेबमोजिम आयो आएन मुल्याकंन गर्दा दराज तथा टेबल हरु कुच्चिने तथा टुटफुट भएको पाइयो भने ट्र्याक्टरवालाबाट ३० हजार अत्यन्त महगों भाडाको माग दावि भयो र सोही बमोजिम भुक्तानी गरियो ।

तत्पश्चात् भोजपुरमा सोलार, कम्प्युटर, ल्यापटप लगायतका इलेक्ट्रोनिक सामानहरुको आधिकारिक डिलर नभएकाले उक्त सामानहरु खरिद गर्न धनकुटा, इटहरी तथा विराटनगरबाट ल्याउनुपर्ने भएपश्चात सोलार खरिदको लागि स्थानीय व्यक्ति चन्द्र राईले जिम्मा लिनुभयो वँहाकै माध्यमबाट सोलारको लागि आवश्यक कोटेशन इटहरी तथा धनकुटाका तीन फर्महरु श्री लोटस सोलार कम्पनी प्रा. लि., धनकुटा-७, मदनचोक धनकुटा, श्री शिखर रिन्युबल इनर्जी प्रा.लि, नेपाल र श्री लोटस सप्लायर्स, धनकुटाबाट दरभाउपत्र माग गरी लोटस सोलार कम्पनी प्रा.लि. सगँ न्युन मूल्यका आधारमा खरिद गर्ने निर्णय गरी ४०० एम्पियरको ब्याट्रिसहितको १००० वाटको सोलार यस गाँउपालिकामा धनकुटाबाट ल्याइयो । करिब १५० कि.मि को दूरीबाट ल्याइएको उक्त सामान ढुवानीमै २ दिन लागेको थियो ।

अर्कोतर्फ कार्यालय व्यवस्थापनका लागि कम्प्युटर तथा ल्यापटप, टेलिभिजन, टेलिफोन, फ्याक्स, क्यामेरा, प्रोजेक्टर लगायतका इलेक्ट्रोनिक्स सामान खरिद गर्न विराटनगर जानुपर्ने आवश्यकता भयो । सोही अनुरुप विराटनगरमा रहेका फर्महरु श्री कम्प्युटर प्लानेट श्री चन्द्र इन्फोटेक, श्री कम्प्युटेक विराटनगरबाट उक्त सामानहरुको कोटेशन माग गरी श्री कम्प्युटर प्लानेटबाट उक्त सामानहरु खरिद गर्ने निर्णय पारित गरेपश्चात उक्त सामानहरु आमचोक गाँउपालिकाका कार्यकारी अधिकृत श्री भेषराज पन्थसँगको सहकार्यमा वँहाको कार्यालयको सामान सहित एउटै गाडिमा रानीटार ल्याउने योजना अनुरुप गाडी भाडामा खोज्दा एक जना ट्रक ड्राइभरले सहमति जनाएपछि सोही ट्रकमा भोलिपल्ट विहान ल्याउने योजना बन्यो । तर भोलिपल्ट विहान सहमति गरेअनुरुप उक्त ड्राइभरले सामान ल्याउन नमानेपछि सामान्य भनाभन भयो र अर्को ट्रकको खोजि गर्न थाल्यौं । तत्पश्चात् अत्यन्त महँगो भाडामा रानीटार झोलुगे पुलसम्म सामान ल्याउन अर्को ट्रक ड्राइभरले सहमति जनाएपछि भोलिपल्ट विहानै ४:०० बजे अघिल्लो दिन लोड गरेका सामान लिएर रानीटार आइपुगियो । १५० कि.मि. को यात्रापश्चात रानीटार आइपुगेपछि सहमति बमोजिमको भुक्तानि ट्रक ड्राइभरलाई भयो । तत्पश्चात दूधकोशिको झोलुगें पुलमा सामान वारी ल्याउनलाई पल्टि गर्नुपर्ने भएपछि त्यहाँस्थित श्रमिकहरुले रु.१२०००।- भाडाभन्दा घटिमा उक्त सामान नल्याउने अडान लिन थाले । विहान ८ बजे सामान लिएर उक्त झोलुगें पुलमा आइपुगेको हामी त्यहाँका श्रमिकहरुसँगको विवादले गर्दा दिउसो १२ बजे मात्र रु. ७००० मा उक्त सामान पल्टि गर्ने सहमति भयो । भेषराज पन्थले आमचोकबाट अरु श्रमिकहरु ल्याएर पल्टि गर्छु भनेपछिमात्र सहमतिमा आएका त्यहाँका श्रमिकहरुले ६ घण्टा अवरोध गरेपछि दिउसो २:०० मात्र हामी ती सामानहरु गाडि तथा ट्र्याक्टरमा लोड गरी राति २:०० बजे मात्र आमचोक गाँउपालिकामा ल्याउन सफल भँयौ । आमचोकका सामानहरु अनलोड भएपछि भोलिपल्टमात्र यस गाँउपालिकाको लागि खरिद भएका बाँकी इलेक्ट्रोनिक्स सामानहरु अर्को गाडिमा लोड गरी ल्याइयो ।

यसप्रकार कच्ची जोखिमयुक्त बाटोबाट सामान ढुवानी गर्नुपर्दा ज्यादै समस्या श्रृजना हुने गरेको छ । अझै भोजपुर ठन्डा समशितोष्ण हावापानी भएको क्षेत्रमा पर्ने र बंगालको खाडिको हावापानिको प्रभाव पर्ने हुनाले वर्षा निरन्तर भैरहने गर्दा कच्ची सडकमा ढलकटानको व्यवस्था नभएको र पानीको भल सडकबाटै बग्दा बाटो खोलिने र सवारीसाधन गुडाउनसमेत अप्ठेरो हुने गर्दा ढुवानी समस्या यस गाँउपालिकाको प्रमुख जड समस्या हुने गरेको पाइन्छ । त्यसमाथि यस गाँउपालिकाको बजारमा सामान खरिद गरेपछि भुक्तानि गर्न मूल्य अभिवृद्धि कर विजक भएका कम्पनी तथा फर्महरुको अभाव भएकाले रु.२०,०००।- भन्दा माथिका सामान खरिद गर्नसमेत समस्या हुने गरेका छ ।

### ४. समाधानका लागि गरिएका पहल

यातायात ढुवानी समस्या, बैकिङ सुविधाको समस्या, स्रोतको समस्याले गाँउपालिका सञ्चालनमा वृहद् समस्या सृजना भएकाले उक्त समस्याहरु समाधानका लागि देहाय बमोजिमका कदम चालियो ।

- यस्ता समस्या समाधानार्थ यस जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री गोमादेवी चेमजोङलाई यस विषयमा अवगत गराइयो । जसले गर्दा यस गाँउपालिकामा आगामी श्रावणदेखि नेपाल राष्ट्र बैकबाट अनुमति प्राप्त क वर्गको बैक एभरेष्ट बैक आउने निश्चित भएको छ ।

- बैकविना सहज भुक्तान प्रक्रिया सम्भव नभएकाले उक्त बैकको विस्तार गर्न सम्बन्धित बैकहरुलाई समेत जानकारी भैसकेको अवस्थाले बैकिङ कारोबारबाट सुरक्षित तवरले रकम भुक्तानि दिने वातावरणको विकास हुनेमा हामीलाई विश्वस्त हुन आह्वान भएको थियो ।
- त्यसैगरी यस क्षेत्रका सडकमा पिच गर्न, नदीमा तथा खोलामा पक्की पुल निर्माण गर्नका लागि आवश्यक पहल मन्त्रालयलाई गर्न पत्र पठाइएको छ ।
- अर्कोतर्फ यस गाँउपालिकालाई पर्यटनमैत्री नगरीको रुपमा विकास गर्न गढीमाई मन्दिरको स्थापना तथा विकास र भ्युटावर निर्माण गर्न सकेमा सोको लागि आवश्यक पर्ने सडक लगायतका भौतिक पूर्वाधारको विकासमा पनि टेवा पुग्न सक्ने हेतुले राजनितिक दल तथा समाजका बुद्धीजिवि, समाजसेवीहरुको सर्वपक्षीय, सर्वदलीय मिटिङ आयोजना गरी सो मिटिङमा सो विषय उठान गरी सबैलाई त्यस्ता संरचनाको विकासमा टेवा पुऱ्याउन आवश्यक पहलकदमी उठाउन तयार हुने प्रतिवद्धता जाहेर गराइयो ।

## ५. निष्कर्ष

यस हतुवागढी गाँउपालिकामा निर्मित सडकको पिच भएमा, बैंकिङ कारोबारमा सहज पँहुच हुने वातावरण श्रृजना भएमा, खोला तथा नदिहरुमा पक्की पुल निर्माण भएमा, नियमित बस लगायतका रुटका सवारीसाधन चलेमा, गढी संरक्षणमा आवश्यक पहल कदमी भएमा, भ्यू टावर निर्माणको प्रक्रिया सुरुवात भएमा यस गाँउपालिका नमुना गाँउपालिकाको रुपमा विकास हुने कुरामा दुइ मत नै रहन्न । यसर्थ यहाँका राजनीतिक दल, समाजसेवी, बुद्धिजीवी, शिक्षक तथा स्थानीयहरु प्रतिवद्ध भै यस हतुवागढी गाँउको विकासमा तत्पर रहनु पर्दछ । जसको लागि यस गाँउपालिकामा राम्रा भिजन भएका उम्मेदवारलाई जनप्रतिनिधिको रुपमा विजयी गराउन आवश्यक छ । आफ्नो क्षेत्रको विकासमा प्रतिवद्ध निर्वाचित पदाधिकारीले मात्र गाँउ क्षेत्रको परिवर्तनमा योगदान पुऱ्याउन सक्छ । त्यसैले भोजपुर जिल्ला विकासको सम्भावना बोकेको ऐतिहासिक हतुवागढी रहेको स्थान भएकाले यहाँको भौतिक विकासबाट मात्र आर्थिक विकास एवं वृद्धिमा टेवा पुग्न सक्छ ।

# ग्वानी खानेपानी आयोजना मुहानको विवाद

**रमेश विश्वकर्मा (सुनार)**

## १. पृष्ठभूमि

जलस्रोतको दृष्टिकोणले नेपाल विश्वको दोस्रो धनी राष्ट्रको रुपमा परिचित भएता पनि खानेपानीको समस्या नेपालको पहिलो प्रमुख समस्या नै मानिन्छ । नेपालकै प्रमुख समस्याको रुपमा रहेको खानेपानी समस्या डोटी जिल्लामा पनि विकराल नै रहेको देखिन्छ । सायल गाउँ पालिका डोटी जिल्ला कै अति दुर्गम स्थानमा अवस्थित भएका कारण विकासका हरेक पूर्वाधारसँगै खानेपानीको उचित व्यवस्थापन हुन सकेको छैन । डोटी जिल्लाको उत्तरी भागमा रहेको सायल गाउँ पालिकाको २ नं वडा तोलेनीमा पनि खानेपानीको समस्या अत्यधिक भएको जिल्ला समन्वय समिति डोटीको अध्ययनमा उल्लेख गरिएको छ । त्यसै तथ्यलाई आधार मानी सो वडामा "ग्वानी खानेपानी आयोजना जिविस परिषद्मा छलफल भई जिल्ला विकास योजनामा पर्न सफल भयो । सोअनुसार साविकाको तालेनी गाविस हालको सायल गा.पा २ नं.वडामा पर्ने सो गाउँमा सात(७) सदस्यीय उपभोक्ता समिति गठन गर्न लगाई सो उपभोक्ता समितिसँग आयोजना सञ्चालन गर्ने सम्झौता भयो र सोही सम्झौताअनुरुप उपभोक्ता समितिलाई आयोजनाको कामकारवाही शुरु गर्न आग्रहसहित लिखित अधिकार प्रदान गरियो ।

## २. समस्याको कथन

डोटी जिल्ला, सायल गाउापालिका २ नं. वडा तोलेनीमा पर्ने ग्वानी खानेपानी आयोजनाको निर्माण भइरहेको क्रममा वि.सं. २०७३ साल चैत्र ४ गते सो खानेपानी आयोजनाको बिषयमा जिल्ला समन्वय समिति डोटीमा मुद्दा परेको छ । जिससका प्राविधिकबाट रु ५,१३,२८४ बराबरको लागत अनुमान भई सो आयोजनाका लागि जिसस डोटीबाट रु ४००,०००/०० को बजेट विनियोजन भएको थियो । त्यस्तै गरि रु १,१३,७२८४ बराबरको स्थानीय उपभोक्ताहरुबाट जनश्रमदान गर्ने गरी तत्कालिन जिविस डोटी सँग सम्झौता भएको थियो । सम्झौता भई आयोजनाको केही कामसमेत सुरु भइसके पश्चात सो आयोजनामा मुद्दा परेको देखिन्छ । सोही गाउँ पालिकाको २ नं वडामा पर्ने ओखट्टे सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष मुक्तिराज ओझाले सो आयोजनाको मुहान आफ्नो सामुदायिक वन क्षेत्र भित्र पर्ने र सो आयोजनाबाट आफ्नो टोलवासीहरु खानेपानीको सुविधाबाट वञ्चित हुनु पर्ने अवस्था आउने भन्दै सो आयोजनाको काम तत्काल बन्द गर्न जिल्ला समन्वय समितिमा उजुरी दिएका हुन । तत्पश्चात सो खोनपानी विवादको छानविन गरी कारण पत्ता लगाई स्थानीय स्तरबाटै सो समस्या समाधान गर्न जिल्ला समन्वय समितिको च.न.२०१४ मिति २०७३/१२/९ गतेको पत्रानुसार यस सायल गाउँ पालिकाकालाई निर्देशनभई आएको थियो ।

## ३. मामिला विश्लेषण

डोटी जिल्लाको तत्कालिन तोलेनी गा.वि.स. वडा नं.४ को विकराल समस्याको रुपमा रहेको खानेपानीको समस्याबारे जिल्ला परिषद्मा छलफलपश्चात् सो आयोजना जिल्ला विकास योजनामा समावेश गरियो । लगभग ५६ घरधुरीलाई प्रत्यक्ष रुपमा लाभ दिने उद्देश्यले सो आयोजना २०७४ साल आषाढ मसान्त सम्म संचालनमा आउने गरी सम्पन्न गर्ने योजना बन्यो । सोहीअनुरुप वि.सं. २०७३ साल मंसिर २२ गते सो क्षेत्रमा खानेपानी आयोजना सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस भई उपभोक्ता समिति तथा तत्कालिन जिविस डोटीबीच आयोजना सम्पन्न गर्ने दुईपक्षीय सम्झौता भएको थियो । हर्क बहादुर सिंहको अध्यक्षतामा बसेको सात (७) सदस्यीय उपभोक्ता समिति र जिल्ला विकास समिति डोटीका प्रतिनिधिबीच योजना सम्पन्न गर्न एकअर्कालाई अधिकार हस्तान्तरण गर्दै सम्झौता भयो । सो सम्झौता गर्न उपभोक्ता समितिबाट निम्न कागजातहरु पेश गरिएको थियो :

- उपभोक्ता समितिको निर्णय (:प्लगतभ)को प्रतिलिपि
- तत्कालिन तोलेनी गा.वि.स.को सिफारिस
- प्राविधिकको लागत अनुमान

आयोजना सम्झौता भएपछि जिविसले उपभोक्ता समितिलाई सो आयोजना सम्पन्न गर्न अनुमतिस्वरुप समितिका अध्यक्षलाई कार्यादेश प्रदान गऱ्यो । अब उप्रान्त सो आयोजनाको हरेक कामकारबाही अध्यक्षको प्रत्यक्ष निगरानी तथा मातहातमा रहने गरी अधिकार प्रदान गरियो । त्यसका साथसाथै

उपभोक्ता समितिको एक बैंक खाता खोल्न लगाइयो, जहाँबाट कारोबार गर्न समितिकै तीन पदाधिकारी अध्यक्ष, सचिब र कोषाध्यक्षको सामूहिक सहमति हुनुपर्ने व्यवस्था गरियो । सम्भौता भए लगत्तै उपभोक्ता समितिको अगुवाईमा सो आयोजनाको काम निर्वाध रुपमा सुरु गरी आयोजना संचालन भएको करिब एक(२) महिनापछि एक किस्ता रकम समेत निकासा गरियो । जिविसले कार्यविवरण हेरेर तथा स्थलगत अवलोकन गरेर सो रकम निकासा गरेको थियो । आयोजनाको लागि इन्टेक निर्माण सम्पन्न भई पाइपलाइन खन्ने काम आधा भइसक्दा चैत्र ४ गते ओखट्टे सामुदायिक वन उपभोक्ता समितिका अध्यक्षले सो खानेपानीको मुहान आफ्नो सामुदायिक वन क्षेत्रभित्र पर्ने र सो मुहानबाट ओखट्टे वासीहरुले पनि पहिला नै फुचुरे टिप्पु खोलाबाट खानेपानी आफ्नो गाउँसम्म लगी सकेकाले सो मुहानकै माथिबाट उक्त ग्वानी खानेपानी आयोजनाले खानेपानी निर्माण गरेमा आफ्नो करिब ४७ घरधुरीका २८९ जनसंख्या खानेपानीको सुविधाबाट वञ्चित हुने भन्दै जिल्ला समन्वय समिति डोटीमा उजुरी परेको देखिन्छ ।

तत्पश्चात् सो खोनपानी विवादको छानविन गरी कारण पत्ता लगाई स्थानीय स्तरबाटै सो समस्या समाधान गर्न जिल्ला समन्वय समितिको च.न.२०१४ मिति २०७३/१२/९ गतेको पत्रानुसार यस सायल गाउँ पालिकाकालाई निर्देशन भइआएको थियो । सो समस्याको समाधानका लागि गाउँपालिकाले सम्बन्धित पक्षलाई गाउँपालिकाको कार्यालयमा भेला गराई यथार्थ तथ्य पत्ता लगाई समस्या समाधानको प्रयास गरिए तापनि दुवै पक्ष आ-आफ्नो अडानबाटपछि नहटेकोले समस्या झन ठूलो बन्दै जाने स्थिति रहेको छ ।

### ३.१. कारणहरु

खानेपानी आयोजना आफ्नो सामुदायिक वन क्षेत्रभित्र पर्ने भएकाले सामुदायिक वन उपभोक्ता समितिको स्वीकृत विना सो आयोजना सञ्चालन हुन नसक्ने मद्दा हाल्ने समूहको भनाई थियो । त्यसका साथसाथै निम्न कारणहरुले गर्दा सो आयोजनाको सन्दर्भमा मुद्दा हाल्नुपरेको मुद्दा हाल्ने समूहको दाबी थियो ।

- आयोजनाको सन्दर्भमा पूर्ववत निर्माण सम्पन्न भइ सञ्चालनमा रहेको ओखट्टे खानेपानी उपभोक्ता समितिलाई जानकारी नै नगराई आयोजनाको काम सुरु गरेको उनीहरुको दावी थियो ।
- पूर्ववत निर्माण सम्पन्न भइ सञ्चालनमा रहेको ओखट्टे खानेपानी आयोजनाको मुहान रहेको स्थान भन्दा केही दुरीमाथिबाट निर्माण हुन लागेको ग्वानी खानेपानी आयोजना सञ्चालन भएमा ओखट्टे वासीहरुको धारामा पानी नआउने अवस्था रहेको छ ।
- खानेपानी आयोजनाको लागत अनुमान गर्दा सो मुहानमा प्राविधिकले निरीक्षण नै नगरी आयोजनाको कार्य सुरु गरेको दावी गरेका छन ।
- सो आयोजना आफ्नो वडाको सिमानाभित्र पर्ने हुँदा हुदै पनि अर्को वडालाई सोही स्थानबाट आयोजना निर्माण गर्न तत्कालिन तोलेनी गा.वि.स. ले बेमनासिब तरिकाले सिफारिस गरेकाले सोको छानबिन हुनुपर्ने उनीहरुको अर्को दावी छ ।

साथै ग्वानी खानेपानी उपभोक्ता समितिको भने सो बिषयमा निन्नानुसारको दावी रहेको छ ।

- सो आयोजनाको मुहान र विगतमा सञ्चालित ओखट्टे खानेपानी आयोजनाको मुहान बेग्लाबेग्लै भएको ।
- आयोजनाको माग गर्दा र जि.वि.स सँग सम्भौता गर्दा तत्कालिन तोलेनी गा.वि.सको सिफारिस लिइसकेको ।
- आयोजनाको स्थलगत अवलोकन,लागत अनुमान,स्वीकृत भई निर्माणको कार्य सुरु भएको ३ महिना सम्म कुनै विरोध नभएकोले अव आधा काम सम्पन्न भएपश्चात् आयोजनाको काममा अवरोध गर्नु तर्कसँगत नभएको ।
- सो ग्वानी खानेपानी आयोजना सञ्चालन भएपछि पनि विगतको ओखट्टे खानेपानीको मुहानमा कुनै असर नपर्ने हुँदा ओखट्टेवासी खानेपानीको सुविधाबाट वञ्चित नहुने ।

### ३.२ असरहरु

ग्वानी खानेपानी आयोजनाको निर्माण कार्य भइरहँदा आयोजनाको बिषयमा छिमेकी टोलहरुबीच विवाद उत्पन्न हँदा आयोजनामा स्थानीय लाभान्वित हुने व्यक्तिहरुको निराशा देखिन्छ । योजनाले स्थानीय

जनमानसलाई खुशी तुल्याउनुको सट्टा जनतामा आक्रोश र असन्तुष्टपन सिर्जना गरिदिएको छ । आयोजना स्थानीय वर्गबाट असफल ठहरिदा विभिन्न नकरात्मक असरहरु प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा आयोजनामै पर्ने देखिन्छ । जसमध्ये केही महत्वपूर्ण असरहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- समयमा सो आयोजनाको विवाद समाधान नभएमा तोकिएको समयमा आयोजना निर्माणको कार्य सम्पन्न गर्न कठिन हुन तथा  जिसस डोटीबाट विनियोजित बजेटसमेत फ्रिज हुनसक्ने देखिन्छ ।
- आयोजनाको काम हुन नसकेमा ग्वानीका उपभोक्ताहरुको खानेपानी समस्या झन टट्कारो बन्दै जाने देखिन्छ ।
- आयोजनाको काम आधा सम्पन्न भएसकेकाले सो आयोजना बीचैमा रोकिएमा स्थानीय उपभोक्ताहरुको  श्रमदान र जिससको लगानी खेर जाने देखिन्छ ।
- आयोजनाको विवादले स्थानीय वासीहरुबिच मुटाव बढाउने तथा समयमै विवादको समाधान हुन नसकेमा समस्याले झन बृहत रुप लिन सक्ने देखिन्छ ।
- असन्तुष्ट पक्षको बाहुल्यता भएमा आयोजना दीर्घकालसम्म सञ्चालनमा आउन कठिन हुन देखिन्छ ।
- अस्वस्थ र फोहोर खानेपानीले जनताको स्वास्थ्यमा गम्भीर असर पुऱ्याई सो गाविसमा विरामीको संख्या बढ्ने संभावना रहन्छ ।
- आयोजनामा परेको मुद्दाको मुख्य एजेन्डालाई मध्यनजर गर्दा सो आयोजनाले थोरै घरधुरीलाई मात्र फाइदा पुऱ्याउने हुँदा जनताको स्थानीय तहप्रति आक्रोश बढ्ने देखिन्छ ।
- निकट भविष्यमा खानेपानीको अन्य योजना सो वडामा नपर्ने भएकोले अन्य जनता खानेपानीको समस्याबाट मुक्त नहुने र खानेपानीको समस्या पछिसम्म रहिरहने हुनसम्छ ।
- असन्तुष्ट पक्षरत समूहले सो आयोजनाको भौतिक संरचना विगर्ने, भत्काउने आदिजस्ता कार्यहरु गर्नसक्ने संभावना प्रवल रहन्छ ।
- उजुरी गर्ने पक्षले तत्कालिन तोलेनी गा.वि.स.द्धारा आफ्नो अधिकार क्षेत्र भित्रको मुहानबाट अर्कै समुदायलाई आयोजना निर्माण गर्न सिफारिस गरिएको दावी गरेको हुँदा स्थानीय तहप्रति आम नागरिकमा नकारात्मक धारण बढ्दै जाने देखिन्छ ।

## ४. समाधानका लागि भएका प्रयास

यो आयोजनामा मुद्धा  जिसस डोटीमा दाखिला भइ समाधानका सायल गाउँपालिकालाई जिम्मेवारी तोकिएको हुँदा सो समस्याको समाधानका लागि गाउँपालिकाले सम्बन्धित पक्षलाई गाउँपालिकाको कार्यालयमा भेला गराई यथार्थ तथ्य पत्ता लगाई समस्या समाधानको प्रयास गरिए तापनि दुवै पक्ष आ-आफ्नो अडानबाट पछि नहटेकोले सो समस्यालाई दीघकालीन रुपमा समाधान गर्नका लागि गाउँपालिका, जिसस, स्थानीय, उपभोक्ता समूह तथा अन्य निकायहरुबाट निम्न उपायहरु अपानाउन सकिन्छ ।

- सो खानेपानी आयोजनाको स्थलगत अध्ययन गरी स्थानीय लभान्वित जनतासँग थप छलफल गरी सत्यतथ्य पत्ता लगाउन सकेमा आयोजना स्वःस्फूर्त रुपमा संचालनमा ल्याउन सकिन्छ । आयोजना सच्चै व्यवहारिक रुपमा अनुचित भएको हो त भन्ने कुरा पत्ता लगाउनु सबैभन्दा महत्वपुर्ण कार्य हुन आउँछ ।
- मुद्धा लाउने समूह र उपभोक्ता समूहका अध्यक्षका राय विचार तथा समस्याहरु फरक फरक ठाउँमा अर्न्तवार्ता स्वरुप लिने र कसको गल्ती, कमजोरी छ भनी पत्तालगाई सो अनुसार कारवाही अगाडि बढाउँदा उपयुक्त हुन्छ ।
- खानेपानी आयोजनाको यथार्थ विवरण पत्ता लगाउन प्राविधिकबाट मुहान रहेको स्थानको स्थलगत रुपमा अध्ययन गराई प्रतिवेदन पेश गर्न लगाउने ।
- समास्याको समाधानका लागि समस्या समाधान समिति गठन गर्ने
- समस्या समाधान  समितिको प्रतिवेदनको प्रभावकारिता परिक्षण गर्ने र अनियमितता देखिएमा सम्बन्धितबाट कारबाही अगाडि बढाउने ।
- जिससको प्राविधिक टोलीबाट भएका क्लष्तर्ष्बा र :ष्मतभच्क अनुगमनका प्रतिवेदनहरुको विस्तृत अध्ययन गरी योजनाको प्राविधिक पक्ष पत्ता लगाउने कार्य गर्ने ।

- सम्बन्धित वडा सचिव तथा अन्य निकायहरुसँग सहकार्य गरी सो आयोजनाका विस्तृत ठोस अवस्था पत्ता लगाई सो अनुसार कारबाही अगाडि बढाउने ।
- मुद्धाको पक्षमा रहेका जनतालाई एकै ठाउँमा भेला गराई यसका समाधानका उपायहरु पालैपालो रुपमा सार्वजनिक रुपमा राख्न लगाई उपयुक्त उपाय अवलम्बन गर्न सकिन्छ ।

**५. निष्कर्ष:**

खानेपानी आपूर्ति अत्यन्तै नाजुक रहेको डोटी जिल्लाको सायल गाउपालिका २ नं. वडा तोलेनीमा नयाँ खानेपानी आयोजना निर्माण हुने क्रममा मुद्दा पर्नु आफैमा दयनीय अवस्था हो । घण्टौसम्म पैदल हिडी पानी लिन जानुपर्ने तितो यथार्थलाई अझ थप लामो समय यथावत राख्न यो मुद्दाले साथ दिएको देखिन्छ । करिब ५६ घरधुरिलाई खानेपानीको सरल र सहज पहुँच दिलाउने उद्देश्यका साथ निर्माण सुरु गरिएको सो खानेपानी आयोजना सञ्चालनमा आउन नसक्नु दुर्भाग्यको कुरा हो ।स मस्याको विश्लेषण गर्दा आयोजनाको काम सुरु गर्दा विगतमा सञ्चालित खोनेपानी उपभोक्ता समितिको सहमति नलिइएका, सामुदायिक वन क्षेत्रमा मुहान रहेको आयोजना सुरु गर्दा सामुदायिक वनकोसमेत स्वीकृति नलिएको, सो आयोजनाको निर्माणले अर्को खानेपानी आयोजनाको मुहानमा असर पर्ने कुरामा ध्यान नपुऱ्याएको आदि कारणहरुले गर्दा यो आयोजना निर्माणको क्रममा मुद्दा लगाइएको देखिन्छ । तर यो वडाको नाजुक अवस्थालाई मध्यनजर गर्ने हो भने यो खानेपानी आयोजना सञ्चालनमा आउन अत्यन्तै जरुरी देखिन्छ । समस्या समाधान समिति र प्राविधिकको प्रतिवेदनको विस्तृत अध्ययन तथा विश्लेषण, लाभान्वित समूहसँग प्रत्यक्ष कुराकानी, उपभोक्ता समूहका गुटहरुसँग वार्ता आदि गर्न सकेमा यो खानेपानी आयोजना सञ्चालनमा आउन कुनै कठिनाई नरहने देखिन्छ । यसका साथसाथै प्राविधिक टोलीका सबै प्रतिवेदनहरु अवलोकन र अध्ययन गरी सोअनुसार कारवाही अगाडि बढाउने, वडा सचिव, सम्बन्धित सरोकारवाला तथा निकायहरुसँग विस्तृत अवस्था बुझ्ने, सार्वजनिक रुपमा सो मुद्दासम्बन्धी सनुवाई कार्यक्रम राखी आएका विभिन्न प्रस्तावबाट उपयुक्त उपाय छनोट गरेमा यो समस्या समाधान हुने देखिन्छ । र अर्को महत्वपूर्ण कुरा, स्थानीय जनतालाई सचेतगराई गलत नियत बोकेकालाई कारवाही गर्न सकिएमा हालको समस्या समाधान हुने मात्र नभई दीर्घकालमा पनि यस्ता समस्याहरु आउनबाट रोकिने थिए ।

## सामाजिक सुरक्षा, संचालन र पुजिगत तर्फको रकम हिनामिनामा बेपत्ता भएका गाविस सचिव

**रेमोण्ड थापा मगर**

### १. पृष्ठभूमि

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ ले स्थानीय निकायको रुपमा रहने जि.वि.स., न.पा. र गा.वि.स. लाई स्वायत्त निकाय भनी परिभाषित गरेको छ । विगत १५ वर्षदेखि स्थानीय निकायहरु जनप्रतिनिधिविहिन भएको अवस्थामा सो निकायलाई संचालन गर्नका लागि राजनीतिक संयन्त्रको व्यबस्था गरिएको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले निर्वाचित जनप्रतिनिधिको कल्पना गरेता पनि विगत १५ वर्षसम्म स्थानीय निकाय निर्वाचित जनप्रतिनिधि विहिन थियो । यसले गर्दा कर्मचारीले प्रशासनिक एवम् राजनितिक दुवै कार्य बोझहरु आफ्नो काँधमा लिई काम गर्नुपर्ने अवस्था सिर्जना भएको थियो । विकासका कार्यहरुदेखि लिएर नागरिकताको सिफारिस एवम् पञ्जिकरणका कामहरु गा.वि.स. सचिवले गर्दै आएका थिए । अझ एउटै गा.वि.स. सचिवले एक भन्दा बढि गा.वि.स. का कार्यहरु गर्नूपर्ने बाध्यता पनि रहिआएको थियो । जि.वि.स.ले आफूमातहतको गा.वि.स.को खातामा सामाजिक सुरक्षा, पुजिगत एवम् संचालन तर्फको रकम जम्मा गरेपछि उक्त गा.वि.स.का गा.वि.स. सचिवले सो शिर्षकमा आएको रकम खर्च गर्ने गर्छन् । गा.वि.स.को खाता गा.वि.स सचिव र अर्को एकजना सरकारी कर्मचारीको संयुक्त दस्तखतमा संचालन हुने गर्दछ । प्रत्येक शीर्षकमा खर्च भएको रकमको भर्पाइ गा.वि.स. सचिवले जि.वि.स.मा बुझाउनु पर्दछ । सामाजिक सुरक्षाको हकमा भने प्रत्येक चौमासिकमा गा.वि.स सचिवहरुले ती शीर्षकमा आएको रकम वितरण गर्ने गर्दछन् ।

### २. समस्या कथन

डोटी जिल्लामा पर्ने साविकको जिजौडामाण्डौ र पोखरी गा.वि.स.का गा.वि.स सचिव श्री ईश्वर बहादुर सिंहले ती दुवै गा.वि.स.को सामाजिक सुरक्षा, संचालन र पूजीगततर्फको रकम जम्मा रु ६८२०२४४, अधिकांश आफ्नो नाममा र केही अन्य व्यक्तिको नामबाट झिकेर बेपत्ता भएका थिए । जि.वि.स ले सञ्चालन गर्ने गा.वि.स. सचिवहरुको बैठकमा लगातार दुई पटक अनुपस्थित भएपछि सो कुराको स्पष्टिकरण मागी पत्र पठाउँदा उक्त पत्रको पनि जवाफ नआएपछि छानबिन गर्दा सो कुरा उजागर भएको थियो ।

### ३. मामिला अध्ययन

जि.स.स डोटीले मिति २०७३।०७।११ गते आयोजना गरेका गा.वि.स. सचिवको बैठकमा अनुपस्थित भएपछि जिजौडामाण्डौ र पोखरी गा.वि.स. का गा.वि.स. सचिव श्री ईश्वर बहादुर सिंहलाई उपस्थित हुन नस्कनुको कारणको जवाफ पठाउन पत्राचार गरिएको थियो । गा.वि.स मा पनि उपस्थित नभएको भन्ने मौखिक जानकारिहरु आएकोले मिति २०७३।०७।२४ गते अर्को पत्र घर ठेगानामा पत्राचार गरिएको थियो । जहाँ सो पत्र प्राप्त भएको २४ घण्टाभित्र जि.वि.स.को कार्यालयमा हाजिर हुनु भनिएका थियो । २०७३।०८।०५ गतेको गा.वि.स सचिवको बैठकमाफेरि अनुपस्थित भएपछि २०७३।०८।०६ गतेफेरि अर्को स्पष्टिकरणको पत्र घर ठेगाना पठाइयो जहाँ पत्र प्राप्त भएको मितिले बाटोको म्याद बाहेक २४ घण्टा भित्र स्पष्टिकरणसहित उपस्थित हुन भनिइएको थियो । दुवै गा.वि.सको सामाजिक सुरक्षा, संचालन र पूजिगततर्फको रकम हिनामिना गरेको भन्ने विषयमा २०७३।०८।०९ मा छानबिन समिति गठन गरियो । उक्त समितिको प्रतिवेदनबाट जिजिडामाण्डौ गा.वि.सको रु २९७५५०१ र पोखरी गा.वि.सको रु ३८४४७४३ गरी जम्मा रु ६८२०२४४ मा अधिकांश आफ्नो नाममा र केही रकम अन्य व्यक्तिको नामबाट झिकेको देखिन आएको र उक्त झिकेको रकमको श्रेस्ताहरु गा.वि.समा नभएकोले उक्त रकम झिक्नुको कारण पुष्टयाईसहित पत्र प्राप्त भएको मितिले बाटोको म्याद वाहेक २४ घण्टा हुनु होला अन्यथा निजामति सेवा ऐन २०४९ र नियमावली २०५० अनुसार कारवाही भई जाने भनी निजको घर ठेगानामा पत्राचार गरिएका थियो । पछि रा.व. बैंकमा मिति २०७३।०८।३० गते बैंक स्टेटमेन्ट मागी हेर्दा जिजौडामाण्डौ गा.वि.स डोटीको कार्यालयको पुजिगत खर्च खाता ग-२२०८ मा १२५६३७१ र

पोखरी गा.वि.स.को कार्यालय डोटीको पुजिगत खर्च खाता ग- २२३९मा रु ११६१४०० र संचालन खर्च खाता ग- २१४१ मा रु १३३१५८२ गरी जम्मा रु ३७४९६२३ दिपकको नामबाट जम्मा हुन आयो ।

यस समस्याको मूल कारण यही नै हो भनेर किटान गर्न नसकेतापनि विशेष गरी एक कारणलाई इंगित गर्न सकिन्छ । त्यो हो सरकारी कर्मचारीमा हुनु पर्ने नैतिकता एवम् आचरणको अभाव । राष्ट्रसेवक कर्मचारी भएपछि देश र जनताको सेवामा लागि पर्ने र देशको सम्पत्तिलाई आफ्नै ठानी यसको संरक्षण र संर्म्बद्धनमा लाग्नु उनीहरुको दायित्व हून्छ । अझ नीति, नियम, कानूनको पालना गरी आम जनतामा सो को पालना गर्नु धेरै महत्वपूर्ण रहेछ भन्ने कुराको आभास दिलाउन सक्नुपर्छ । यदि सरकारी कर्मचारी नै नीति, नियम, कानुनको अवहेलना गर्दै अघि बढ्ने हो भने यसले पक्कै पनि राम्रो कुराको छाप आम नागरिकमा पर्दैन ।

### ४. समस्या समाधानका लागि गरिएका पहल

गा.वि.स.को रकम अधिकांश आफ्नो नाममा र केहि रकम अन्य व्यक्तिको नाममा झिकी हिनामिना गरेको हुनाले श्री ईश्वर बहादुर सिंहलाई निजामति सेवा ऐन २०४९को दफा ६४ को उपदफा १ बमोजिम मिति २०७३।९।४ गते को निर्णयनुसार २ महिनाका लागि निलम्बन समेत गरियो । निजलाई लागेको आरोप सम्बन्धमा पुष्टयाई पेश नगरेकाले निजामति सेवा नियमावली २०५० को नियम ११० को (क) मा भएको व्यवस्थानुसार विभागिय सजायको आदेश दिन पाउने अधिकारीले निर्णय गरी सम्बन्धित कर्मचारीलाई लगाइएको आरोपको सम्बन्धमा कम्तीमा १५ दिनको समय दिई ऐनको दफा ६६ बमोजिम सफाईको मौका दिनुपर्ने उल्लेख भए अनुसार निजलाई जि.स.स. ले मिति २०७३।९।१४ गतेको पत्रबाट पत्र प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५ दिन भित्र अवकास गर्नृ नपर्ने कारण स्पष्टीकरण पेश गर्नु होला भनि पत्राचार गरिएकोमा निजले मिति २०७३।१०।५ गते स्पष्टिकरण पेश गरेका थिए । सो स्पष्टीकरणको निवेदन हुलाक कार्यालय काठमाण्डौमा २०१७।०१।२२ को तारिखमा दर्ता भएको थियो । सो जवाफको निवेदन जि.स.स. को कार्यालयमा मिति २०७३।१०।१८ गतेमा प्राप्त भएको थियो । सो पत्रमा निजले आफू माथि लागेको आरोपहरु स्वीकार गरेता पनि जवाफ चितबुझ्दो नभएकोले जि.स.स.ले मिति २०७३।१०।२४ गतेको पत्रबाट ३० दिन भित्र चित्त बुझ्दो जवाफ पेश गर्न भनि पत्राचार गरिएको थियो । तर सो को जवाफ निजले नपठाएपछि जि.स.स.ले मिति २०७३।१०।४ गते को पत्रमा सोही मितिबाटै लागु हुने गरी थप १ महिनाको लागि निलम्बन गरियो । भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरि सेवाबाट हटाउन निजामति सेवा ऐनको दफा ६८मा व्यवस्था भए बमोजम लोकसेवा आयोगको परामर्श लिनुपर्ने भन्ने व्यवस्था अनुसार सो को लागि प्रकृिया अगाडि बढाइएको छ ।

### ५. निष्कर्ष

गा.वि.स. सचिवहरुले सामाजिक सुरक्षा अन्तर्गत आउने रकममा हिनामिना गरेका समाचारहरु हामीले सुन्दै आएका थियौ । यसले गर्दा निजामति सेवामा कार्यरत कर्मचारीहरु भ्रष्ट हुन्छन् र देश एवम् जनता लागि नभई पैसाका लागिमात्र काम गर्छन् भन्ने एक प्रकारको गलत प्रचार आम नागरिकामा नपरेको होइन । अझ यस घटनाले गर्दा समग्र निजामति सेवामा कार्यरत कर्मचारीको नैतिकता एवम् आचरणमै प्रश्न उठाएको हो । लोकसेवाले लिने परिक्षामा मात्र नभई आफ्नो व्यवहारमा समेत नैतिकता एवम् आचरण लागु गर्न नस्कनु हामी सबैको कमजोरी हो । उत्तरमा मात्र सीमित यी कुराहरु व्यवहारमा लागु गर्न नसक्नु विडम्बनाको कुरा हो । आम जनतामाझ अहिले कर्मचारी पैसा नलिई काम गर्दैन भन्ने एक किसिमको मानसिकता परेको बेला उक्त घटनाले झनै सो मानसिकतालाई बढावा दिने काममात्र गरेन यसले सरकारी कर्मचारीहरुको नैतिकतामा नै प्रश्न उठायो । तसर्थ सो मानसिकतालाई चिर्दै सरकारी कर्मचारीहरु जनता र राष्ट्रका लागि काम गर्छन् एवम् देश विकासमा सदैव लागि पर्छन् भन्ने मानसिकताको विकास गर्नु हामी नव नियुक्त अधिकृत साथीहरुका साथै सबै सरकारी कर्मचारीहरुमा आइपरेको चुनौति हो जसलाई हामी सबैले पुरा गर्न बाँकी छ ।

# सरसफाई अभियानमा सुन्य सहभागिता

**लेखनाथ पोखरेल**

## १. पृष्ठभूमि

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ९६ मा नगरपालिकाको क्षेत्रभित्रको बाटो सडक पुल, ढल, पोखरी, तलाउ, इनार, कुवा, ताल, तलैया, धारा, बहाल, मठ, मन्दिर तथा नगरभित्रको फोहोरमैला र सडेगलेका बस्तुहरु फँयाक्ने चोक र गल्ली सफा राख्ने तथा सरसफाईको निमित्त नगरबासीहरुलाई अभिप्ररित गर्ने, सरसफाईको कार्यक्रम सन्चालन गर्ने गराउने कार्य नगरपालिकाको काम कर्तब्य अधिकार भित्र पर्नेछ भन्ने व्यवस्था छ । त्यसैगरी फोहोरमैला ब्यवस्थापन ऐन २०६८ को परिच्छेद २ मा फोहोरमैला व्यवस्थापन गर्ने गराउने अन्तिम दायित्व स्थानीय निकाय (हालको स्थानिय तह) को हुने भनिएतापनि हानिकारक फोहोरमैला, स्वास्थ्य सस्थांजन्य फोहोरमैला, रासायनिक फोहोरमैला वा औधोगिक फोहोरमैला प्रशोधन तथा व्यवस्थापन गर्ने दायित्व  निर्धारित मापदण्डको अधिनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्याक्ति वा निकायको हुनेछ ।

आफ्नो क्षेत्रभित्र विसर्जन हुनसक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकि फोहोरमैला मात्र निष्काशन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक ब्यक्ति संस्था वा निकायको कर्तव्य हुनेछ । सोही सन्दर्भमा नेपाल सरकारले मिति २०७३र११र२७ मा स्थानीय निकाय भङ्ग गरी ७४४ स्थानीय तहको घोषणा गरे सङ्गै नयाँ नगरपालिकाको रुपमा पन्चदेवल बिनायक नगरपालिका विनायक अछाम कायम भएको हो । नगरापालिकाको कार्यालय सन्चालन तथा सेवा प्रवाहको व्यवस्थापनको लागि नेपाल सरकारले केही रकम उपलब्ध गराएको र साबिकको बिनायक गा वि स को ३ कोठे भवनबाट नगरपालिकाले कार्य सन्चालन गरी आएको अवस्थामा नगरपालिका जनताको माझमा जाने माध्यमको रुपमा पहिलो सार्वजनिक सरोकारको काम सन्चालनमा ल्याउने हेतुले नगरपालिका कार्यालय वरपर रहेको विनायक बजारक क्षेत्रको सरसफाई कार्यक्रम आयोजना गर्न मिति २०७४/०१/२० को सम्पूर्ण राजनितिक दलका प्रमुख तथा प्रतिनिधि, सेवागत कार्यालयका प्रमुख स्थानिय स्तरमा क्रियाशित विभिन्न संघ सस्थाहरु, नागरिक समाज, बजार व्यावसायी, होटल व्यावसायी, स्थानिय ब्यापारी, सरोकारवाला जनता आदि सम्पूर्ण उपस्थित भेलाले मिति २०७४र०१र२३ देखि २०७४/०१/२७ सम्म बिहान सात बजेदेखि नौ बजेसम्म नगरपालिकाको प्राङ्गडमा जम्मा भई पाँच दिन सम्म विभिन्न कार्यक्रम गरी बजार क्षेत्रको सरसफाई कार्यक्रम गर्ने निर्णय सर्वसम्मतिले पारित गरेको अवस्थामा सरसफाई कार्यक्रमको दिन विषयगत कार्यालयका र बजार व्यवस्थापन समितिका एकाध व्याक्तिहरु बाहेक सरसफाई अभियानमा कसैको सम्लग्नता नरहेको ।

## २. समस्याको कथन

पन्चदेवल विनायक नगरपालिका बिनायक अछाम नयाँ घोषणा भएको नगरपालिका हो जसको कुनै आन्तरिक श्रोत नभएको र तत्कालको लागि सरकारले नगरपालिकाको कार्यालय सन्चालन तथा व्यवस्थापनको लागि निश्चित रकम विनियोजन गरी पठाएको अवस्थामा केही रकम छुट्टाई सरसफाई कार्यक्रम सहयोग गर्ने उदेश्यले सरसफाइ अभियानमा लाग्ने सम्पूर्ण रकम नगरपालिकाले आर्थिक दायित्व बहन गर्ने गरि साविकको बिनायक गा वि स छदाँ रहेको बजार क्षेत्रको विकास र प्रवर्दनको लागि विगत ५ वर्षदेखि क्रियाशील विनायक बजार विकास तथा प्रवर्दन समितिलाई आयोजकको रुपमा राखि यस नगरपालिकाको सहकार्यमा बिनायक बजार क्षेत्रको सरसफाई गर्ने अठोटका साथ कार्यक्रम गर्ने निर्णय सर्वसम्मतिका साथ पारित गरिएको । नगरपालिकाको आयोजनामा कार्यक्रम सन्चालन गर्दा नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत दुरदराजको क्षेत्र जस्तै कालेकाडा, बारला जस्ता वडाहरुमा सरसफाई कार्यक्रम गर्न भैगोलिक दुरीले असहज पर्न गएको र तत्काल नसकिने हुदाँ तहाँका जनताबाट बिरोधको आवाज प्रकट हुने भएकोले तत्कालका लागि नगरपालिकाको विकासको सम्भावना बोकेको बिनायक बजार क्षेत्रको सरसफाई गर्ने कार्यक्रम आयोजना गरिएको । सरसफाई अभियान सन्चालनको लागि सर्वसाधारण सबै जनताको उपस्थीतिको लागि स्थानिय स्तरमा क्रियाशील एफ.एमबाट सूचना प्रसारण, बजार क्षेत्रमा पर्चा पम्पेले टाँस तथा कार्यक्रम सन्चालन गर्ने दिनको अघिल्लो साझ बजार क्षेत्र वरपर माईकिङ्ग गरी सबैको जानकारी गराएको साथै कार्यक्रममा उपस्थित ७० जना भन्दा बढी सहभागिहरुलाई प्रत्येक घरबाट कम्तिमा १ जना अनिवार्य उपस्थिति हुनको लागिसमेत अपिल गरिएको

। अभियान सन्चालनको दिन नगरपालिकामा तत्काल कायम हरेको ८ जना कर्मचारी बजार विकास तथा प्रवर्दन समितिका अध्यक्ष र कोषाध्यक्ष तथा विभिन्न संघ सस्थाका ६२७ जना प्रतिनिधि बाहेक सरसफाई अभियानका कोही कसैको सहभागिता नरहेको हुदा सफाई अभियानमा सुन्य सहभागिता मसशुस गरिएको । सफाई अभियानमा सुन्य सहभागिता रहेको अवस्थामा तत्कालको परिस्थितिलाई समाहित गर्न ईलाका प्रहरी कार्यालयका प्रमुखको सहकार्यमा तालिममा रहेका ११२ जना म्यादी प्रहरीको परिचालन गरि सफाई अभियानको पहिलो दिन भव्यताका साथ सफल पारियो । त्यसपछिका दिनमा नगरको अन्य स्थल सरसफाई गर्ने कार्यक्रम रहेकोमा कसैको सहभागिता नरहेको हुदा नगरपालिकाका कर्मचारीहरुले आफ्नो कार्यालय परिसर सरसफाई गर्ने कार्य गरियो ।

### ३. विश्लेषण

“सफा बानी स्वस्थ्य जिन्दगानी, सफा नगर सबैको रहर“ भन्ने नाराका साथ पहिलो नगर सरसफाई अभियान बजार विकास र प्रवर्दन समितिको आयोजना र नगरपालिकाको सहकार्यमा सन्चालित कार्यक्रम बिशेष गरि नगर क्षेत्रका जनतालाई आफ्नो वरपरको क्षेत्रको फोहोरमैला व्यवस्थापन तथा सरसफाई कार्य सम्बन्धी चेतना जगाउने र आफ्नो क्षेत्र आफै बनाउ भन्ने उदेश्य अनुरुप अगाडि आएको कार्यक्रम हो । सरसफाई कार्य गर्ने सम्बन्धी भेलालाई हेर्दा सरसफाई अभियानमा उलेख्य जनताको सहभागिता हुने अनुमान गरिएको थियो । उक्त भेलामा करिब सत्तरी भन्दा बढी जनताको समलग्नता रही सफाई अभियानलाई सफल पार्ने प्रतिवद्दतासमेत जाहेर गरिएको थियो ।

त्यस्तै फोहोरमैला व्यवस्थापन ऐन २०६८ को परिच्छेद २ को दफा ८ ले पनि फोहोरमैलाको उचित तरिकाले व्यवस्थापन तथा संकलनको लागि प्रत्येक टोल र बस्तीमा सबै मानिसहरुलाई पायक पर्ने गरी वातावरणीय रुपमा उपयुक्त स्थान खोजी आवश्यक कन्टेनरहरुको व्यवस्था गर्नु पर्नेछ । सोही व्यवस्थालाई मध्यनजर गरी विगत ५ वर्षदेखि सक्रिय हरेको बिनायक बजार विकास तथा प्रवर्दन समितिले टोलटोलमा फोहोर राख्ने कन्टेनरहरुको व्यवस्था गरको भएतापनि त्यस्ता कन्टेनरहरुमा स्थानियले माटो ढुङ्गा सिसा लगायतका नगल्ने सामाग्रीहरु राख्दिई काम नलाग्ने अवस्थामा रहेका त्यस्तै नगरपालिकाले पनि विभिन्न ठाँउहरुमा फोहोर फाल्ने कन्टेनरहरुको व्यवस्था गरेको तर त्यस्ता कन्टेनरहरुमा स्थानियले उलेख्य मात्रामा फोहोर नफाली सडकको यत्रतत्र फोहोर फाल्ने गरेको सोही यथार्थलाई मध्यनजर गरि सर्वसाधारण जनतालाई नै आफ्नो घर आगन पाटी पौवा सडक तथा मठ मन्दिर सरसफाई गर्न लगाई सफा नगर सबैको रहर तथा सरसफाई सबैको सँधैको लागि भन्ने धारणा सहित आफ्नो नगरको सरसफाई आफैले गर्नुपर्दछ नाकि अरु कोही कसैले गरिदिएर हुन्छ भनि स्थानिय सरोकारवाला सर्वसाधारण जनतालाई सचेतना जगाउन उक्त कार्यक्रमको आयोजना गरिएको थियो ।

बिनायक बजार विकास तथा प्रवर्दन समितिमा पनि राजनितिक भागबण्डाका कारण समितिले बजार सरसफाई सम्बन्धी कार्यमा उलेख्य उपलब्धी हासिल गर्न नसकेको तथा कुनै कार्यक्रम गर्दा राजनितिक भागबण्डाका आधारमा कार्यक्रम परिचालन गरिने हुदाँ निर्देशित कार्यक्रम पनि समयमा हुन नसकेको तितो यथार्थ रहेकोले नगरपालिका घोषणा भएपश्चात समितिलाई पुन एकपटक चलायमान बनाउने साथै सबै रानजितिक दलको साझा धारणा र एकता कायम गरी नगरपालिकाको सहकार्यमा सरसफाई अभियान सन्चालन गरी नगरपालिकालाई भोलिका दिनमा नगर क्षेत्रको सरसफाई कार्यक्रम सन्चालन गर्न तथा सरसफाई सम्बन्धी नीति नियमहरु बनाउन मार्गदर्शन दिन्छ भन्ने विश्वासका साथ सरसफाई अभियान मुख्य उदेश्य रहेको थियो । बजार क्षेत्रका सर्वसाधारण जनताहरुले सरसफाई अभियानमा सहभागिता तथा एक्येवद्दता जनाउनु त परको कुरा सफाई अभियानमा लागेको टिमले बजार क्षेत्रको सरसफाई गरिरहदाँ पसलभित्रबाट टुलुटुलु हेर्ने, ढोका बन्द गर्ने तथा सरसफाईको नाममा मोटो रकम खाने खेल हो भनि कुरा काट्ने सम्मका गतिविधिहरु सुन्नमा आएको थियो । सफाई अभियानमा सहभागि स्थानिय एक बुद्दिजीविका अनुसार कुनै सुविधा पाउने, पैसा पाउने कार्यक्रम भएको भए आवश्यक भन्दा बढी मानिसको सहभागिता रहने तर निशुल्क तथा स्वेच्छाले आउने कार्यक्रममा कोही कसैको सहभागिता नरहने यस क्षेत्रका जनताको नियति हो भन्ने धारणा राख्नुभएको रहेछ छ । सरसफाई कार्यक्रमको आयोजना र फोहोरमैलाको संकलन विसर्जन तथा व्यवस्थापनको लागि नगरपालिकाले निजी तथा सामुदायिक संस्था स्थानीय सरोकारवालाको संलग्नता गराउने सेवा शुल्क निर्धारण गर्ने सरसफाई प्रदुषण नियन्त्रण तथा फोहोरमैलाको व्यवस्थापन कार्यको अनुगमन गर्ने तथा फोहोरमैला व्यवस्थापनमा असहयोग गर्ने व्यक्ति संस्था निकाय वा सरोकारवाला कुनै संगठनलाई कानूनी कारबाही तथा कसुरको परिणामको आधारमा सजाँय गर्ने सम्मको अधिकार नगरपालिकालाई

रहेको हुदाँ नगरपालिकाको काम कर्तव्य अधिकारलाई जीवन्त र प्रभावकारी बनाउन जनताको बाँनी व्यवहारमा सुधार ल्याउन अत्यन्त जरुरी रहेको छ जसको लागि सरसफाई संबन्धी अभियानहरु नितान्त आवश्यक रहेको छ । सरसफाई अभियान सन्चानलमा देखा परेमा समस्याहरु निम्न छन् ।

- बैठकमा सहभागी भै सफाई अभियानमा सहभागी हुने प्रतिवद्दता जाहेर गरी माईनमा सही छाप गरे पनि कुनै राजनितिक दल, बजार सरसफाई समितिका सदस्यहरुको सफाई कार्यक्रममा सहभागिता नरहेको
- स्थानीय व्यापारी सर्वसाधारण जनता नागरिक समाज बुद्दिजीवि लगायत कुनै पनि सरोकारवालाको सफाई अभियानमा सहभागिता नरहेको
- सफाई कार्यक्रममा उपलब्ध सामाग्रीहरु जस्तै हसिया, कुचो, बोरी आदी लुकाउने घर लग्ने हराउने
- आफ्नो घर आगन अगाडि सरसफाई टोली आउदा मुकदर्शक भएर हेर्ने प्रवृति
- फोहोरमैला व्यवस्थापनको लागि प्रयाप्त सार्वजनिक जग्गाको अभाव
- तोकिएको समयमा उपस्थित नहुने (जस्तै ७ बजेको कार्यक्रम ८ः३० मा सुरु भएको)
- आफ्नो घरआगन बाटो-घाटो सडक सफा राख्ने कार्यप्रति जनताको उदाशिनता
- सहयोगी भावनाको कमि
- फोहोरमैला राख्ने कन्टेनरहरुमा माटो ढुगां राखिदिने गरेको

माथि उल्लेखित सम्स्याबाट निम्नअसरहरु सिर्जना भएका छन ।

- नगरपालिकाका आगामी योजनाहरुको निर्माणमा जनसहभागिता समन्वय तथा सहकार्यको अभाव
- स्थानिय स्तरका कार्यक्रममा जनताको अपनत्व नहुदाँ योजना कार्यक्रम कागजमा मात्र सिमित हुने
- सरसफाई कार्यक्रम सन्चालनमा आउने अनुदान तथा सहयोगमा कटौती
- नगरपालिकाले सम्पूर्ण कार्यक्षेत्रभित्र सरसफाई सम्बन्धी अभियानहरु सन्चानल गर्न जागरुकता नदेखाउने
- बजार क्षेत्रमा फोहोरमैला राख्नको लागि कन्टेनर तथा बकेटको अभावले फोहोर बाटोमा थुपार्नुपर्ने अवस्था
- बजार क्षेत्रको वातावरणीय सौन्दर्यतामा ह्रास आउने आदी ।

## ४. समस्या समाधानमा लागि गरिएका पहल

- नगरपालिकाकै आर्थिक सहयोगमा कार्यक्रम सन्चालन गरेको
- सरसफाई तथा नगर क्षेत्रको विकासको लागि नगरपालिकाको प्रमुखको अध्यक्षतामा नगर सरसफाई तथा विकास समिति गठन गरेको
- बजार क्षेत्रका सरोकारवाला जनताको सहभागिता र जानकारीको लागि साझपख माईकिगं गरी सूचना प्रवाह गरेको
- सरसफाई कार्यक्रममा जनताको अधिक सहभागिता होस् भन्ने हेतुले बिहान नगर र्याली कार्यक्रम गरेको
- बजार क्षेत्रमा फोहोर मैला व्यवस्थापनको लागि ठाँउठाँउमा कन्टेनरको व्यवस्था गरेको
- फोहोरमैलाको उचित व्यवस्थापन गर्न तत्कालको लागि अस्थायी ल्यान्डफिल्ड साइटको पहिचान गरेको
- फोहोरमैला उठाउन नगरपालिकाबाट भाडामा सवारी साधन र जनशक्ति व्यवस्था गरेको
- फोहोरमैला व्यवस्थापन प्राबिधिक सहयोग केन्द्र पुल्चोक ललितपुरमा थप सामाग्रीको लागि पहल गरेको
- फोहोरमैला व्यवस्थापनका सवालमा भएगरेका विभिन्न भिडियो कार्यक्रम तथा अभियानहरुको बृतचित्र कार्यक्रममा देखाईएको
- स्थानीय तहको निर्वाचन गराउन यस नगरपालिकाको कार्यक्षेत्रमा तालिममा रहेका म्यादी प्रहरी लगायत प्रहरी, विषयगत कार्यालयका कर्मचारीहरुलाई सहभागी बनाइएको
- नगरपालिकाकै पहलमा पटक पटक बैठक आव्हान गरी सरसफाई तथा फोहोरमैला व्यवस्थापनका नीतिगत र कानूनी प्रकृयाहरुको बारेमा जानकारी गराएको ।

## ५. निष्कर्ष

स्थानीय स्वायत्त शासन ऐन २०५५ नियमावली २०५६ तथा फोहोरमैला व्यवस्थापन ऐन २०६८ तथा नियमावली २०७० ले स्थानीय निकायले (हालको स्थानिय तह) ले स्थानीय स्तरमा सरसफाई कार्यक्रमहरु सन्चालन तथा फोहोरमैलाको व्यवस्थापन गर्ने र सो को लागि सरोकारवाला जनता संघ संस्थाको आवश्यक सहयोग लिने साथै हानिकारक फोहोरमैलाको व्यवस्थापन जसले फोहोरको सृजना गर्दछ सोही व्यक्ति संस्था वा निकाय स्वयमले नै विसर्जन गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ । नगरपालिका क्षेत्र भित्रको सरसफाई अभियानमा सहभागी भै राज्य प्रतिको आफ्नो कर्तव्य पूरा गर्नु प्रत्येक नागरिकको दायित्य हो । पन्चदेबल बिनायक नगरपालिकाको वरपर रहेको विनायक बजार क्षेत्रको सरसफाई अभियानमा जनतको जुन किसिमको असहभागिता भयो भोलिका दिनमा एवम प्रकारका गतिविधि हुदै जाने हो भने नगरपालिकाको विकास र उन्नतिमा तुषारापात लाग्नेछ । नगरपालिका नरकपालिकामा रुपान्तरण हुनछ । नगर क्षेत्रको विकासको लागि आयोजित सरसफाई कार्यक्रमले नगरपालिकाको भोलिको योजना निमाण गर्नमा सहयोग पुग्नछ । सरसफाई सबैको लागि भएकोले सबैको साथ सहयोग र सहकार्यमा अगाडि बढ्न सकेमा नगरपालिकको विकासले गति लिने कुरामा दुईमत छैन । स्थानीय जनताको सहभागिता सहकार्य समझदारी र एकता विना स्थानीय निकायको कुनै पनि कार्य सम्भव नभएको हुदा स्थानीय तहको विकासको लागि स्थानीय जनता जुझारुका साथ अगाडि बढ्न नितान्त आवश्यक रहेको छ ।

# रासँ गाउँपालिकमा खुला दिशामूक्त क्षेत्रको सफलता

**सुनिता कुमारी खत्री**

## १. पृष्ठभूमि

संयुक्त राष्ट्रंघले सन् १९८० को दशकलाई खानेपानी तथा सरसफाइ दशकको रुपमा कार्य गर्न आब्हान गरे पश्चात् औपचारिकरुपमा नेपालमा सरसफाइ प्रर्वद्धन गर्ने कार्यक्रम सुरुवात भएको हो । यस क्षेत्रमा संलग्न संस्थाहरुले आ-आफ्नो संस्थाको सीमित स्रोत साधन र कार्य प्रक्रियामा आधारित सरसफाइका टुक्रे कर्यक्रमहरु संचालन गर्दै आएक थिए । सरसफाइ गुरुयोजना, २०६८ का् कार्यन्वयन पश्चात हालका दिन सम्म आइपुग्दा स्थानीय तहको नेतृत्वमा सामाजिक अभियानको रुपमा सरसफाइ प्रवर्द्धन कार्यक्रम सरोकारवालाको समन्वय, सहकार्य र आवद्धतामा संचालन भई रहेको छ । सरसफाई र स्वच्छता प्रवर्द्धन गर्ने उद्देश्य हालसम्म (२०७३ कात्तिक सम्म २०७५ गा.वि.स, १६६ नगरपालिका, ३८ जिल्ला, धवलागिरी र राप्ती अंचल खुला दिसा मुक्त भएसकेको छन् । यसै गरी दैलेख जिल्लाको साविकका गाउँविकास समिति र नगरपालिकाहरु सवै खुला दिशामुक्त भई सकेको र अवको केही समयमानै दैलेख जिल्ला लाई खुला दिसा मुक्त क्षेत्रको घोषणा हुने तयारीमा छ । यस क्षेत्रमा संलग्न सरोकारवालाहरुले विगत देखि विभिन्न नामले खुला दिशामक्त घोषण पश्चातका क्रियाकलाप गर्दै आएको भएता पनि परम्परागत रुपमा स्थापित रुढीबादी संस्कार, सरसफाइले पुऱ्याउने सकारात्मक प्रभाव प्रतिक् सचेतनाको आभाव, पूर्वाधारको कमी अस्वस्थकर बानी व्यवहार गरिवी आदिको कारण पूर्ण खुला दिशामुक्त अभियान चुनौतिपूर्ण बनेको थियो ।

## २. समस्याको कथन

सहस्राव्दी विकास लक्ष्यका उद्देश्य परिपूर्तिको लागि नेपाल सरकारले सन् २०१७ सम्म पूरै नेपाललाई खुला दिसा मुक्त बनाउने उद्देश्य लिएको छ । त्यसै उद्देश्यलाई परिपूर्ति गर्न खानेपानी तथा सरसफाई मन्त्रालयको अग्रसरता जिल्ला विकास समितिको सहयोगमा साविक गाउँ विकास समितिलाई खुला दिसा मुक्त क्षेत्र घोषण गर्ने काम भएको छ । यसै अन्तर्गत गुराँस गाउँपालिकाका साविकका छ वटा गाउँ विकास समिति खड्कावाडा, वराह, सेरी, गोगनपानी, पीलाडी र लालिकाँडा यस अघिनै खुला दिसा मुत्त क्षेत्र घोषण भई सकेका छन् ।

हाल सामाजिक अभियानको रुपमा सञ्चालित खुला दिसामुक्त अवस्थाका उपलब्धीहरुलाई दिगो रुप दिंदै सरसफाइका अन्य सुविधाहरुको निर्माण, प्रभावकारी सञ्चालन गरी सफा र स्वच्छता कायम गर्न सार्वजनिक र निजी क्षेत्रको सुदृढ साझेदारीमा ग्रामीण र सहरी क्षेत्रमा सरसफाइ र स्वच्छताको निरन्तरताको लागि प्रभावकारी रुपमा संस्थागत क्रियाशीलता, स्तरीय सेवा प्रवाह, सचेतना अभिबृद्धि, व्यापक सामाजिकीकरण, सामुहिक सशक्तिकरण तथा स्व-अनुगमन सम्बन्धी क्रियाकलापहरुको नियमित कार्यान्वयनको आवश्यकता रहेको छ । यसै क्रममा दैलेख जिल्लाको गुराँस गाउँपालिका वडा नं. ४ घोडाबास मिति २०७४ बैशाख ५ गतेका दिने सामाजिक सेवा केन्द्र सोसेक एभरेष्ट क्लवको संयूक्त आयोजनामा सरसफाइ सचेतना कार्यक्रम अन्तर्गत भएको घर दैलो कार्यक्रममा घोडाबास रहेका करिव ६७ घर धुरीमा पुगियो । यसै क्रममा त्यहाँका स्थानीय बासिन्दासंग छलफल तथा प्रत्यक्ष अवलोकनबाट सवैको घरमा पक्की शौचालय रहेको देखिएयो । त्यहाँका स्थानियका अनुसार आज भन्दा तीन वर्ष अगाडी घोडाबास बजारको वरपर हिंड्ने ठाउँ हुदैन्थ्यो तर जिल्ला विकास समितिको समन्वय र खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको सहयोगमा संचालित खुला दिसा मुक्त कार्यक्रमको प्रभाव अनुसार यस ठाउँको मुहार फेरिएको छ ।

## ३. विश्लेषण

'सबैका लागि संधैका लागि सरसफाई' भन्ने उद्देश्यका साथ दैलेख जिल्लाको गुराँस गाउँपालिकमा विभिन्न संघ संस्था र स्थानीयको सकारात्मक सोचको कारण खुला दिसामुक्त अभियान सफल कहलिएको हो । सामाजिक सेवा केन्द्र सोसेक र एभरेष्ट क्लवको संयुक्त आयोजना गरीएको सरसफाइ सचेतना कार्यक्रममा त्यहाँका जनता, राजतिज्ञ, बुद्धिजीवि, शिक्षक, स्थानीय जनताको सक्रिय सहभागीता थियो । उक्त कार्यक्रममा उपस्थीत ८०।८५ जनाको उपस्थिति थियो । यस क्षेत्रमा संलग्न संघ संस्थाले अन्यत्र खुला दिसामूक्त कार्यक्रम संचालन गरेको भएतापनि यहाँको तुलानात्ममा अन्यत्र

प्रभावकारी नरहेको बताए । उक्त कार्यक्रममा भेला भएका अधिकांस जनताको सुझावको आधारमा सबैको घरमा चर्पी अनिवार्य वनाउनु पर्ने यदि चर्पी नभएमा जरिवाना स्वरुप गाउँपालिकाबाट प्रदान गर्ने सेवासुबिधाहरुबाट बञ्चित गर्ने निर्णय गरियो । यसै क्रममा गाउँपालिका स्तरमा र वडा स्तरमा सरसफाई समिति गठन गर्ने निर्णय पनि गरियो । गाउँपालिकाको कार्यकारी अधिकृतको संयोजकत्वमा गाउँपालिका स्तरीय सरसफाइ समन्वय समिति गठन गरिएको र वडा स्तरमा वडा सचिवको संयोजकत्वमा वडा स्तरीय सरसफाई समन्वय समिति गठन गरिनुको साथै सरसफाइ सम्बन्धी चेतनामुलक कार्यक्रम गरियो । यस कार्यक्रमलाई अझ प्रभावकारी वनाउन गाउँपालिको आर्थिक सहयोगमा चेतनामूलक कार्यक्रम संचालनको लागि स्थानीयस्तरमा रहेका एफ.एम. बाट सचेतनामूलक र सूचनामूलक कार्यक्रम प्रसारण गर्ने गरिएको छ । साथै गाउँपालिका भरिनै सडक नाटकबाट पनि चेतना फैलाउने काम भएको छ ।

सरसफाइ मानिसको स्वास्थय र दैनिक जीवनयापन संग प्रत्यक्ष सम्बन्ध रही आएको छ । सरसफाइ सुविधाको समुचित विकास र विस्तारबाट आम मानिसको स्वास्थ्य अभिबृद्धि हुने हुँदा वातावरणीय सरसफाई र स्वच्छता कायम गर्नु आवश्यक छ । नेपालले सन् २०३० सम्म सबैका लागि र संधैका लागि पूर्ण सरफाई अवस्था हासिल गर्ने पर्ने लक्ष्य लिएको छ । उक्त लक्ष्य हासील गर्न स्थानयि तहले मानव मलमुत्र फोहोर व्यवस्थापनको समाबेशी योजना तर्जुमा र कार्यन्वयनमा संयोजन गाउँपालिकाको रहने व्यवस्था छ ।

सरसफाइ सेवामा संलग्न संस्थाहरुको संस्थागत भूमिका र जिम्मेवारीहरु नेपालको संबिधानमा व्यवस्था भएका प्रावधानहरुबाट स्पष्ट छन् । खानेपानी, सरसफाइ र स्वच्छता नीति, ऐन, र क्षेत्रगत विकास योजना (मस्यौदा), पूर्ण सरसफाइ मार्गदर्शन, २०७३, राष्ट्रिय सरसफाइ तथा स्वच्छता गुरु योजना, २०६८ र स्थानीय स्वायत्त शासन ऐन,२०५५ यी सबैले सामुहिक रुपमा नगरपालिकाहरु, गाउँपालिकाहरुको सरसफाइ सेवाहरुको व्यवस्थापनमा मार्गदर्शन र नियमन गर्ने गर्दछन् । यी कानुनी र नीतिगत प्रावधानहरुबाट सरसफाइ, मानव मलमुत्रीय फोहोरको व्यवस्थापन समेतको योजना तर्जुमा र व्यवस्थापनको लागि मुख्य जिम्मेवारी आ-आफ्नो कार्य क्षेत्रभित्र स्थानीय तह (नगरपालिका र गाउँपालिका) को भएको देखिन्छ । राष्ट्रिय सरसफाइ तथा स्वच्छता गुरु योजनामा सरसफाइ कार्यान्वयनका लागि नगरपालिका र गाउँपालिकाहरुलाई कार्यान्वयनका तल्लो इकाई रुपमा रहका छन् । भूमिका र जिम्मेवारीको आधारमा नगरपालिका र गाउँपालिकाहरुले स्थानीय परिप्रेक्ष्यमा आवश्यक परेमा मानव मलमुत्रीय फोहोरको व्यवस्थापनका लागि विशेष विनियमको तर्जुमा गर्न सकिने व्यवस्था गरेको छ । धेरै स्थान/क्षेत्रहरुलाई खुला दिसामुक्त घोषणा गरेपछि संघीय सरकार, स्थानीय तह ( नगरपालिका र गाँउपालिका), समुदाय र घरधुरीहरुले मानव मलमुत्रीय फोहोर को व्यवस्थापन गर्ने कार्य विकासको एजेण्डाको रुपमा अगाडि बढाई पूर्ण सरसफाइ तर्फ उन्मुख भइरहेका छन् । मानव मलमुत्रीय फोहोरको सही व्यवस्थापन बिना सुधारिएको सरसफाइ र स्वच्छता प्रयाप्त र दिगो हुँदैन । त्यसैले, पानीका स्रोतमा परेको प्रदूषणको भारलाई कम गर्न किफायती र दिगो उपायहरुको खोजी गर्नुपर्ने भएकोछ । मानव मलमुत्रीय फोहोरको व्यवस्थापनको लागि नियामक र संस्थागत रुपमा सबलीकरण, तालिम र शिक्षा, व्यवसायिक योजनाको विकास र कार्यान्वयन, संभाव्य समाधानका उपायहरुको प्राविधिक र वित्तीय विश्लेषणका साथै सेवा प्रवाह र सञ्चालन तथा मर्मत संभारमा दिगोपना आवश्यक छ ।

## ४. खुला दिशा मुक्त अभियानलाई सफल बनाउनका लागि गरिएका पहल

मानव मलमुत्रको सुरक्षित विर्सजनगरी स्वस्थ र स्वच्छ जीवन यापन गर्नु आवश्यक छ । जनस्वास्थ्य र प्रतिष्ठा प्रवर्द्धनका लागि गरिएका विभिन्न स्वस्थकर क्रियाकलापहरुको समग्र कार्य एवं प्रकृया स्वस्थ जीवन यापन गर्न सहयोग गर्छ । साथै जोखिमपूर्ण अवस्था (खाना खानु अघि, खाना खाएपछि, दिसा गरेपछि, विरामीको हेरचाह एवं बच्चाको दिसा, गाईबस्तुको मलमुत्र व्यवस्थापन गरेपछि) साबुन पानीले हात धुने र चर्पी निर्माण, प्रयोग तथा यसको मर्मतसंभार मात्र नभइ व्यक्तिगत, घरायसी र वातावरणीयका साथै मानिसको बानी व्यवहार परिवर्तन हुनुपर्दछ । मानिसको स्वास्थ्य र दैनिक जीवनयापनसंग सरसफाइ सुविधाको प्रत्यक्ष सम्बन्ध रही आएको छ । सरसफाइ सुविधाको समुचित विकास तथा विस्तारबाट आम मानिसको स्वास्थ्यमा अभिवृद्धि हुने हुँदा वातावरणीय सरसफाइ र स्वच्छताका माध्यमबाट मानव जीवनस्तरमा सुधार गर्नका लागि तपसिलका प्रयास गरिएको छः-

- सरोकारवाला संघ संस्था र स्थानीय वासीको सक्रिय सहभागिता र क्रियाशीलतालाई निरन्तरता दिई खुला दिसामुक्त अवस्थाको दिगोपना कायम गर्ने प्रयास गरेको ।
- शिक्षा, स्वास्थ्य, खानेपानी, पोषण, वातवारण सम्बन्धी जनचेतना बढाउनुको साथै सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने काम गरेको ।
- घर बनाउँदा शौचालय अनिबार्य बनाउने व्यवस्था गरियो । नत्र स्थानीय तहबाट प्रदान गर्ने सेवा सुविधाबाट बञ्चीत गर्ने
- विद्यालय एवं स्वास्थ्य संस्था लगायत विभिन्न सार्वजनिक निकाय तथा संघसंस्था र सार्वजनिक स्थलमा सरसफाइको उचित व्यवस्थापनमा जोड गरको ।
- विभिन्न संघ संस्थासंग समन्वय गरी पेन सेट लगाएत ट्वालेट निर्माण सामग्रीहरु सहुलियतमा उपलब्ध गराउने व्यवस्था मिलाएको ।
- स्वच्छ बानी व्यवहार प्रवर्द्धनको लागि नियमित टोलटोलमा सचेतनामूलक कार्यक्रम संचालन गर्ने काम गरेको ।
- पूर्ण सरसफाइको अवस्थामा पुगनका लागि खाने पानीको व्यवस्थापनको लागि पहल गरेको ।

## ५. खुला दिसामुक्त अभियानलाई अझ सफल बनाउन गर्नुपर्ने भावी योजनाहरु

यस गुराँस गाउँपालिकालाई स्वच्छ, सफा बनाई दैलेख जिल्लाको नमुना गाउँपालिकाको निर्माण गर्न खुला दिसामुक्त अभियानलाई सपल बनाउन आवश्यक छ । यसलाई सफल बनाउन संस्थागत र व्यक्तिगतरुपमा तपशिलका कुरामा प्रतिवद्ध हुन आवश्यक छ ।

- प्रत्यक घरमा अनिवार्य रुपमा चर्पी बनाउनु पर्ने चर्पी नहुनेको घरलाई गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट वञ्चीत गर्ने,
- सम्पूर्ण नागरिकलाई स्वच्छ खाने पानी र सरसफाईको सुनिश्चितता गर्ने,
- आयस्तर कम भएका नागरिकलाई अनुदान स्वरुप चर्पीका सामानहरु उपलब्ध गराउने,
- करेसाबारीको सरसफाइ, खानु अघि र खाइ सकेपछि, चर्पीको प्रयोग गरिसके पछि साबुन पानीले हात धुनुपर्छ भन्ने चेतना अभिवृद्धि गर्न चेतना मुलक कार्यक्रम संचलन गर्ने,
- स्थानीय तहमा संचालन हुने सरसफाइ सम्बन्धी क्रियाकलापको नेतृत्व गर्ने
- खानेपानी तथा सरसफाई सम्बन्धी नीति र रणनीति बनाई कार्यन्वयन गर्ने गराउने,
- विद्यायालय, सडक जस्ता सार्वजनिक स्थल वरपर सार्वजनिक शौचालयको निर्माण गर्ने,
- उपयूक्त ठाउँमा ल्याण्डफिल साइडको निमार्ण गरि कुहिने र नकुहीने फोहोरको वर्गिकरण गरि उचित व्यवस्थापन गर्ने,
- प्लाष्टीकजन्य फोहोरको न्यूनीकरणको लागि चेतनामुलक कार्यक्रम संचालन गर्ने,
- एकिकृत फोहोर मैला व्यवस्थापन सम्बन्धी योजना बनाउने ।

## ६. निष्कर्ष

गाउँपालिका भित्रको सरसफाइ प्रवद्धन गर्ने तथा जनचेता अभिबृद्धि गर्न समन्वय गर्ने प्रमुख भूमिका कार्यकारी अधिकृतको हो । विभिन्न परम्परागत मूल्य मान्यतलाई पछि पार्दै यहाँका जनतामा चर्पी अनिबार्य वनाउनु पर्छ भन्ने मान्यताको विकास भएको छ । समाजमा सचेतनामूलक कार्यक्रमको साथ सहयोगी भावना भएका जनताको वाहुल्यताले खुला दिसामुक्त अभियान सफल भएको हो । यस कार्यलाई देश व्यापी सफल वनाउनको लागि जनतालाई थप उत्साह, हौसला बढाउनु आवश्यक छ । मानव मलमुत्रीय फोहोरको सही व्यवस्थापन विना स्वच्छता र सरसफाई दिगो र प्रयाप्त हुँदैन । धेरै स्थानमा खुला दिसामुक्त घोषणा गरी समूदायलाई स्वच्छ सफा बनाउनुको साथै मानव मलमुत्र फोहोरको व्यवस्थापन गर्ने कार्य विकासको एजेण्डाको रुपमा अगाडी बढाउनु पर्ने छ । त्यसैले, पानीका स्रोतमा परेको प्रदूषणको भारलाई कम गर्न किफायती र दिगो उपायहरुको खोजी गर्नपर्ने भएकोछ । मानव मलमुत्रीय फोहोरे व्यवस्थापनको लागि नियामक र संस्थागत खाकालाई सबलीकरण, तालिम र शिक्षा, व्यवसायिक योजनाको विकास र कार्यान्वयन, संभाव्य समाधानका उपायहरुको प्राविधिक र वित्तीय विश्लेषणका साथै सेवा प्रवाह र सञ्चालन तथा मर्मत संभारमा दिगोपना आवश्यक छ । जसले खुला दिसामुक्त अभियानलाई साचिँकै सफल कार्यक्रम बनाउन सहयोग गर्छ ।

# अंशवण्डामा मालपोत कार्यालय, नापी कार्यालय र जिल्ला अदालतको सहकार्य

**सावन कुमार चौधरी**

## १. सन्दर्भ

कुनै पनि व्यक्तिको नाममा रहेको चल/अचल सम्पत्तिलाई सो व्यक्तिको सबैभन्दा नजिकको हकदार वा अंशियारमा स्वामित्व हस्तान्तरण हुने प्रकृयालाई अशंवण्डा भनिन्छ । साधारणतया अशंवण्डाको सहमति घर परिवारका सदस्यहरु बिच गाँउ छरछिमेकीको उपस्थिति तथा रोहवरमा घरमै गर्ने गरिन्छ र सहमती पश्चात कानुनी प्रकृयाको लागि सेवाग्राही मालपोत कार्यालयमा पुग्ने गर्दछन् । घरमै गाँउ समाजको उपस्थितिमा सहमति नभएको अवस्थामा भने हक खोज्दै अंशियारहरु अदालत धाउने गर्दछन् । अदालतको फैसला बमोजिम हकवाला अंशियारको नाममा मालपोत कार्यालयले दाखिल खारेजी गर्ने गर्दछ र जग्गाधनीको नाममा श्रेस्ता खडा गरी कानुनी तवरले सो अंशियारलाई अंशवण्डा गरिदिन्छ ।

पिता ससे कवर र माता मोती कवरको मृत्यु पश्चात् छोराहरु क्रमशः भुले, बले र वीरे कवर पैतृक सम्पत्तिको हकदार रहेको देखिन्छ । ससे र मोतीको सन्तानमध्ये छोरीहरु क्रमशः पवित्री, आइती र रतीको विवहा भैसकेको हुनाले छोरीहरु पैतृक सम्पत्तिको हकदारको रुपमा देखिदैनन् । छोराहरुमध्ये जेठो छोरा बलेको विवहा नहुदै मृत्यु भएको, माइलो छोरा भुलेको विवहा कृष्णीसंग भएको र सो दम्पत्ति बाट दुई छोरा जेठो चन्द्रे र कान्छो भ्कुल्पेको जन्म भएको तथा हाल भुले दम्पत्तिको पनि मृत्यु भएको कुरा कागजातहरुबाट प्रमाणित हुन्छ । कान्छो छोरा वीरे विवाहित तर निःसन्तान रहेका छन् । पिता ससे कवरको मृत्यु पश्चात सम्पूर्ण जग्गा माता मोती कवर र छोराहरु भुले, बले र वीरे कवरको संयुक्त नाममा २०४५ साल श्रावण १७ गते नामसारी भएको प्रमाण मालपोत कार्यालय रुकुमका जग्गाधनी दर्ता श्रेस्ता बाट प्रष्ट हुन्छ । सबै कागजात हेर्दा अब सम्पूर्ण पैतृक सम्पत्तिको एक भाग विरे र अर्को भाग बलेको छोराहरु चन्द्रे र भ्कुल्पेको रहने गरी दुई भाग लगाउनु गर्ने देखिन्छ । वीरे कवरको यो न्यायिक प्रकृयाको क्रममा मालपोत कार्यालयको एकल प्रयासले मात्र अंशवण्डा सम्भंव भएको होइन । यो प्रकृयामा मालपोत कार्यालय संगै नापी कार्यालय र जिल्ला अदालतको पनि उत्तिकै सहयोगी भूमिका भएको कारण सम्पूर्ण काम फत्ते भएको कुरा यहाँ विश्लेषणका क्रममा स्वतः स्पष्ट हुने छ । जिल्ला अदालतको फैसला मालपोत कार्यालयमा जाने र सो बमोजिम मालपोतले कित्ताकाट गर्न नापीलाई पत्र काट्ने र पुनः मालपोतले सो कित्ताकाट अनुसार दाखिल खारेज गर्ने गरेको सम्पूर्ण प्रकृयालाई यहाँ बिस्तृतमा प्रस्तुत गरिएको छ । त्यसैले यो मामला कुनै काम सम्पन्न गर्नको लागि अन्तर निकाय समन्वयको आवश्यकता पर्दछ भन्ने कुराको ज्वलन्त उदाहरण पनि हो ।

## २. समस्याको कथन

वीरे कुवरले आफ्नो भागमा आउने सम्पूर्ण पैतृक सम्पत्तिको दुई भागको एक भाग मलाई छुट्याई अंशवण्डा गरौ भन्दा आफ्नो दाईको छोराहरुले अंश नदिएपछि वीरे कवर समस्यामा परेका थिए । बुझ्दै जादा वीरे कवरले अंश मुद्दा जिल्ला अदालत रुकुममा दायर गर्दा आफुले न्याय पाउने कुरा थाहा पाए पछि जिल्ला अदालत रुकुममा अंश मुद्दा दायर गरी अदालतको फैसला बमोजिम विरे कवरलाई मालपोत कार्यालयले जग्गाधनी पूर्जा दिलाइएको सन्दर्भ यहाँ प्रस्तुत गरिएको हो । पहिलो : न्याय प्राप्तिमा वीरे कवरले लामो समय अदालत धाउनु पर्ने भएको कारण साह्रै सास्ती खेप्नु परेको, दोश्रो : विरे कवरको खर्च बढेको र तेश्रो : न्याय प्राप्तिमा लामो समय लाग्दा सो समयको दौरान वीरे कवर स्वंयम् न्याय पाउने हो वा होइन भन्ने कुरामा सशंकित रहेको कुरा विरे कुवर संगको कुराकानी बाट थाहा हुन आयो । आफुले गर्न सक्ने काम पनि कागजात तथा अन्य प्रकृया जटिल हुने हो कि भन्ने भयले विरे कवरले लेखनदास भेष बहादुर भण्डारीलाई वारिसनामा दिई काम सहज गराउदा वीरे कवरले पारिश्रमिक स्वरुप भण्डारलाई पैसा खर्चकोले वीरे कवरलाई आर्थिक भार पनि थपिएको छ ।

## ३. विश्लेषण

रुकुम जिल्ला त्रिवेणी गा.वि.स वार्ड न. २ का ढलमित कवरको नाती ससे कवरको छोरा वीरे कवर तीन दाजुभाई मध्धेका कान्छा हुन् । हजुरबा र पिताको मृत्यु पश्चात सम्पूर्ण पैतृक सम्पत्ति माता मोति कवर र तिन भाई छोराको संयुक्त नाममा नामसारी भयो । पछि माता मोति कवरको पनि मृत्यु भयो । तिन भाई छोरा मध्ये भुलेको पनि मृत्यु भयो, जो अविवाहित थिए त्यसैले भुलेको तर्फबाट कोहि कसैले

पनि सम्पत्तिको हकदावी गर्ने विषय रहेन । अर्को दाई बलेको पनि मृत्यु भयो तर उनका दुई छोराहरु चन्द्रे र भुल्पे छन् । वीरे विवाहित तर निःसन्तान छन् । यसरी हेर्दा अब मोती कवर र तीन जना छोराहरुको नाममा रहेको जग्गा दुई भागमा अंशवण्डा गर्नु पर्ने भयो ।  विरे कुवरले आफ्नो दाजु बलेका छोराहरु चन्द्रे र भुल्पेलाई आफुले पाउने अंशको हकदावी गरी माग्दा उनीहरुले अहिले अंश दिन आनाकानी गरे । उनिहरुको तर्क अनुसार विरे निःसन्तान रहेको कारण विरेको शेष पछि सम्पत्ति खाने हामी नै हौ भनेर अशं वण्डा गर्न मानेनन् । विरेको भने मेरो सम्पत्ति मलाई बुढेशकालमा जस्ले हेरचाहा गर्छ उसैलाई दिन्छु वा खेति गर्न नसके बेचेर जीवन निर्वाह गर्छु भन्ने तर्क छ । यसबाट विरे कवर निःसन्तान भएको कारणले बुढेसकालमा सुरक्षाको ग्यारेन्टि खोजेको प्रतित हुन्छ । अतः विरे र दाजु भुलेका छोराहरुबीच समभ्रुदारी हुन नसक्दा यो मामलाले मुद्दाको रुप लियो । तसर्थ मुद्दा अदालतमा पुग्यो र कानुनी प्रकृया अघि बढ्यो ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, २०२० को अदालती बन्दोवस्तको २९ नंवरले दिएको अधिकार भित्र रहेर मुद्दालाई हेर्दा मेरो भागमा कानुन बमोजिम आउनु पर्ने पैतृक सम्पत्ति मेरो नाममा नामसारी गरी पाँउ भनि अंश खोज्दा तिमिलाई अंश दिन्नौ जो गर्नु पर्छ गर भनि जवाफ दिएको हुँदा विरे कवरले भुलेका दुई छोराहरु चन्द्रे र भुल्पेलाई प्रतिवादी बनाई जिल्ला अदालत रुकुममा मिति २०७२/११/२ गते मुद्दा दायर गरेका थिए । अदालतबाट प्रतिवादीहरुलाई दिएको ३० दिने म्याद भित्र कुनै प्रतिक्रिया आएन । २०७२/२/१७ गते प्रतिवादीहरुलाई आफ्नो जिम्माको फाँटवारी मालपोत बाट भिकाई अदालतमा बुझाउनु भनि ३५ दिने सूचना म्याद जारी भयो । मुलुकी ऐन, २०२० अंश वण्डाको २०, २१, २२ र २३ नंवर बमोजिम वादी प्रतिवादीको जिम्मामा रहेको के कति सम्पत्ति वण्डा गर्नु पर्ने हो निर्क्यौल अदालत द्वारा हुन्छ । वण्डा योग्य सम्पत्ति अदालतमा पेश गर्नको लागि प्रतिवादीहरुलाई दिइएको समयमा प्रतिवादीहरु अदालतमा उपस्थित भएनन् । वादी द्वारा पेश भएका कागजातहरुको प्रमाणको आधारमा अदालती बन्दोबस्त (फैसला) १८६ नं. मा दिइएको अधिकार प्रयोग गरी अदालतबाट वादी विरे कवरले सम्पूर्ण पैतृक सम्पत्तिको दुई भागको एक भाग अंशवण्डा छुट्याई लिन पाउने गरी मिति २०७२/५/२७ गते फैसला भयो ।

मालपोत ऐन, २०३४ को परिच्छेद-३ मा जग्गाको दर्ता र रजिष्ट्रेशन गर्ने काम अन्तर्गत ८. ख मा घर जग्गा रोक्का वा फुकुवा गर्ने भनि उल्लेख गरिएको छ । यसकै बुदा नं. २ मा प्रचलित कानुन बमोजिम कुनै अड्डा, अदालत वा सरकारी कार्यालयबाट कुनै घर जग्गा रोक्का राख्न वा त्यस्तो रोक्का राखिएको घर जग्गा फुकुवा गर्न लेखी आएमा मालपोत कार्यालयले लेखी आए बमोजिम त्यस्तो घर जग्गा रोक्का वा फुकुवा गरिदिनु पर्छ भनि कानुनी व्यवस्था छ । सोही व्यवस्थाको आधारमा मिति २०७२/२/६ गते अदालतको फैसला अनुसार मालपोत कार्यालयमा सम्पूर्ण जग्गालाई रोक्का राखियो र सोहि मितिमा अदालतले डोरमा गई वण्डा मुचुल्का तयार गर्न आदेश दियो । मिति २०७२/११/१६ गते डोरबाट मुचुल्का खडा भयो । कोर्ट फी मा लागेको खर्च रु.७,६१६। (सात हजार छ सय सोह्र) प्रतिवादीले वादीलाई बुझाउनु पर्नेमा सो नबुझाएपछि सो रकम बराबरको कित्ता नं. ३८८ बाट ०-३-०-२ ( रोपनी-आना-पैसा-दाम) क्षेत्रफलको थप जग्गा वादीको नाममा जाने गरी डोरले वण्डा मुचुल्का खडा गरिदियो । मिति २०७२/१२/२१ को जिल्ला अदालतले मालपोत कार्यालय रुकुमलाई रोक्का रहेको जग्गा यो अंश मुद्दाको कारण बाहेक अन्य कारणले रोक्का राख्नु पर्ने कारण नभएमा फकुवा गरिदिनु र वण्डा मुचुल्का अनुसार दाखिल खारेज गरिदिनु भनि पत्राचार गऱ्यो । संगै सोही जानकारी वण्डा मुचुल्का बमोजिम र अदालतको आदेश अनुसार तपाईको भागमा परेको सम्पत्ति दाखिल खारेज, नामसारी गराई भोगचलन गर्नुहोला भनि बोधार्थ विरे कवरलाई पनि दिइयो । सोही मितिमा वादी विरे कवरले मालपोत कार्यालयमा अदालतको फैसला अनुसार अंशवण्डा गरी पाँउ भनि सम्पूर्ण प्रमाण, कागजात र बिवरण सहित निवेदन दिए ।

जग्गा प्रशासन निर्देशिका, २०५८ को परिच्छेद ३ मा जग्गा दर्ता सम्बन्धी कार्यविधि उल्लेख गरिएको छ । परिच्छेद ३ को ७१ मा अदालतको फैसला वा मिलापत्र बमोजिम जग्गा दर्ता गर्ने तथा ७१ को बुँदा ( घ) मा नापीको कित्ता नं. उल्लेख भै फैसला भएकोमा : नाप नक्सा भएपछि मुद्दा परी नापीको कित्ता नंम्वर उल्लेख गरी सो जग्गाको हक कायम वा दर्ता हुने गरी अदालतबाट भएका अन्तिम फैसला बमोजिम जग्गा दर्ताको लागि माग भएकोमा सो दर्ताको लागि अदालतबाट पूर्जी भै आएको र कार्यालयको श्रेस्ता बाट दर्ता माग दावीको जग्गा सरकारी वा सार्वजनिक महलमा दर्ता भएको नदेखिएमा सो फैसलाको आधारमा दर्ता गरिदिनु पर्छ भन्ने व्यवस्था छ । सोही निर्देशिकाको परिच्छेद ९ मा दाखिल खारेज सम्बन्धी कार्यविधि उल्लेख छ । परिच्छेद ९ को २२८ नं. मा फैसला वा मिलापत्र

बमोजिम दाखिल खारेज को बुँदा (क) मा अदालतबाट भएको मिलापत्र बमोजिम दाखिल खारेज माग गरेकोमा मिलापत्र भएको जनाउ पूर्जी प्राप्त नभै दाखिल खारेज गर्न मिल्दैन । मुलुकी ऐन, २०२०, दण्ड सजाएको ४४ नं. बमोजिम दाखिल खारेज गरिदिने अड्डाको नाउँमा पूर्जी लेखी पठाई दिने भन्ने ब्यवस्था अनुसार त्यस्तो फैसला वा मिलापत्रको आधारमा दाखिल खारेजको माग भएकोमा सम्बन्धित अदालतबाट त्यसको जनाउँ पूर्जी प्राप्त भै फैसला वा मिलापत्रको रितपूर्वको नक्कल पेश भएपछि दाखिल खारेज गरी दिनुपर्छ भन्ने व्यवस्था छ ।

जग्गा प्रशासन निर्देशिका, २०५८ र मालपोत ऐन, २०३४ को कानुनी अधिकार प्रयोग गरी सो निवेदन उपर कारबाही गर्दै २०७३/५/२२ मालपोत कार्यालयको मुद्दा फाँटले कित्ताकाट गर्नु पर्ने जग्गा रहेको साविकको गा.बि.स, वाड नं., जग्गाको कित्ता नं., क्षेत्रफल र कित्ताकाट गरे पश्चात् कायम हुने जग्गाको कित्ता नं., क्षेत्रफल, दिशा र कायम हुने जग्गाधनीको नामसहित नापी कार्यालय, रुकुम लाई कित्ताकाट गरी पठाईदिनु भन्ने ब्यहोरा उल्लेख गरी पत्र काट्यो । मिति २०७३/१/५ गते नापी कार्यालयले मालपोत कार्यालयको पत्र अनुसार सम्पूर्ण विवरण खुलाई कित्ताकात गरी पुनः मालपोत कार्यालयलाई पत्र पठायो । मिति २०७३/१/७ गते मालपोत कार्यालय रुकुमलाई नापी कार्यालयको पत्र प्राप्त भैसकेको र तत्काल त्यसको कारवाही अगाडि बढाइयो । मोठ फाँटमा उल्लेखित जग्गा रोक्का रहेको/नरहेको तथा सम्पूर्ण प्रमाणहरु भिड्छ/भिड्दैन सो हेरी रोक्का नरहेको तथा सम्पूर्ण प्रमाणहरु भिडेको अवस्थामा अदालतको फैसलको फेहरिस्त, सनाखत सहितको वण्डा मुचुल्का, मालपोत तिरेको रसिद, मिति, च.नं. र प.सं. खुलेको मालपोतले नापीलाई तथा नापीले कित्ताकाट गरी मालपोतलाई पठाएको पत्र, वादी वीरे कवरको नागरिकता तथा अन्य आवश्यक प्रमाणहरुको एक एक प्रति नक्कल सहित सम्पूर्ण बिवरण तथा ब्यहोरा खुलाई अदालतको फैसला बमोजिम दाखिल खारेज गर्नु भन्ने विषयमा टिप्पणी तथा आदेश उठ्यो । उपर्युक्त टिप्पणी तथा आदेश अनुसार मोठ फाँटमा जग्गाको दाखिल खारेज कारवाही अन्तिम चरणमा पुग्यो र तत्पश्चात मालपोत कार्यालय रुकुमको जग्गाधनी श्रेस्ता किताबमा जग्गाधनी वीरे कवरको नाम उल्लेख गरी सम्पूर्ण जग्गाको दुई भागको एक भाग दाखिन हुन आयो ।

### ४. समस्या समाधानको पहल

घरमै मिल्न नसक्दा अनावश्यक दुःख, झमेला हुनुका साथै आर्थिक नोक्सानी पनि भएको देखिन्छ । यो समस्या आउनै नदिन के गर्न सकिन्थ्यो ? समस्या श्रृजना भई सके पछि कुन तहमा कस्ले कस्तो किसिमको पहल गर्न सक्थ्यो ? भन्ने जस्ता बिषयमा केही सवालहरुलाई यहाँ प्रस्तुत गरिएको छ । खैर, सो समस्याको समाधान भै सकेको छ तथापि यी सवालहरुले यस्तै अरु मामला समाधान गर्नको लागि टेवा पुऱ्याउने कुरामा विश्वास गर्न सकिन्छ ।

- गाँउमा रहेका भद्र भलाद्मीको रोहवरमा अशंवण्डा गर्न थप पहल गर्ने गर्न सकिन्थ्यो ।
- अदालतमा जानु अघि विरे कवरले जिल्ला प्रशासन कार्यालय, सल्यानमा ठाडो उजुरी मार्फत न्याय माग्न सक्दथे र सो गरेको भए प्रशासनले छिटो न्याय दिलाउन सक्दथ्यो ।

अंश खोज्न मालपोत कार्यालय आएपछि मालपोत कार्यालयमा वीरेको मौखिक आग्रहमा मोठ हेर्ने काम भयो । जग्गा धनी श्रेस्तामा आमा र तीन भाई छोराको नाममा संयुक्त पूर्जा रहेको कुरा दर्शाइ जग्गाको कित्ता नं. र क्षेत्रफल थाहा पाउन सहयोग गरियो । त्यसैको आधारमा विरे कवरलाई अदालतमा मुद्दा दायर गरी अदालतको फैसला बमोजिम जग्गाधनी पूर्जा दिलाउन सकिने कुरा स्पष्ट पार्दै मुद्दा लड्दा सहज होस् भनेर कोही लेखापढी गर्ने ब्यक्तिको सहयोग लिन सकिन्छ भनेर राय पनि ब्यक्त गरियो । त्यसै अनुरुप कवरको वारिसनामा लिई भेष बहादुर भण्डारीले विरेको तर्फबाट पैरवी गरेका हुन् । साथै अदालती प्रकृया पछि पनि मालपोत कार्यालय र नापी कार्यालयको काम र प्रकृयाको बारेमा विरे कवरलाई जानकारी दिईसेवा लाई अनुमानयोग्य बनाउनको लागि पनि मालपोत कार्यालयकोतर्फबाट पहलकदमी भयो ।

### ५. निष्कर्ष

२०७१ साल फागुन महिनामा सुरु भएको मुद्दा करिव १५ पहिना पछि २०७३ साल बैशाखमा कानुनी तवरले जग्गा वीरे कवरको नाममा नामसारी भयो । वादी वीरे कवरले आफ्नो नाममा आएको जग्गा र न्याय सराहनीय हुँदा हुँदै पनि १५ महिना सम्म निरन्तर लड्नु समयको हिसाबमा निकै लामो मान्न सकिन्छ । सरकारी निकायको काम ढिला-सुस्ती र प्रक्रियामुखी भएको कुरालाई यो मामलाले बल

पुऱ्याएको देखिन्छ । यस्तो प्रकृतिको कामलाई सरल र छोटो बनाउनु पर्ने देखिन्छ । त्यसको लागि प्रतिवादिलाई दिइने म्याद लाई कम गराउने, कार्यालयहरुबिच हुने पत्रको आदान प्रदान लाई इमेल इन्टरनेटको माध्यमबाट संप्रेषण गर्ने गरेमा कार्यसम्पादनमा छिटो हुन्छ । त्यसैले मुलुकी ऐन, २०२०, न्याय प्रशासन ऐन, २०४८, मालपोत ऐन, २०३४, जग्गा प्रशासन निर्देशिका, २०५८ तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ लाई समयानुकुल संशोधन गर्नु पर्ने देखिन्छ । कुनै पनि काम गर्नको लागि अन्तर निकाय समन्वय हुनु पर्दछ र यस्तो सहकार्य नेपालको प्रशासनमा विद्यमान रहेको ज्वलन्त उदाहरणको रुपमा पनि यो मामलालाई उभ्याउन सकिन्छ । सेवाग्राहीले लिने सेवाको किसिम हेरिकन सेवा लिनको लागि दुई वा सो भन्दा बढी निकायमा धाउनु पर्ने पनि हुन सक्छ । एउटा निकायको काम अर्को निकायको सहयोग बेगर नहुन सक्छ त्यस्तो अवस्थामा एकले अर्को निकायको सहयोग, समन्वय र सहकार्य को आवश्कता पर्ने हुन्छ । कार्यालयहरु बिच सहयोग, समन्वय र सहकार्य भएमा सेवाग्रहीले चाहेको सेवा सरल र सहज तवरले प्राप्त गर्न सक्दछन ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
जावलाखेल, ललितपुर
पो. ब. नं २१५२
फोनः +९७७-०१-५५२२००२, ५५२२१६०, ५५२३५१४
फ्याक्सः +९७७-०१-५५२४९०६
ईमेलः info@nasc.org.np
वेभः www.nasc.org.np

Available online http://www.nasc.org.np
© 2018 Nepal Administrative Staff College

ISSN 2467-9127 (print)
ISSN 2467-9135 (online)